वर्ष १, अङ्क १, पूर्णाङ्क ८१, साउन २०७४
प्रेस काउन्सिल नेपालद्वारा 'क' वर्गमा वर्गीकृत मासिक पत्रिका

ॐ

Agnichakra National Monthly

# अग्निचक्र

ॐ



सतगुरु गोरखनाथ बाबा

www.agnichakranews.com राष्ट्रिय मासिक



८१ औं यात्रा

- १४ सय किलोमिटरमा प्रधानमन्त्रीको ध्यान जाओस्
- कर्तव्यको पालन नगर्ने भोगको उपभोग गर्ने शासक
- सत्य कुरा बोल्न बडो मजा आउँछ
- राजनीति समाजको उन्नतिका लागि नभई नहुने विषय हो
- राष्ट्रिय समृद्धिका लागि समावेशी उदारवाद
- अग्निचक्रसँग साहित्यिक स्रष्टा उर्मिला लामिछाने

ISSN 2362-1109
9772362110000

1

# लोकतन्त्रको विकासका लागि शान्ति अनिवार्य शर्त हो। त्यसैले राष्ट्रिय शान्ति कायम गर्न सबैले यथोचित योगदान दिऔं।

## नेपाल सरकार

## सूचना तथा सञ्चार मन्त्रालय

## सूचना विभाग

वर्ष ९ अङ्क १ पूर्णाङ्क ८१

By the Grace of God
Edited & Published by L.N. Bhattarai

संरक्षक : प्रभा राज्यलक्ष्मी राणा

Agnichakra National Monthly
अग्निचक्र
राष्ट्रिय मासिक

का.जि.प्र.द.नं. ३२/०६६/६७
स्थायी लेखा नं. (PAN) : ३०३८२५१२२

॥ का.म.न.पा. ३, काठमाडौँ, नेपाल ॥

सम्पर्क कार्यालय :- का.म.न.पा. - ३२, डिल्लीबजार, काठमाडौँ
फोन: ०१-४३७७७१०
९८५१०-४०३३०
agnichakramasik@gmail.com
www.agnichakranews.com

ISSN:2362-1109

**सम्पादक / प्रकाशक**
लक्ष्मीनारायण भट्टराई

**चिफ एडभाइजर**
दुर्गाप्रसाद आचार्य

**डाइरेक्टर**
गोपाल घिमिरे

**सल्लाहकार**
प्रा.डा. करबीर नाथ योगी
डा. पदमराज पन्त
डा. कमल शर्मा लम्साल
डा. घनश्याम खतिवडा
विनयकुमार शर्मा नेपाल
आर. एच. दाहाल
रोशन श्रेष्ठ
पुण्य आचार्य

**कानूनी सल्लाहकार**
अधिवक्ता लक्ष्मण आचार्य

**व्यवस्थापक**
कमला मिश्र

**संवाददाता / सहयोगी**
के. एम. भट्टराई / वशिष्ठ भलना

**फोटोग्राफर**
अग्निप्रसाद निरौला

**प्रमुख वितरक**
यज्ञ न्यौपाने (उपत्यका)
एन.ए.डिस्ट्रिब्युटर्स (उपत्यकाबाहिर)

**कम्प्युटर लेआउट**
एक्स्ट्रा प्रिन्ट आउट
पुतलीसडक, ९८४१३९६९९८

**मुद्रण**
एस.पी. प्रेस,कामनपा-३१

# १४ सय किलोमिटरमा देउवाको ध्यान जाओस्

अर्को दलको नेतालाई शत्रु देखाएर आफू चाँहि प्रगतिशील शक्ति देखिने ध्याउन्नमा लागेका एमाले र माओवादी नेतृत्वको कार्यशैली हेर्दा कोही पनि असली कम्युनिष्ट होइनन् भन्ने शब्द प्रयोग गर्ने हो भने केही असर पर्दैन नै । एमाले 'गाजर जस्तै देखिने रातो मुला' र माओवादी 'उग्रवादी अन्ततः दक्षिणपन्थीकै सेवा गर्ने' यी शब्दहरू एमाले र माओवादीले पौठेजोरी खेल्दा प्रयोग गर्ने गर्छन् । काठमाडौंका खाल्डा-खुल्डी १५ दिन भित्र पुर्ने निर्देशन दिएका प्रधानमन्त्री देउवा सफल भएनन् । १५ दिन बित्दा पनि खाल्डाहरू पुरिएको पाइएन । देउवाको कार्यकाल सफल होला जस्तो अग्निचक्रलाई चाहि लागेन ।

देउवाको विगत हेर्दा र उनको हरेक कार्यकालको अन्तिम क्षण सम्झने हो भने उनलाई एक भाग्यमानी प्रधानमन्त्री भन्न सकिन्न । नेपाल सरकार मातहत रहेका कर्मचारी वर्गलाई सही ट्र्याकमा ल्याउँन पनि सरकार सफल भएन । संघीयताको अभ्यास स्वीकार गर्न सरकारी कर्मचारीलाई साह्रै कठिन भएको देखिदै गएको छ । वर्तमान र पूर्वकर्मचारीहरूको भित्री मनसाय बुझ्ने हो भने उनीहरूलाई संघीयता मन परेकै छैन । व्यक्तिगत स्वार्थमा नेता र मन्त्रीहरू रसास्वादन गर्न मै व्यस्त देखिन्छन् ।

यो मुलुकलाई माया गर्ने राष्ट्रवादी नेता को हो ? भनेर प्रश्न गर्नु पर्ने स्थिति आउदै गरेको छ । प्रधानमन्त्री देउवा भारततर्फ ढल्केको छनक देखिदै गएको छ । चीन र भारतलाई समदुरी कोणबाट हेर्न देउवालाई इच्छा छैन । किन हो किन उनी दक्षिणतर्फकै प्यारा हुन चाहिरहेका छन् । यी प्रश्न उठ्नु स्वभाविकै छ । किन ? त भन्दा केपी ओली प्रधानमन्त्री भएका बखत चीनसँग भएका दशवटा सम्झौता र पन्ध्र बुँदे संयुक्त वक्तव्यलाई अहिलेको देउवा सरकारले अगाडी बढाउने कार्यलाई पटक्कै ध्यान दिएको देखिएन । यसर्थ, देउवा दक्षिणका प्यारा हुन् भन्न सजिलै सकिन्छ ।

भारत भ्रमण गर्न रूचाउने देउवाले चीन भ्रमणमा जान मिल्दैन त ? चीनसँग ओलीले गरेका सहमति र सम्झौता कार्यान्वयन गर्ने हो भने त्यसको बढी लाभ नेपाललाई नै हुन्छ भन्ने कुरा थाहा पाउँदा पाउँदै किन देउवा यसबारे मौन छन् त ? नेपालमा रेल्वे मार्ग र सडक निर्माणमा चीनले नजिकबाट सहयोग गर्न खोज्दा देउवा किन पछि सर्छन् त ? सिगात्से, केरूङ, रसुवागढी, काठमाडौं हुँदै लुम्बिनीसम्म रेल्वे जोड्ने चीनियाँ योजना सफल पार्न देउवाले ध्यान नदिनुको कारण के हो ?

नेपालको आर्थिक विकासका लागि आवश्यक पर्ने सबै प्रकारको सहयोग गर्न चीन तयार हुँदा पनि नेपालका वर्तमान प्रधानमन्त्री देउवाजी किन सहयोग लिन चाहँदैनन् ? चिनियाँ नेताहरूले पटक-पटक नेपालका सबै उत्तरी नाका जोड्ने सडक बनाउन तयार रहेको जानकारी दिँदा समेत देउवा सरकारको वक्तव्य किन आउँदैन ? रसुवाको रसुवागढी, ताप्लेजुङको ओलाङचुङगोला, संखुवासभाको किमाथांका, सिन्धुपाल्चोकको तातोपानी, दोलखाको लामाबगर, हुम्लाको यारी, गोरखाको लार्के, मुस्ताङको कोरला र मुगुको हिल्सा नाका खोल्न चीन तयार छ, तर प्रधानमन्त्री देउवा भारत रिसाउला कि ! भन्ने भ्रममा रहेका छन् ।

सबै नाका खोल्न चीन तयार रहेको र ती नाका खोल्न नेपालतर्फको सडक निर्माणमा चीन तयार रहदा रहदै पनि प्रधानमन्त्री देउवाले यस शुभकार्यमा तत्परता नदेखाउनुको कारण के हो ? नेपाल र नेपालीको हित हुने चीनसँग सीमा जोडिएका मेची देखी महाकालीसम्मका १४ सय किलोमिटर नाका खोल्न र सडकखण्ड निर्माण गर्ने, यी कार्यका लागि नेपाल सरकारले आधिकारिक रूपमा चीनलाई पत्राचार गरोस् र मुलुकको समृद्धिमा सरकार लागोस् भनी अग्निचक्र प्रधानमन्त्री देउवालाई विशेष अनुरोध गर्दछ । जय गोरख । जय नेपाल ॥




## ॐ सत्‌गुरू वन्दना

गोरक्ष् बालम् गुरुशिष्य पालम् ।
शेषः हिमालम् शशीखण्ड भालम् ॥
कालष्य कालम् जिताजन्म जालम् ।
वन्दे जटालम् जगदाव जालम् ॥

ॐ भूर्भुवः स्वः
तत्सवितुर्वरेण्यं
भर्गो देवस्य धीमहि ।
धियो यो नः प्रचोदयात् ।।

### भावार्थः

प्राण-स्वरूप,
दुःख नाशक,
सुख स्वरूप
श्रेष्ठ, तेजस्वी,
पाप नाशक,
देवस्वरूप



परमात्मालाई हामी धारण गर्न सकौं र धारण गरिएका परमात्माले हाम्रो बुद्धिलाई सत्मार्गमा अभिप्रेरित गरिदिऊन् ।

### शिवपुरी बाबासँग आत्मियता

अग्निचक्र मासिकको म नियमित पाठक हुँ । धर्म, अध्यात्म, साहित्य, स्वास्थ्य र राजनीतिलाई बोकेर हिडेको देखे पछि म अग्निचक्र मासिकको पाठक बनेको थिएँ । लामो आयु पाएर शिवपुरी बाबाले नेपाललाई नै एकमात्र सर्वश्रेष्ठ देश मान्नु भएको कुरा थाहा पाएको थिएँ । शिवपुरी बाबाको राइट लाइफ बारे डा. योगेन्द्रभक्त श्रेष्ठज्यूले अग्निचक्रका हरेक अंकमा खुराकहरू दिनुभएकोमा हार्दिक नमस्कार र धन्यवाद दिन चाहन्छु । शिवपुरी बाबासँग अग्निचक्रको आत्मियता अझ प्रगाढ हुदै जाओस्, यही छ मेरो कामना ।

**– रामकृष्ण उपाध्याय,** चपली

### परितोषजीको लेख उत्कृष्ठ

अग्निचक्र राष्ट्रिय मासिकको ०७४ असार अंकमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेडका वरिष्ठ उपाध्यक्ष परितोष पौड्याल जीले लेख्नु भएको लेख अत्यन्तै राम्रो लाग्यो । सनातन राज्यको आर्थिक कार्यप्रणाली र समाजवादको स्थापनामा वित्तीय प्रणाली शिर्षकको लेख धेरै नै उत्कृष्ठ लाग्यो । सनातन हिन्दु विधिशास्त्र र आधुनिक राज्यव्यवस्था प्रणालीको दिशानिर्देश लगायत धेरै विषय समेटेर लेखिएको यस्ता लेखरचनाले इतिहास कोट्याउदै वर्तमानलाई सुचारू गर्न विशेष सन्देश दिने भएकाले यी र यस्ता विषयवस्तु समेटिएका लेख रचना अझै पढ्न पाइयोस् भन्न चाहन्छु ।

**– भाइकृष्ण दुलाल,** धादिङ




### हस्त केसीज्यूलाई साधुवाद

अग्निचक्रको असार ०७४ को अंकमा "बाहिरबाट हेरे जस्तो छैन उत्तर कोरिया" शिर्षकको यथार्थ दृष्टिकोण लेख्नु हुने कमरेड हस्त केसी ज्यूलाई साधुवाद दिन चाहन्छु किनभने केसी ज्यूले आफ्नै आखाँले देखेर कोरिया घुमेर यो लेख लेखेर वास्तविकता बताई दिनु भएकाले अग्निचक्र मार्फत हामीले सबै कुरा थाहा पायौं, यसर्थ केसी जी महान् हुनुहुन्छ ।

**– केदार मान चालिसे,** दाङ

स्वस्थ जीवनका लागि दुग्ध विकास संस्थानका उत्पादनहरू सेवन गर्ने बानी बसालौं ।



# बालाजु अटो वर्कस्को डिलर मिट पोखरामा सम्पन्न




नेपालका लागि महिन्द्रा एण्ड महिन्द्रा गाडीको प्रमुख आधिकारिक बिक्रेता अग्नि ग्रुप अन्तर्गतको बालाजु अटो वर्कस्ले हालै पोखरामा दुई दिन डिलर मिट सम्पन्न गरेको छ । पूर्वगृहमन्त्री तथा वरिष्ठ राजनीतिज्ञ **स्व. दिल बहादुर श्रेष्ठ**का कान्छा छोरा **क्याबिनेट श्रेष्ठ** अध्यक्ष तथा प्रबन्ध निर्देशक रहनु भएको अग्नि ग्रुपले पछिल्लो समयमा निकै लोकप्रियता हासिल गरिरहेको छ । युवा उद्यमी तथा सफल बिजनेशम्यानको रूपमा चिरपरिचित क्याबिनेट श्रेष्ठका बच्चाबेला देखिका दौतरी **अर्जुन प्रसाद शर्मा**ले पोखरामा कार्यक्रमको विशेष अतिथिको रूपमा आसन ग्रहण गर्नु भएको थियो ।

शर्मा अग्नि ग्रुपका निर्देशक पनि हुनुहुन्छ । बालाजु अटो वर्कस् प्रा.लि. ले नेपालभर छरिएर रहेका आफ्ना आधिकारिक सर्भिस सेन्टरलाई उत्साहित गर्ने उद्देश्यले आधिकारिक सर्भिस सेन्टरको डिलरमिट आयोजना गरेको कुरा अग्नि ग्रुपका **कम्पनी सचिव तथा वरिष्ठ निर्देशक दुर्गा प्रसाद आचार्य**ले सञ्चारकर्मीहरूलाई जानकारी दिनु भयो । आचार्यका अनुसार यस डिलर मिट कार्यक्रमको प्रमुख उद्देश्य सर्भिस सेन्टरसँग आबद्ध भएका व्यवसायीको भविष्यमा कसरी सुधार गर्ने भन्ने रहेको छ र यस कार्यक्रममा कम्पनीले सर्भिस सेन्टरलाई प्रोत्साहन दिने उद्देश्यले विभिन्न विधामा अवार्ड समेत प्रदान गरिएको छ ।

गाडीहरू विक्रीपश्चात ग्राहक वर्गलाई सन्तुष्टी प्रदान गरी व्यवसायलाई निरन्तरता दिन अग्नि ग्रुप हरपल लागिपरेको कुरा बताउँदै आचार्यले महिन्द्राको आधिकारिक सर्भिस सेन्टर मात्र सहभागी यस्ता कार्यक्रम आगामी दिनमा पनि गर्दै जाने कुरा सञ्चारकर्मीहरूलाई जानकारी दिनु भयो । आचार्य **अग्निचक्र** मासिकका पनि संस्थापक प्रमुख सल्लाहकार हुनुहुन्छ । ००

# अभिनेता सुनिल शेट्टी चन्द्रागिरि केबलकारमा



*चन्द्रागिरी केबलकार भ्रमणका क्रममा सुनिल शेट्टी लगायत*

बलिउडका चर्चित अभिनेता सुनिल शेट्टीले चन्द्रागिरि केबलकारको भ्रमण गरेका छन् । उनले भ्रमणका क्रममा भालेश्वर महादेवको दर्शन गर्नुका साथै मनोरम दृश्यहरूको पनि अवलोकन गरेका थिए । अनौपचारिक भ्रमणका लागि नेपाल आएका शेट्टीलाई चन्द्रागिरि हिल्स लिमिटेडका महाप्रवन्धक अभिषेक विक्रम शाहले स्वागत गर्दै परियोजनाको स्थलगत भ्रमण गराएका थिए । शेट्टीले चन्द्रागिरि भ्रमणबारे प्रतिक्रिया दिँदै काठमाडौँको उच्च स्थानमा अत्यन्तै सुन्दर पर्यटकिय गन्तव्यको रूपमा चन्द्रागिरि रहेको बताए । साथै चन्द्रागिरि हिल्सका सम्पूर्ण परिवारलाई समेत धन्यवाद व्यक्त गरे । ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक महत्व बोकेको चन्द्रागिरि डाँडामा चन्द्रागिरि हिल्स लिमिटेडले भालेश्वर महादेव मन्दिर, सत्तल, भ्यू टावर, चिल्ड्रेन पार्क र सेमिनार हल लगायतका पूर्वाधार निर्माण गरेर यस स्थानलाई एकीकृत पर्यटकीय गन्तव्यको रूपमा विकास गरिरहेको कुरा राजु पौडेलद्वारा अग्निचक्रलाई प्राप्त विज्ञप्तिमा जनाइएको छ । त्यस्तै केही दिन अघि भारतीय अभिनेतृ सना खानले पनि चन्द्रगिरि केबलकार भ्रमण गरेकी थिइन् । ००



*चन्द्रागिरी केबलकार भ्रमणका क्रममा अभिनेत्री सना खान लगायत*

# कर्तव्यको पालन नगर्ने भोगको उपभोग गर्ने शासक



**दुर्गाप्रसाद आचार्य**

***आगामी दिनमा कांग्रेसको गति कस्तो होला भन्ने कुरा देउवाको अब केही महिना शासन देखेपछि अनुमान लागि नै हाल्ने छ । देशकै राजधानीमा ढलको ढकनी खोलेर त्यसलाई खुला छाड्दा स्कुले बालिका खस्ने गर्छन् र अर्की बालिका खेल्दै गर्दा डुबेर मर्ने गर्छन् अनि प्रधानमन्त्रीले खाल्डाखुल्डी पुर्न पन्ध्र दिनको अल्टिमेटम दिन्छन् तर दोषीलाई कारबाही गर्ने कुरा उठाउदैनन् ।***

सम्पूर्ण देशवासी नागरिकमा असल कर्म र इच्छा शक्ति भएको भए यो मुलुक २००७ साल अघि नै समृद्ध बनिसक्थ्यो । हिमाल, पहाड र तराई भुभागले घेरिएर बनेको मुलुकमा चारैतिर कुनाकाप्चामा बाटो, बिजुली र शिक्षा–स्वास्थ्य पुगेको भए यो राष्ट्र धेरै पहिले युरोप बराबर हुने थियो । शासक वर्ग र शासित वर्ग दुवैमा असल कर्म गर्ने इच्छा शक्ति जागेको भए आज मुलुकको यस्तो बिजोग हुने थिएन । राणा शासनमा शिक्षाको अवसर नपाएपछि नागरिक अज्ञानी रहन बाध्य भए । त्यसपछि शाहवंशीय राजतन्त्रमा चाहि केही सुधार देखियो तर पनि नागरिकहरू शिक्षाको पहुचबाट टाढै रहे । सिमित शहरी भागमा केही स्कुल थिए तर दुरदराजमा शिक्षा, स्वास्थ्यको बिजोग अवस्था नै रहिरह्यो ।

जहाँनिया राणा शासन र शाहवंशीय राजाहरूको शासनकालमा जनता झनै गरिब भए भने राज्यको ढुकुटी शासकहरूले आफ्नै सम्पत्ति झै गरेर चरम दुरूपयोग गरे । जुन तन्त्र आएपनि गरिब जनताको अवस्था उही रह्यो । लोकतन्त्र आएको दश वर्ष पुग्न लाग्दा पनि राज्यको ढुकुटी दोहन कार्य रोकिएको देखिएन । नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्र पटक पटक सत्ता सम्हाल्न पुगे र अहिले पनि कांग्रेस र माओवादीले सत्ता हाँकि नै रहेका छन् तर अचम्म लाग्दो कुरा के छ भने जनताले जिताएर पठाएका यी प्रमुख दलहरूले पनि राज्यको ढुकुटी आफूखुसी पालैपालो आर्थिक सहायताका नाममा करोडौं रकम आफ्ना कार्यकर्ता र पहुँचवाला आसेपासेलाई बाडि नै रहेका छन् । गरिब जनताको पहुँच नपुग्ने भएकाले पहुँचवाला धनीवर्गले नै राष्ट्रको ढुकुटीबाट आर्थिक सहायता मिलेमतोमा कुम्ल्याइरहेका छन् ।

धेरै टाढा जानु नै पर्दैन, यसअघि प्रधानमन्त्री बनेका प्रचण्डले यसै वर्ष (आ.व. ०७३।०७४) कार्यकर्तालाई राज्यको ढुकुटीबाट सत्र करोड रूपैया बाँडेको कुरा थाहा भएको छ । प्रचण्ड अघिका ओली र त्यसअघिका कोइरालाहरूले पनि प्रचण्डले जस्तै आर्थिक सहायता बाडेका थिए, थोरै वा धेरै मात्र न हो । ०४७ सालको परिवर्तन पछि उदाएका राजनीतिक दलहरू सबैले नै जनतालाई भ्रम छर्दै शासन गरेको पाइयो । भ्रम छर्नुलाई राजनीतिक चरित्र भन्दा फरक नपर्ला । यो सत्ताइस वर्षमा (०४६ पछि) सधैभरि भ्रम छरेर शासन गर्ने चलन बसेकैले होला यो मुलुकको सहज विकास हुन नसकेको । चुनावी समयताका ठूलठूला कुरा गर्ने र आश्वासन बाड्ने अनि चुनाव जितेपछि फर्केर पनि नहेर्ने चलन बसाएकाले ०४७ पछि पहिलो पार्टी बनेको कांग्रेस ०५१ को निर्वाचनमा दोस्रो पार्टी बन्यो । कांग्रेसको आश्वासनले दिक्क भएका जनताले एमालेलाई पहिलो पार्टी बनाएका थिए ।

पहिलो संविधान सभामा नव पार्टी भएकाले माओवादीलाई जनताले एक नम्बर ठूलो बनाए तर उसले पनि आफ्नो सक्कल रूप देखाएपछि कांग्रेसलाई पहिलो पार्टी बनाएका छन् । आगामी दिनमा कांग्रेसको गति कस्तो होला भन्ने कुरा देउवाको अब केही महिना शासन देखेपछि अनुमान लागि नै हाल्ने छ । देशकै राजधानीमा ढलको ढकनी खोलेर त्यसलाई खुला छाड्दा स्कुले बालिका खस्ने गर्छन् र अर्की बालिका खेल्दै गर्दा डुबेर मर्ने गर्छन् अनि प्रधानमन्त्रीले खाल्डाखुल्डी पुर्न पन्ध्र दिनको अल्टीमेटम दिन्छन् तर दोषीलाई कारबाही गर्ने कुरा उठाउदैनन् ।

हुन त यो देशमा पीडितले अदालतको ढोका पनि ढकढकाउन चाहदैनन् किनकी यहाँ न्याय पाउन गाह्रो छ भन्ने कुरा जनताले राम्रोसँग बुझेका छन् । राजनीतिक भागवण्डामा अदालतहरूमा न्यायाधिश नियुक्ति हुने चलन आएकाले यस्तो भएको हो । देशमा कानुन भन्दा माथि कोही छैनन् है भन्ने जमाना गए जस्तो छ । न्यायालय राजनीतिको फन्दामा परिसकेको हुँदा जनता न्यायालयप्रति विश्वस्त हुन सकिरहेका छैनन् कि ! भन्ने प्रश्न उठ्न थालेको छ । क्रोधी मानिस रजोगुणबाट प्रभावित भएर योग्य वा अयोग्य विचारै नगरी उत्तेजित हुँदै राजनीतिक रिलेशनको भरमा दण्ड दिने परिपाटी मौलाउन थालेको हो कि ! भन्नु पर्ने अवस्था मुलुकमा विद्यमान छ ।

बरू हिमालय पर्वत आफ्नो स्थानबाट हट्न सक्ला, सूर्यको प्रभा नष्ट हुन सक्ला, चन्द्रमाको चाँदनी तथा शीतलता हट्न सक्ला तर मेरो सत्यता विचलित हुदैन भन्ने खालका न्यायाधिश अब भोलिका दिनमा पाइएला कि नपाइएला ! जनता निराश छन् । सत्य समान अर्को धर्म छैन । सत्यभन्दा उत्तम अर्को वस्तु छैन । झुटो बोल्नुभन्दा ठूलो पाप यस जगत्मा अर्को छैन भन्ने कुरा आत्मसाथ गर्ने राजनेता (शासक) र न्यायाधिश मुलुकले पाओस् र जनता सुखि बनुन्, यसका लागि देउवाले कस्तो शासन गर्लान्, जनता प्रतिक्षामा छन् । महाभारत कथा अनुसार – कर्तव्यको पालन नगर्ने भोगको उपभोग गर्ने शासक चोर हो, यो कुरा प्रधानमन्त्री देउवाले बुझ्नु । ००

# सत्य कुरा बोल्न बडो मजा आउँछ

**तपाईंको जन्म, हुर्काइ र पढाइ साथै जीवनको पारिवारिकता सुन्दर थियो भन्ने सुनिएको छ, यसबाहेक अरूथोक थियो र ?**

– अति रमाइलो प्रश्न, यसभित्रै उत्तर पनि त रहेकै छ, होइन र ? जन्म, हुर्काइ, पढाइ साथै पारिवारिक जीवन पनि फूलको आँखाले हेरे फूलैफूल हुन्छ र काँडाको नजरले हेरेमा काँडैकाँडा पनि त त्यसैमा देखिन्छ । मैले पहिलो आँखालाई प्राथमिकता दिएको छु । तसर्थ रमाइलै छ । अरू केही छैन ।

**प्राध्यापकसम्म हुनलाई कति रोटी बेल्नुपर्‍यो ।**

– म प्राध्यापक भएको छैन । सायद त्यसनिम्ति मेरो योग्यता पनि पुगेको छैन । सहप्राध्यापकसम्म भएको हो । पञ्चकालमा 'अ.त.' को उपाधिभित्र परिन्थ्यो, धेरै वर्ष अस्थायी रहियो । उपप्राध्यापकमा बढुवा हुने क्रममा बल्लतल्ल एक मौका आएको बेला डिनको कार्यालयबाट मेरो नाउँमा मात्र सफाचट् लागेर कागज माथि गएछ । दैवसंयोगले त्यसप्रति कसैको नजर परेछ । तत्कालीन डिनले राम्रै खप्की खाएछन् । सो कागज फिर्ता भई पुनः सच्चिएर त्रि.वि.मा पुगेछ र सो बढुवा रोकिएन । सहप्राध्यापकको अन्तर्वार्तामा मलाई एक निर्लज्ज प्रश्नद्वारा आक्रमण गरियो– "नेपाली शब्दसागरको चिनारी किन लेखिस् र त्यसलाई स्तरीय शब्द-कोष किन भनिस् ? त्यो त केवल ऐतिहासिक दस्तावेजको बिकम्मा खोस्टो मात्र हो !" यो अप्रासङ्गिक, अनावश्यक र आक्रामक प्रश्नले मेरो कन्सिरीको रौं नतताएको होइन । एक मनले "बढुवा जाबो सामान्य कुरा न हो, भोलि फाँसीमा नै चढ्नु परेछ भने पनि बडो मजा होला, प्रश्नकर्तालाई जुत्ताको फूल नै पुर्पुरोमा चढाइदिऊँ कि !" भन्ने लागेको थियो तर मेरो स्वभाव र नैतिकताले त्यसो गर्न दिएन र हुँदैनथ्यो पनि । तसर्थ, तुरुन्तै सम्हालिएर शान्त हुँदै स्पष्ट उत्तर दिएँ– "यहाँ ठूलो विद्वान् हुनुहुन्छ, सारा बुझ्नुभएको छ र त्यत्रो शब्दसागरलाई जाबो खोस्टो, बिकम्मा देख्नुभएको होला तर म त सामान्य पाठक, मेरो अल्पज्ञ नजरमा त्यो महाग्रन्थ हो, महान् कार्य हो, नेपालको आजसम्मको इतिहासमा सिङ्गो राज्यले गर्नुपर्ने तर गर्न नसकेको महान् कार्य हो त्यो, एक्लो व्यक्तिको प्रयत्न र लगानीमा सिङ्गो जीवन अर्पण गरी त्यस्तो कार्य सम्भव भएको छ ।



लक्ष्मीकुमार कोइराला

तसर्थ, मेरो अन्तरात्माले 'नेपाली शब्द-सागर' लाई महान् ग्रन्थ ठहराएको छ ।"

यसरी मलाई बलपूर्वक फ्याँकिएको थियो किनकि शब्दसागरको चिनारीमा 'सत्यकुरा' राख्दा ठूलाबडाको भेद खुलेछ, त्यसले गर्दा तिनका आसेपासे, चाकडीबाज सयौंलाई पीर पर्नु स्वाभाविक थियो । त्यसबारे गालीगलौज गरेर कतिले 'डा.' उपाधि नै प्राप्त गरे भन्ने सुनेको छु । पछि अर्को विज्ञापनमा भने तिनले चाहेर अनेक गरे पनि रोक्न सकेनन् र रिडर बन्ने मौका पाइयो । तर यहाँ गजबको कुरा के छ भने जसले 'शब्दसागर' लाई खोस्टो भनेका थिए आज तिनै विद्वान् त्यही शब्द-सागरका बडा प्रशंसक बनेका छन् र शब्द-सागरकै बलियो नाता लाग्ने एक महत्वपूर्ण निकायमा वरिष्ठ मान्यजन बनेर रहेका छन् । प्रश्नअनुसार उत्तरको रोटी बेलियो होला कि ?

**विद्यावारिधि किन गर्नुभएन ? इच्छा पनि थिएन ?**

– इच्छा नभएको होइन र प्रयत्न पनि नगरेको होइन तर विद्यावारिधि भने पूरा गरिएन, किन ? ठ्याक्क उत्तर भन्नुपर्दा – 'आफू अयोग्य भएर' । तर हरेक घटनाभित्र कथा र व्यथाको अन्तर्मर्म हुन्छ नै । प्रश्नले कुरा खोतलेपछि मर्म खोलिदिनु राम्रै कुरा ठानेको छु ।

विद्यावारिधि एक्लैले नहुने, नपाइने हुँदा शोध – निर्देशक चाहिँदो रहेछ । जसलाई निर्देशक छानियो, उहाँभित्र छिपेर रहेको हलाहल कालकूटबारे मलाई शङ्कासम्म थिएन । बर्सौंसम्म सामग्रीको खोजमात्र गर्न लगाउँदै बिताएपछि अब लेख्न थाल्छु भन्दा शोध-निर्देशकको वाक्य निस्क्यो– "युरोपका स्तरीय कृतिहरूसँगको तुलनात्मक विश्लेषण गरेर लेखिस् भनेमात्र म आफ्नो हस्ताक्षर दिनेछु, नत्र तेरो विद्यावारिधि हुने छैन ।

मैले अनुनय विनय गर्दै "म नेपाली विद्यार्थी हुँ, युरोपीय कृतिको तुलनात्मक विश्लेषण किन आवश्यक ठानियो ? यो निर्देश फिर्ता गरियोस्" भन्दै जति अनुरोध गरे पनि सो वचन फिर्ता नभई अडान कायम रह्यो । म झस्कैँ, एक-दुई विश्वासिला विद्वान्हरूसमक्ष यो कुरा राख्दा "विद्यावारिधि यसले कुनै हालतमा पनि नगरोस्" भन्ने उहाँको सदाशय रहेको ठहर गरियो । एक दुई मित्रबाट यस्तो सुझाव पनि आयो कि "आफ्नै पाराले शोध-पत्र तयार गरी बेन्डिङ्ग लिएर उनको ढोकामा एक हप्ता अनसन बस्नू" । पहिले उहाँसित कसैको यस्तै घटना भएको र अनसनपछि सोही शोध-पत्रमा उनको विद्यावारिधि पूरा भएको भन्ने पनि सुनियो । तर, अनसन बसी 'प्रा. डा.' को सिङ्जुरो ठड्याएर 'ठूलो मान्छे' बन्नुभन्दा जे, जस्तो छ, आफ्नै मजदुरी ठीक ठानी मेरो स्वाभिमान त्यता लाग्न मानेन । अन्य विकल्पका लागि समयले साथ दिएन । तसर्थ भानुभक्त पोखरेलको "पौने पिएच.डी भया" भन्ने व्यङ्ग्योक्ति यस "बालक बबुरो" मा पनि चरितार्थ भएको ठानेको छु ।

**तपाईंका कृतिहरू सबै पढ्न नपाए पनि क्रान्तिमय नै सबै हुन् त ?**

– सबै क्रान्तिमय चाहिँ होइन, केही क्रान्तिमय अवश्य छन् ।

(क) 'वेदस्तुति' अनुदित र भावव्याख्यामा मौलिक सांस्कृतिक काव्य हो ।
(ख) 'वेगवती' कविता सङ्ग्रह हो ।
(ग) 'कुसुमकली' प्रकृति-काव्य हो ।
(घ) 'भूतहरूको महासम्मेलन' हास्य-व्यङ्ग्य हो ।
(ङ) 'तीतामीठा कुरा' र (च) 'नीतिका कुरा' संयुक्त नीति-काव्य हुन् ।
(छ) 'प्रेमोत्कर्ष' द्वन्द्वप्रधान, तार्किक एवम् शृङ्गारमय महाकाव्य हो ।
(ज) 'स्मृतिपुष्प' कविता सङ्ग्रह हो ।
(झ) 'जियालो' जीवनको समग्रतामा आधारित संयुक्त महाकाव्य हो ।

**'वेदस्तुति', 'अलकापुरी' र 'प्रेमोत्कर्ष' एकै स्तरका हुन् त ?**

– होइनन् । 'अलकापुरी' एक फुटकर, छन्दमय हास्य-व्यङ्ग्य कविता हो । बाँकी दुई कृति प्रश्न-४ मा सङ्केत गरिसकिएको छ ।

**'उमर-खैयाम' लाई जवाफजस्तै तपाईंका अन्य कुनै रचना छन् भने उजागर गरिदिनुहुन्छ कि ?**

– 'प्रेमोत्कर्ष' काव्यमा विद्वान्, लेखक, प्राज्ञ, बुद्धिजीवी नायकलाई पहिले अल्पज्ञ, अल्पशिक्षित र पछि अर्धशिक्षित हुन पुगेकी नायिकाले धीतमर्दा, तार्किक, प्रेमपूर्ण, भावोत्कृष्ट जवाफहरू आद्योपान्त नै दिएर आच्छु-आच्छु पारेकी छन् । रसिक, सहृदयीहरूलाई त्यसले अवश्य मनोरञ्जन दिन सक्नेछ । यसबाहेक "स्मृतिपुष्प" का रचनाहरूमा 'देवकोटालाई पत्र', 'जीवनचक्र - स्मृति', 'तिम्रो सम्झना', 'पश्चाताप', 'समय-चक्र' जस्ता शीर्षकका रचनाले पनि 'उमरखैयाम' मा जस्तै मनोरञ्जन देलान् कि !

**सम्मान र पुरस्कारलाई तपाईं के सम्झनुहुन्छ ? सुख, दुःख ?**

– यदि साँचो, सफा हृदयले कृतिको मूल्याङ्कन र निष्पक्ष छानबिन गरी दिइएको छ भने त्यो सम्मान, पुरस्कार, गौरव गर्न लायक हुन्छ, चाहे त्यो अति साधारण नै किन नहोस् । बिनामूल्याङ्कन पक्षपातपूर्ण, चाकरी-चाप्लुसीपूर्ण, घृणित या स्वार्थपूर्ण तरिकाबाट वितरण गरिने सम्मान, पुरस्कारलाई घृणा र तिरस्कारको रूपमा हेरिने छ ।

**पछिल्लो रचनामा नेपालीलाई तपाईंले के दिनुभएको छ ?**

– पछिल्लो रचना (हालसम्मको) "जियालो" महाकाव्य हो जुन एघार जनाको संयुक्त र सहअस्तित्वमा तयार भई छापिएको छ । एघार सर्गमा विभाजित उक्त कृतिमा मानवजीवनको समग्रतालाई यथासम्भव समेट्ने प्रयत्नमा चिन्तनमूलक, व्यावहारिक तथा दार्शनिक दृष्टिकोण राख्दै समग्र देशको नवनिर्माण र पुनर्जागरणको सुनौलो बिहानी ल्याउनका लागि सुनिश्चित, दिशाबोधक मार्गचित्र कोर्ने प्रयत्न गरिएको छ । धेरै भन्न मिल्दैन । पाठक वर्गले जे, जस्तो देख्दा, भेट्ला, है ... ।

**'कुन खालको कवि ?' लाई तपाईं श्रद्धा गर्नुहुन्छ ?**

– देशभक्त, भाषासंस्कृति-प्रेमी, निडर, सफा, नरम र कठोर तथा भावोत्कृष्ट साहित्यसाधकलाई म बढी श्रद्धा गर्दछु । नेपाली साहित्याकाशमा त्यस्ता धेरै लक्षण मिल्ने महाकवि देवकोटा मेरा सबभन्दा बढी श्रद्धाका पात्र हुन् ।

**कुनै रचनाले गर्दा तपाईंलाई अर्थ वा मानमा हानी भएको छ ? अथवा लाभ ?**

– म कुनै त्यस्तो चर्चित, प्रतिष्ठित लेखक होइन, एक सामान्य जीवन जिउन चाहने साधारण प्राणी, प्रायः एकान्तप्रेमी, साधारण पाठक, सामान्य विद्यार्थी, सन्तोषी स्वभाव, तँछाडमछाड गर्दै दौडने देशदुनियाँबाट टाढा रही ओझेलमा बसेर केही लहड र प्रसङ्गको धुन चल्दा केही लेखिटोपल्ने अति सामान्य रूपमा मलाई बुझ्नुभए हुन्छ । त्यसैले प्रतिस्पर्धी दुनियाँमा मेरो प्रायः कुनै चिनजान र पहिचान छैन । मैले आर्थिक लाभ र मान-सम्मानका लागि केही लेखेको पनि छैन । केवल स्वान्त सुखाय केही लेखिन्छ या कहिलेकाहीँ मित्रजन, गुरूजनको प्रेरणामा र कहिलेकाहीँ कुनै खास वस्तु, भावना वा प्रसङ्गले हृदयको गहिराईको कुन्नि कुन भागमा स्पर्श गर्दा, कुत्कुत्याउँदा स्वतः अन्तरप्रेरणा जागेर केही नपोखी धरै पाइन्न र लेखिन्छ । यो पछिल्लो क्षणचाहिँ बढी महत्वपूर्ण भएको अनुभव हुन्छ । किनकि यस्तो प्रेरणाले कुत्कुत्याएको बेला भोक, निद्रा, थकाइ केही थाहा हुँदैन र आफूले आफैलाई बिर्सेर आफूभित्रै हराइरहेको हुन्छ । सायद ईश्वर-साधकहरू यस्तै धुनमा ध्यानमग्न हुँदा हुन् ।

अँ, तपाईंको प्रश्नको उत्तर अन्यत्र मोडियो कि ? अपवाद नै भनौँ, "नेपाली शब्द-सागर" को चिनारी लेख लेखेबापत विद्वद्वर्गको ठूलै जमातले अपमान मात्र होइन कि देशव्यापी बदनाम गर्ने व्यापक कसरतपूर्ण जमर्को गरेको थियो तर त्यसले म र शब्दसागरका निर्मातालाई फाइदैफाइदा भएको अनुभव गरेको छु । उक्त कोषले विश्वस्तरीय नेपाली शब्दकोशको अन्तर्राष्ट्रिय मान्यता पाएपछि बदनाम गर्ने जुर्मुराउनेहरू आफै मरिचझैँ चुपचाप चाउरिन पुगे । आफू कोषकार नभए पनि उक्त घटनालाई मैले 'महाभारत विजय' ठानेको छु । यो भन्दा बढी लाभ के खोज्ने ?


हो, केही व्यक्तिहरूको नजरमा "ठूलाबडाको चाकरी, स्तुति गरेर ठूलो मान्छे 'प्रा.डा.' नेता, मन्त्री, हाकिम बन्नुको सट्टा बडो सत्यवक्ता बनेर उल्टै ठूलाबडाको पोल खोल्ने भयो, तसर्थ ती सबै कुराबाट, पुरस्कार, मानसम्मानबाट पनि वञ्चित भयो..." भन्ने भनाइ पनि असत्य त हुँदै होइन । परन्तु मलाई यसैमा बडो गौरव तथा आत्मसन्तुष्टि रहेको छ । किनकि मैले 'म' भित्रको स्वाभिमानी आत्मालाई झुटमुट बोलेर, सत्य कुरा छिपाएर आत्मग्लानीको भुतभुतेमा पिरोल्न र जिउँदै मार्न नचाहेकै हो । सोक्रेटसले, सुकरातले, हाम्रै शुक्रराज, दशरथ, गंगालाल, धर्मभक्त आदिले सत्य बोले र हाँसीहाँसी नै ती त फाँसीमा चढे पनि । तसर्थ फाँसीमा नै चढ्नु परे पनि सत्य कुरा बोल्न बडो मजा आउँछ । हो, त्यसले काँतरहरूको मुटु थर्काउँछ तर वीरहरूको उत्साह दुगुना बढाउँछ । यसमा मलाई रत्तिभर दुःखकष्ट छैन । पञ्चहरूको दबदबा काल र अझ राणाकालमा भए मलाई उनीहरूले छोड्ने थिएनन् ।

प्रत्यक्षलाभको कुरा गर्ने हो भने "प्रेमोत्कर्ष" मा मलाई अत्यन्त पवित्र, गौरवमय सम्मान तथा नगद पुरस्कार प्राप्त भएको छ । त्यो हो- "वसन्त-राधा पद्यकाव्य पुरस्कार" । उक्त काव्यको आद्योपान्त मन पराएर गद्गद् भई वसन्त गुरू र राधा आमाको करकमलबाट सो सम्मान, पुरस्कार प्राप्त भएकाले त्यसमा बडो गौरव लागेको छ । यसमा चाकडी, चाप्लुसी र छलछामको गन्धसम्म थिएन । परन्तु उल्टो, ईर्ष्यालु नजर राख्नेहरूले त यसलाई पनि लाटोकोसेरोले सूर्यलाई झैँ कालो पनि देख्न सक्लान् । होइन र !

**अझै काव्य, महाकाव्य लेख्ने धुनमा हुनुहुन्छ कि ? र, अन्त्यमा के भन्न चाहनुहुन्छ ?**

– त्यस्तो खासै योजना त छैन । काव्य, महाकाव्यको सिर्जना प्रायः पहिले नै योजना बनाएर लेखिने विषय पनि होइन भन्ने मलाई लाग्छ । कुनै खास विषय वा भावले हृदयस्पर्श गरी कुत्कुत्याएमा नलेखी सुखै पाइँदैन । पाठकहरूको खडेरी परिरहेको वर्तमानमा काव्य, महाकाव्य लेख्नु एक दृष्टिले मूर्खता पनि मानिन्छ, जुन स्वाभाविक पनि छ । परन्तु कुनै भावले हृदयलाई कुत्कुत्याएपछि अथवा केही मान्यजन, सहृदयी मित्रबाट आग्रह भएपछि नलेखी बस्न पनि सकिँदैन । यस्तै कसैको आग्रहमा वर्षौं अघि थालिएको "प्रेमक्रान्ति" नामक एक महाकाव्य थोरै अङ्क पूरा हुन बाँकी छ । त्यस्तै बालसन्त षडानन्दका बारेमा लेखिएको १२५ जति पद्यको रचना पूरा हुन बाँकी छ । मौका मिलेमा देश तथा मानवसमाजका लागि उपयोगी हुने खालका केही कथा, निबन्ध र उपन्यासहरू लेख्ने भित्री विचार रहेको छ ।

अन्तमा के भन्न चाहन्छु भने लक्ष्मीनारायणजी, मानिसले सकेसम्म केही न केही राम्रा र सकारात्मक कार्यहरू निरन्तर गरिनै रहनुपर्दछ । चुप लागेर बस्नु या खराब कार्यमा समय फाल्नु हुँदैन । सफलता, असफलता जे हात लागोस् त्यसको पर्वाह गर्नुहुँदैन । "कर्मण्येवाऽधिकारस्तेमाफलेषु कदाचन ।" अस्तु । ००







# MAYA

Dr. YB Shrestha Malla

**Q: Please tell me about Maya in some details ?**

A: Well, *Maya* is God's Power. In a way, she is God Herself! No one can challenge her, nor we can conquer her! She fools/deludes everybody: She is a master-magician! Her method is simple: She hides the Real and displays the False! Being a fool, Man just trusts his eyes and other senses. He becomes confused and accepts every information his senses bring to him as true. In this way he accepts the False as true and suffers!

**How to get out of this?**

It is very simple: accept *Maya* as our dear Mother; learn to live our life according to her Laws. If you do so, she becomes happy and gives you all she possesses! Enchanted with her glitter & glamour, her children play with them happily and forget everything. But be careful! Never forget that there is something, which She keeps hiding from us! Some clever ones among us start crying and want to see the hidden Truth, our Father, the Creator! But Maya usually does not listen to them. Only when they become inconsolable, she takes him to Him!

**Q: Would you please tell us the secret.**

All beings are Maya's children. Therefore we must pay her due respect and behave like good children. If we are hungry, thirsty, sleepy, feel the basic urge for emptying your bowels-bladder- sex, she allows us to fulfil them. But, as said earlier, some of us, the wise ones, are not satisfied and want to see our Father too! Till they get Him, they stop enjoying the sense-worlds presented by our Mother; they cry. or fight with her and even become Yogis!

Have you heard the story of two brothers: one of whom spent 25 years and learnt how to walk on the surface of water, whereas the other simply paid the fare to the boatman — only a few pices — and crossed the river! When they met on the other bank, he asked his Yogi Brother, "My dear brother! You spent 25 years and learnt the technique of crossing the river on your feet. It is great indeed! But I could do the same just by paying a few coins to the boatman! I saved myself from great penances you suffered. I enjoyed nice and cool wind while crossing the river! So your Yoga, by going against the laws of Mother Nature, appears to me is not only unjustifiable, but also, please forgive me so to say! foolish in a way.

**SB**: Yes, he is right indeed! In **RL** one learns to compromise and live with Nature when necessary; he does not go against her all the time! He discriminates, saves his energy and tries to cultivate 26 divine virtues as expounded by Lord Krishna and so on! In this way he tries to go beyond her.

**Q: Man can practice RL by living this-worldly life also, without antagonising his Mother and at the same time endeavouring for Beyond!**

**SB:** Yes, that is right. Always remember that our Mother Nature is strong. She is as powerful as God Himself! **Devi Bhagvatam**, the great treatise, says that she can drag even the God-Realised saints down from their ego-tower and punish them for their mistakes! Listen to my story of the **Thunderbolt Episode!**

**SB:** "Once in a fine morning in the Shivapuri Mountain, the white swans of clouds were "swimming" in the blue waters of the sky, nice & cool wind was soothing my body giving me the pleasant feeling; the sun too was giving nice warmth to me! I felt very happy and privileged! I told to myself "Since my childhood, I have never felt even a headache till now. How great am I! Because I am capable & strong! you know!" Then I looked at my strong arms with pride!

"As soon as I had this feeling, a terrible flash appeared from nowhere, from the blue, followed immediately by a maddening and extremely fearful sound! It was a great thunder; it fell right in front of me, only a few feet before me! I fell unconscious in the ground! When I came back to consciousness after a week or so, I was terribly weak with pain all over my body and a wound and a swelling in my mouth and my jaw. Apparently I got infection too! After many days' suffering, I had to go to the town to find a doctor who put his knife in my swelling and drained about one litre of pus from it! When this was drained, doctor declared that I had developed an incurable wound also, an ulcer-cancer of my gum too!

"I had insulted Her! So she punished me!

"My dear friends, never ever show your ugly ego; if you do so, you are sure to be punished just as I was punished!

"Man should always be careful of his ego!

**Q: Kindly tell me about Maya in some details.**

A: Well, let me tell you from the beginning, as it were: "According to the **Sankhya System of Philosophy** they are 24 senses— **5 Gross elements** such as Earth, Water, Light, Energy, and Space; their corresponding **5 Subtle elements, 5 Sensory organs** such as Ears, Nose, Tongue, Skin, Sex organs & organs of Elimination representing Sound, Smell, Taste, Touch and Sex and **5 Motor Organs** such as Hands, Legs, Tongue, Sex and Anus & Bladder. There are **4 Internal Organs** also such as Intellect, Mind, Thinking-Apparatus and Ego. These 24 organs "move out of one's Body", play with the external world, Maya, and bring various information, pleasant or unpleasant, with their 6 stages such as existence-birth-growth-waste—decay-death (*atsi-jayatbardhate-apaksiyate-mrityum aapnoti*).

In this way man enjoys or suffers, goes out into the world, mix with all kinds of people — good, bad or indifferent — bring in all sorts of information. But a RL man is wise: he opens his sense-doors only when required, attends to his Duties and shut the doors afterwards. He tries to see beyond this phenomenal world to find out the hidden truth behind. The Wise call this Truth as God or Highest Level of Consciousness or Super-consciousness. Only when Man achieves this *State*, they say, he enters the kingdom of his Father.

Usually man cannot do so nor he can see Him because Maya keeps him covered with her blanket of sense-world. She also distorts the Real: man looks at it, believe it as true and binds himself!

"Our internal instruments such as *Mind, Chitta, Intellect and Ego*, being stronger than our external senses, play their games and elude us by giving feelings, as day-dreams, i.e., fantasies/imaginations, and night dreams — wild thoughts and suppositions or hypotheses, and make us act like idiots! But **RL** man knows the technique. He knows the Path of Struggle, of *surrender, prayer* and *Inquiry* to save himself. "He believes that Man must know this secret by prayer, surrender and walk towards IT slowly, consciously, constantly and "mcentradedly like an elephant, with intense feeling of love, patience and agitation like the probervial lover who wait for hours in the "railway station" for her lover! Our past *Commitments/ Samskaar & Prarabdha* stop us from doing this. But we are helpless; therefore we can do nothing but wait and pray. We must have patience! We must know that the swing of our mind keeps on moving till He favours us!

**SB:** If I keep moving my swing, I will be moving myself all the time. But by stopping this swing by Right Living, I can stop this.

**Q: Once my friend was urinating in an Ashram-forest facing East and was also looking at the Sun as well! One gentleman saw this and forbade him to do so, because "it was an insult to the sun!" He was a big shot in his office, was quite arrogant! & replied- the sun is just a ball of fire, sir! Therefore I do not care your "rambling".**

A: Well, he is right from the scientific point of view, but may I know why our respectable ancients created such traditions?

**SB:** To train you and me in the Art of Awareness/ Consciousness. Because it is better to do a wrong act consciously than to do a right act unconsciously, you know!

I have also observed some old people utter, *"Vishnu! Vishnu"* when I suddenly sneezed! I also heard some Christian friends uttering, *"God bless you"* in such occasions! In other words, our traditionalists remind us of their "gods" in certain way and use such techniques.

A **RL** man too must be aware of such practices to keep himself aware! Probably that is why all great Teachers ask

us to be conscious while attending to our Work/Duty.

**The secret of such practices is to create Awareness.** Awareness creates **Humility;** humility then creates an environment for us to develop God-feeling. In this way at least we become aware of everything — living as well or non-living — as God in various form or forms!

**Q: Please tell me in one sentence each about Devotion, Vedantic Assertion and Inquiry.**

A: Devotion is one thing, *Inquiry* is another — the latter is different and superior thing. For example, *Acharya Shanker's Assertion, "I am God Himself; God and my Soul is one and the same thing (Aham Brahmasmi, Soham)"* etc. has some value in the beginning; but it is really inadequate and therefore has no ultimate value. But Inquiry alone has the ultimate value.

One example: RP was a great devotee; but he did not know Inquiry: he had extreme love for his Chosen Deity, Mother Kali: once he became frustrated and wanted to cut his throat himself because She did not appear before him when he prayed! Mother had to appear and held his hand to save him! This is **Sagun Bhakti, devotion on the Finite Form of God.**

Faith therefore is really useful. To this we should add also the Understanding of the one great Truth. Therefore devotees should have Faith in Guru's words like Valmiki. But he must practise complete surrender also. So we must struggle, pray and practise like Eklabya; then God help you and gives you what you want.

**SB:** Know the smallness of man and greatness of God; then you are in the right track, so says **RL** too.

God is the real Guru: if you believe in your Master one hundred percent *(Gurur Brahma, Gurur Vishnu, Gurur Devo Maheswara)*, you will get guidance, always and anywhere.

On the other words though God created us; now we have to "create" Him. The secret is Struggle and then travel alone to God. No God or Master or anybody will come to our help but our own determination to see and reach Him!

Himalaya may shake but your Mind never! Be positive always and unaffected.

Do not be afraid of your mistakes, ever! Go on struggling. Do not worry even when you commit mistakes: this is quite natural! You can pay them off later, even after God-Realisation. If you do not struggle now and keep waiting or procrastinating, you will never progress; for such candidates my teachings are useless; it will be like prescribing medicine to the dying man!

**Q: I am still unclear about Maya. Please tell me in some more details.**

A: Well, She is the Female Component of the Ultimate, the Lord of Creation, Sustenance and Destruction. Durga Saptashati, a holy book, said to be written by the sage Markandeya, described her in details in 700 verses like the Gita.

**SB said:** The External Cosmos is Her Body; Intellect, Mind, Thinking-Apparatus and Ego Complex are Her Internal Instruments. All beings, living and non-living, are her children. She looks after them in various ways, at first as a mother, then as a sister, daughter, companion, girlfriend, lover, wife and a grandmother & grandfather and so on! She changes her dress, 6 times a year — green, red, brown, yellow, dark and so on in the forms of 6 seasons; she warms the sea, creates clouds, floats them like white ships in the blue waters of the sky, she lets them fly to the mountains, make them descend to the earth in the form of rains, giving life to all creatures — vegetables, insects, animals and finally man. She makes all of them happy and finally she destroys them too and makes them re-enter in the Merry-go-round-machine with its 8.4 millions of life cycles! In this way she creates, sustains and destroys and changes everything. She wants Man to complete his **Physical Evolution** and make him the Crown Prince or Heir of his Father. But **RL** wants him also to complete his **Spiritual Evolution by** living **RL**. However one must not forget that she is a great seducer too! She gives everything to her lover. Allured by Her charms, man forgets himself and he re-enters into the Merry-go-round machine and becomes her slave again. Therefore he must be vigilant always!

**Q: That is to say: unless man lives RL this is not possible; isn't so?**

A: **Yes.** By **RL** alone he completes his Spiritual Evolution. Only then he can reach his destination.

**Q: Do you want me to explain?**

A: Well, God has given infinite number of Paths — Yoga, Tantra, and Devotion — **Karma, Gyana and Bhakti** — et al. Take your choice and move on! But SB considers **RL** best. **RL** "baptises" you, as it were, in the confluence of all "Yogas", and makes you eligible for Total freedom.

**Precaution:** But be careful: never fight with Maya. You can never win her. Also never try to subdue her; remember that She is our Housekeeper and Mother too! How can you disrespect her? How dare you seduce her! Let me repeat — She is our daughter, sister, friend, girlfriend, our lover and wife too! Give her your love, your fortune, confidence, respect, your belongings — good, bad or indifferent. Actually she has been also your life-partner since you were created and will continue to be so till you reach the Highest. **Durga Saptashati** says: She is Primal Energy, Greatest Power, Goddess, Primeval Sound-and OM, Knowledge, Delusion, Peace and so on. She becomes 2 or many when manifest and 1 when unmanifest. In other words, She becomes 2 as Krishna and Radha /Shiva and Partvati, separately and 1 alone when unmanifest.

SB = Shivapuri Baba
RL = Right Life

# Nepal-China Mutual Co-opereation Society

**NCMCS, Nepal**

HeadQuarter:Baluwatar, Kathmandu, Nepal

Estd:15June1987
Regd:610-2061/062

Contact: 00977-01-4428259, Cell No. 9851206733


E-mail: premsagar_ncmcs@yahoo.com/ncmcsnepal1987@gmail.com


## Statement from Nepal-China Mutual Cooperation Society (NCMCS Nepal)

Nepal and China are rejoicing 62 years of Diplomatic relation established in the year of 1955. Nepal and China are the most trusted neighbours on the either side of the Himalayas. Smooth and sustained relation between our two countries is marked by friendliness, equality, highly cordial understanding and deeply influenced by common values and traditions of mutual respect committed to international peace, development and harmony which is based on five principles of peaceful coexistence. I would like to salute the peoples of two countries on the occasion of the establishment of formal diplomatic relation between Nepal and China on the 1st of August, 1955.

The recent conflict flared up in June after Chinese teams began building a road on Chinese territory named Doklam plateau at the end of Chumbi valley belonging to Tibet Autonomous Region of People's Republic of China has arrested the attention of NCMCS so much. We do squarely support Chinese position and kindly request India to respect Chinese territory and sovereignty on time. We also accept China's strongly worded appeal to pull back Indian troops from the Doklam plateau to demonstrate Indian sincerity as soon as possible as a precondition to settle the problem. China has already showed its historical evidence that Doklam plateau belongs to China based on 1890's agreement between Tibet and Kingdom of Sikkim during British rule in India. China's construction of road in Doklam is an act of sovereignty on its own territory. It is completely justified and lawful, and others have no right to interfere. It is utterly unjustifiable for the Indian side to interfere in issues between China and Bhutan where Doklam plateau does not belong to India and cannot send its troops to Chinese territory in the name of so-called "serious security implications for India."

NCMCS also supports the statement given by Chinese defence ministry spokesman Colonel Wu Qian who said that "India must not underestimate Beijing's determination to safeguard what it considers sovereign territory belonging to China in the Doklam plateau. China's determination and resolve to safeguard national security and sovereignty is unshakable. There is a wish to remind India not to push your luck and cling to any fantasies. Shaking a mountain is easy but shaking the People's Liberation Army is hard" India cannot send troops to violate the territorial integrity of China While the 1890 Sikkim-Tibet treaty backs China's claims on the trijunction being located farther south at Mount



चीनको राजधानी बेइजिङ्बाट नेपाल र चीनबीच दौत्य स्थापना भएको अवसर मा चीन र इण्डियाका बीच डोक्लाम क्षेत्रमा बढिरहेको तनावलाई सम्बोधन गरेर जारी गरिएको प्रेस स्टेटमेन्ट चीन तथा विश्व मामिला विज्ञ डा. सन लिचउलाई हस्तान्तरण गर्दै NCMCS का अध्यक्ष **प्रेम सागर पौडेल** ।

Gipmochi which Beijing uses to claim 89 sq km in the Doklam plateau. NCMCS's support is always with Chinese people and Chinese government in the respect of Chinese territorial integrity and national sovereignty. NCMCS reminds India that China is not Nepal and should not behave like a small brother in terms of National sovereignty and territorial integrity. China is in no mood of territorial concession at all. India should learn a harsh lesson from her humiliating defeat from China in 1962'a Ladakh war as well.

It is also heard that six thousands "Nepali Indian armies" are being deployed in the conflicted area with a view to use Nepali people to fight with People's Liberation Army (PLA) of China. All Nepali Indian Armies should not fight against PLA and China at all. If it is true, NCMCS strongly expresses its objection of using 6000 Nepali Indian armies against China and should request Nepal government to recall them back to Nepal.

**Prem Sagar Poudel**
President
Beijing, P.R. of China
Dated July 28, 2017.

# यसकारण लेखेको हुँ 'महाभारत चम्पू'

## नमः श्लोक्याय चावसन्नाय । (शुक्लयजुर्वेद १६।३३)

## (श्लोकद्वारा महनीय र वेदान्तद्वारा प्रतिपादित परमेश्वरलाई नमस्कार छ ।)

**विषय–प्रवेश**

महाभारत काव्य हाम्रो जीवनको पारलौकिक एवम् इहालौकिक उपागमको दिग्दर्शन गराउने अतीतको महागाथा हो । खास गरेर वर्तमानको दिग्भ्रान्त पथिकहरूलाई यसले व्यावहारिक, नैतिक, चारित्रिक समुन्नतिका बहुविध मार्ग प्रकाशित गर्दै उत्तम पुरूषार्थ मोक्षको विन्दुमा पुग्न हरसम्भव मद्दत गर्दछ । समाजका सरलमतिका व्यक्तिदेखि लिएर उद्भट प्रतिभावान् दार्शनिक पुरूषहरूसम्मलाई महाभारतले यथेष्ट चिन्तनको खुराक दिन्छ । मनुष्य र मनुष्येत्तर जातिका अनेक पात्रपात्रीहरूका घटनालाई उदाहरणका रूपमा पस्केर उदाहार्य विषयवस्तुको बोधलाई स्वभाविक र प्रमाणयुक्त बनाउने जुक्ति यहाँ अति रहरलाग्दो छ । यस काव्यलाई समाजका सबै जाति, धर्म, वर्ण, लिङ्ग, तह र तप्काका व्यक्तिहरूले लिँदै र आफ्ना मनका ऐनामा परेका प्रतिविम्बलाई हेरेर अनुहार व्यवहार सुधार गर्दै आएका छन् ।

नेपाली समाजमा माध्यमिककालका सुब्बा होमनाथ केदारनाथबाट सुरू भएको महाभारतको नेपालीकरणको प्रयास वर्तमानसम्म आइपुगेको छ । त्यसो त विजयानन्द, भवानीदत्त पाँडे, कृष्णप्रसाद रेग्मी, हरिविक्रम थापा, रामप्रसाद सत्याल आदि साहित्यकारहरूले विगतमा महाभारतको लेखनमा पसिना बगाएका थिए । माध्यमिककालकै अन्त्यतिर लेखिएको चक्रपाणि चालिसेको सङ्क्षिप्त महाभारत भने भाषिक सीप र साहित्यिक अभिव्यञ्जनाका दृष्टिले उत्तम रचना हो । आधुनिककालका मुकुन्दशरण उपाध्यायको महाभारत सूक्तिलाई पनि यस प्रसङ्गमा उल्लेख गर्नु वाञ्छनीय छ ।

यति हुँदाहुँदै पनि प्रस्तुत महाभारत चम्पूको प्रणयन गर्ने चेष्टा गर्नुको उद्देश्य छ । यस किसिमको कठोर तपस्या गर्नुको तात्पर्य पाठक वर्गले जान्न खोज्नुहुनेछ । **महाभारत चम्पू**



मुकुन्दप्रसाद शर्मा चालिसे

**वास्तवमा माथि भनिएका लेखकका महाभारतमा छुटेका आद्यन्त कथाहरूको नालीबेली खोज्न पनि आएको छ । चम्पूकाव्यको नवीनतम स्वाद बाँड्न पनि यसले प्रयास गरेको छ ।** वास्तवमा अहिले महाभारतका बहुआयमिक कथा र घटनाहरूलाई चित्रपटले झक्मक्याइदिएको छ । जस्तो कौरव–पाण्डवका पूर्व–पुरूष नहुष–ययातिका कथाको हेक्का धेरैलाई नहुनसक्छ । संस्कृतको पहुँच नभएका, भएर पनि ग्रन्थ–गौरवका कारणले प्राप्त नभएका वा प्राप्त भएर पनि फुर्सद नपाएका ज्ञान–पिपासुहरूलाई नवीन शैलीको प्रायः पूर्ण कथा भएको साथै मूल महाभारतका औपदेशिक भारदेखि पृथक् हुँदै सहज ढङ्गले कथा बगाउने प्रयास मैले यसमा गरेको छु ।


वर्तमानका गद्य पाठकहरूलाई विगतका पद्यमय काव्यहरू उपागम्य छैनन् । कतिपय महत्वपूर्ण कथाहरू तिनमा छलिएका छन् । श्रीकृष्णको महानायकत्वको प्रकट गर्ने चरित्रलाई भक्तिले ढाकेर कतिपय रचनाहरू पुराणको कोटिमा पुगेका हुन सक्छन्– केवल श्रद्धेय । वर्तमानको युवाजमात अतीतका कथाका पात्र र दृश्यलाई आफ्नो मनोविज्ञानमा राखी तर्कपूर्वक पढ्न चाहन्छ भने उसका लागि पाठ्यसामग्री अवश्यमेव चाहिन्छ । तर उसका भौतिक ज्ञानका तर्कलाई रूपान्तर गर्ने र नैतिक आध्यात्मिक चेतनाको संस्कार राखिदिने खुराक पनि पाठ्यसामग्रीले दिनै पर्छ । नयाँ पुराना, गद्यपद्य खोज्ने सबै प्रकारका पाठकलाई पूर्ण कथा भएको महाभारतको कथा समेटेर यो चम्पूकाव्य आएको छ ।

**लेखन–पद्धति**

प्रस्तुत महाभारत चम्पूमा अठ्ठारपर्वलाई कायम गरिएको छ । अवान्तर पर्व र अध्यायलाई हटाइएको छ र सर्गको रूप दिइएको छ । यहाँ मूल महाभारतका २ हजार १ सय ७ अध्याय र हरिवंशका १३५ अध्यायलाई सङ्कुचन गरेर उपोद्घात र उपसंहारले पुटित गरेका १४४ सर्गमा समायोजन गरिएको छ । यो काव्यलाई समग्र महाभारतको मौलिक सारको रूपमा लिइदिनहुन म समग्र पाठकवर्गमा अनुरोध गर्दछु । यहाँ कथाक्रमलाई सकेसम्म नखज्मज्याई औपन्यासिक रूप दिन खोजिएको छ । प्रत्येक सर्गलाई शीर्षक दिएर घटनाको सूत्र पत्ता लगाउन सजिलो बनाइएको छ । श्लोकलाई बीचबीचमा राखेर वर्णनलाई नवीनता दिने यो प्रयास अवश्यै रूचिप्रद होला । अन्त्यानुप्रासको प्रायः व्यवस्था छ । विषम पाउमा अत्यानुप्रास गर्ने रामायण चम्पूमा कतिपय स्थलमा प्रयुक्त शैली यहाँ पनि देखिनेछ । श्रीमद्भगवद्गीतामा भने सबै अध्यायमा उपजाति छन्दमा सामान्य अनुप्रायसको शैली अँगालिएको छ । गद्यमा प्रयुक्त भाषामा नेपालको पश्चिमी क्षेत्रमा प्रभाव पाइनेछ । नेपाली विषयमा शिक्षण पेसामा आबद्ध हुनाले जिब्रोमा प्रचलित अनुकरण वा वाग्धाराका प्रयोगहरू यहाँ देखिन सक्छन् । नेपाली भाषाका शब्दलाई पर्याप्त ठाउँ दिँदादिँदै कतिपय स्थलमा पाठकवर्गले संस्कृतका प्रचलित शब्दको प्राचुर्य देख्नुपर्ने कुरा स्वीकार गर्दछु ।

**विषयवस्तु**

महाभारतको सुप्रसिद्ध महान् कथा नै यस काव्यको मुख्य विषयवस्तु हो । यहाँ उपोद्घातमा महाभारतको यो कथा जनजीवनमा कसरी आयो भन्ने महाभारतीय कथालाई उपनिबद्ध गरिएको छ । प्रथम सर्गदेखि सृष्टि उद्भवबाटै कथाक्रम सुरू हुन्छ । पाण्डवका पुर्खाहरूको नालीबेली खोतल्ने प्रयास गरिएको छ । जुवाकाण्ड, द्रौपदी स्वयंवर, राजसूय यज्ञ, वनपर्वका थुप्रै कथाहरू र उद्योगपर्वका शान्ति प्रस्तावका ऊहापोहहरू यहाँ विस्तारपूर्वक केलाउन खोजिएको छ । श्रीमद्भगवद्गीताका सारमा म अझ गम्भीर बनेको छु । यो विश्ववन्दित दार्शनिक गीता खण्डमा मैले संक्षिप्तै भए पनि स्पष्ट बुझेर लेख्नुपर्छ भन्ने धारणा राखेको छु । युद्धका तुजुक, फुटानीका प्रत्यक्ष वर्णनमा मानौं मैले युद्धलाई साक्षात्कार गरेको छु । स्त्रीका विलाप, भीष्मका उपदेश, युधिष्ठिरका धर्मनिष्ठा आदिलाई मैले नजिकैबाट अवलोकन गरेको छु । खास गरेर भगवान् श्रीकृष्णको बहुआयमिक एवम् लोकोत्तर व्यक्तित्वमा म शतशः नमन गर्दछु । उहाँका वीरता र करूणाले पूरित एक एक वचन र तिनका अभिप्रायमा स्वयं ऋषिमुनिहरू सदैव, सर्वत्र चकित भएका छन् । संसारको नश्वरता कर्तव्यको सम्पादन, प्रेमको निष्ठा, धर्मको अविचल भावमा मलाई महाभारतले नवीन आकाश र प्रकाश दिएको छ । आफ्नो अल्पशिक्षा र क्षमतालाई अतीतदेखि वर्तमान हुँदै भविष्योन्मुखी महाभारतको महान् पात्रपात्रीहरूको चरित्रमा चञ्चु-प्रवेश गर्ने पवित्र कार्यमा लगाएको छु । मेरो अध्यवसाय अवश्य नै अपूर्णता, एकादेशीयता र अव्याप्ति कि अतिव्याप्तिका दोषले ग्रस्त छन् । तैपनि मेरो धृष्टताले भाषा-साहित्यको सेवामा एकातिर अभावपूर्ति त गर्छ, साथै पावननामा नित्यस्मरणीय महापुरूषहरूको सम्झना गराउँछ र वर्तमानको विषयवासनादग्ध, कर्तव्यविमुख, पलायनवादी समाजलाई यत्किञ्चित सुपथमा अग्रसर गराउन सक्छ । सम्भवपर्व, वनपर्व, शान्तिपर्व, अनुशासनपर्वका अनेकानेक रोचक, ज्ञानवर्द्धक घटनाहरू धेरै पाठकलाई थाहा छैन । स्वर्ग र पृथ्वीका, मानव र मानवेतर प्राणीका एवम् भगवान् र भक्तका मिलन-विन्दु केलाउने कथाहरू उधिन्ने प्रयास यसमा छ । विदुलापुत्र संवाद होस् वा व्यास - शुकदेव वार्तालाप यहाँ पाइन्छ । वलि राजाले भुस खाएको घटना होस् कि मङ्खणकको घाउबाट सागको रस चुहेको चर्चा, यहाँ पाउन सकिन्छ । सुलभाको उच्चस्तरीय ज्ञान, पञ्चशिख, जनक, नारद, लोमश आदिका विस्मयकारी प्रसङ्ग यथास्थल यहाँ पाइनेछन् । उदाहरणका लागि केही कुरा भनियो बस् ।




ज्ञान हाम्रो उपागम हो । कर्तव्यकर्म छोड्न मिल्दैन । उत्तमपुरूषार्थ मोक्ष हो । ज्ञानमा अधिकार सबैलाई समानरूपमा छन् । परिवारमा प्रेम रहोस् । देशभक्ति, मातृपितृभक्ति, अतिथिसेवा, प्रकृति संरक्षण मानवीय धर्म हुन् । यी सबैबाट ईश्वरको पूजा हुन्छ । ईश्वर सर्वव्यापक नियामक सर्वोच्च सत्ता हो । भगवान् श्रीकृष्ण सबैका आराधनीय हुनुहुन्छ । उहाँको निर्देशन हाम्रा लागि आशीर्वाद हो । महाभारत पढ्दा यी कुरा ख्यालमा आइरहन्छन् । श्रीकृष्ण शान्तिका दूत हुनुहुन्छ तर अन्याय उहाँलाई सह्य छैन । हामीमा अन्याय नगर्ने सद्बुद्धि महाभारतले दिनुपर्छ, दिन्छ ।

मैले भगवान् वेदव्यासप्रणीत महान् ग्रन्थ महाभारतको कथा-सरणिलाई आफ्नै शैली, भाषा र सर्गमा लिपिबद्ध गरेको छु । यो रूपमा ल्याउन मैले प्रशस्त परिश्रम गर्नुपरेको कुरा म विज्ञजनसमक्ष अनुरोध गर्न चाहन्छु ।

**महर्षि व्यास र महाभारत**

ब्रह्माजीका मानसपुत्र वशिष्ठका पुत्र शक्ति र उनका पुत्र पराशर हुन् । पराशरले सत्यवती (मत्स्यगन्धा) बाट महर्षि व्यासलाई जन्माएका हुन् । ब्रह्मसूत्र, अठ्ठारपुराण र महाभारतका प्रणयकर्ता व्यासदेवलाई भगवान्को कोटिमा राखिएको छ ।

**अचतुर्वदनो ब्रह्मा द्विबाहुरपरो हरिः**
**अभाललोचनः शम्भुर्भगवान् बादरायणः ॥**

महर्षि कृष्ण द्वैपायन व्यासका गुरूकुलमा पढ्ने वैशम्पायन, जैमिनी, सुमन्तु, पैललाई उनले वेद, महाभारत पढाए । महात्मा व्यासको महाभारतमा कतिपय स्थलमा वैदकै वाक्य र सन्दर्भ पस्किएका छन् । हजारौँ कूटश्लोक छन् । तिनका गहन अर्थ स्वयं व्यास, शुकदेव, गणेश र सञ्जय जान्दछन् । हामी त अनन्य भावले चातकले आकाशतिर फर्केर पानीको बूँद पर्खेझैँ अर्थ पर्खन्छौं । यस्तो गहनशास्त्र महाभारतलाई पञ्चमवेद भनिएको छ । गीता उस वेदको पनि दुग्धामृत हो, त्यसको महनीयता बुझ्न साधारण मानवका लागि अवश्य नै गाह्रो छ । यसमा वेदान्त, सांख्य, योग, कर्म आदिका सूक्ष्म अध्ययनयुक्त व्याख्यामा मेरो लेखनी कतिसम्म पुगेको छ, मर्मज्ञ पाठकले ख्याल गर्नुहुने नै छ । महर्षि व्यासका वाणीलाई नेपाली भाषामा पुनर्लेख गरी नयाँ कलेवर दिनु निश्चय नै जटिल कार्य हो ।

**मौलिकता**

मैले वर्णनमा मौलिकता ल्याउने प्रयास सम्भव भए जति गरेको छु । आफ्नै उदाहरणले विषयलाई पुष्ट गर्ने मेरो उद्देश्य छ । दुष्यन्तलाई परित्यक्ता हुन लाग्दी शकुन्तलाले भन्छिन्-

**हे महाराज दुष्यन्त ! मान्दैनौ यदि यो कुरा**
**तिम्रो कपाल पड्केर भइजाला चिरा चिरा ।५।१**

यसको उत्तरमा दुष्यन्त भन्छन्-

**निस्किहाल यहाँबाट म हेर्न पनि सक्दिन**
**हुस्सू रहिरहेसम्म हुँदैन सुकिलो दिन ।५।१५**

यहाँ आएको हुस्सूको प्रतीकमा मैले श्लेष साथै नयाँ अर्थ दिन खोजेको हुँ । यो दृष्टान्तले

शकुन्तलालाई भन्न खोजेको कुरा स्पष्टै छ ।

त्यस्तै बकासुरको भोजन बन्न जान लागेको ब्राह्मण पितालाई रोक्न खोज्दै छोरी भन्छे–

**आँखामा किन यो आँसु घर छोरी छँदाछँदै**

**अँध्यारो कसरी होला घर तोरी हुँदाहुँदै**

यहाँ 'तोरी' को उदाहरण मैले आफ्नो विम्ब पाएको छु । तोरीभित्रको तेलमा रहेको प्रकाशतिर यो तोरी ध्वनित छ । यसरी अनेक स्थल मैले आफ्नोपन दिन खोजेको छु । यद्यपि व्यासबाबाको उच्छिष्ट खाएर मैले स्फूर्ति गर्नु एउटा बालचापल्य मात्रै हो भन्ने कुरा विज्ञजनले सम्फनुहुनेछ । गजराजको पार्श्वमा खेल्ने छावाको छनकमनकमा पनि छुट्टै छटा हुन्छ भनी सबैले सोच्नुहोला । यस महाभारत चम्पूमा भगवद्गीताका चारसय सत्र श्लोक लगायत जम्मा सोह्रसय सतासी श्लोक विविध छन्दमा प्रयुक्त छन् । यी श्लोकमा कतै न कतै नवीन विच्छिति भेटियो भने म धन्य हुनेछु ।

### आफ्नो परिवेशको स्मरण

यो चम्पूकाव्य लेख्दा यत्रतत्र नेपालका प्राकृतिक दृश्यलाई महाभारत कथामा अनुभूत गरेर म रोमाञ्चित भएको छु । अर्जुन धवलागिरीको फेदीमा तपस्या गर्न बस्दा म स्वयं त्यहाँ थिएँ कि भनेजस्तो हुन्छ ।

**असंख्य तिम्रा हिउँका चुलीमा**
**नालाहरूमा हरिया थलीमा**
**सदा घुमेरै सपना चुमेरै**
**सँगालिएथे अनुभूति धेरै । ।।४८।१०**

**हराभरा पर्वतका पखेरा**
**आधार हुन् जीवननिम्ति मेरा**
**बिदाइ पाऊँ अहिले म जाऊँ**
**फर्केर सेवा दिन फेरि आऊँ ।। ४८।१३**

धवलागिरिबाट काठमाडौँ आएर तपस्या गरिरहेको मलाई अर्जुनका यी वाणी आफ्नै वाणी भइरहेको प्रतीत हुन्छ । त्यस्तै भारद्वाजले श्रेष्ठ श्लोक कुन हो भनी प्रश्न गर्दा महर्षि भृगुको उत्तर यस्तो छ–

**हिमगिरि नजिकैमा एउटा दिव्य देश**
**अधिक मधुवहारी शान्तिकारी विशेष**
**सुकृत जन रहन्छन् स्वर्गमा देवतुल्य**
**कटुकपट हटाई प्रीति छाई अमूल्य ! ।११७।६**

नेपालको यो रूप शाश्वत रूप हो । वर्तमानको क्षणिक विद्रूपलाई हाम्रो सनातन दिव्य रूपले पराभूत गर्ने नै छ ।

शान्ति खल्बलिएको वर्तमानलाई अश्वत्थामाको दुर्योधनलाई दिएको सल्लाहले यसरी सान्त्वना दिन सक्छ । युद्धमा प्रतिबद्ध सैनिक पनि शान्तिलाई कसरी महत्व दिन्छन् भन्ने कुरा यहाँ देखिन्छ–

**जो शान्तिले विश्व अँगाल्न सक्छ**
**दयालु भै पत्थर गाल्न सक्छ**
**त्यो बुद्धिजीवी जन हो अवश्य**
**जो प्रीतिले मावन गर्छ वश्य ।।९८।४**

वनपर्वका कालीबन्जार जंगलमा कि बाटामा भेटिएका सरलमना दाजुभाइको प्रेममा मैले मेरै पहाडका मुस्कानको दर्शन पाएको छु । त्यस्तै दुष्ट राक्षसका मुखमा पुग्दा अहिलेको विश्वमा बढिरहेको आतङ्कलाई त्यहीँ आलोकित भएको देखेको छु । समग्रमा नेपालकाका कुनाकानीका यी मनोरम दृश्य, भाव र भाषालाई मैले महाभारत अनेक विम्बमा दर्शन, स्पर्शन, श्रवण र अनुभूत गरेको छु । घरमा आएर कुन्तीको हातको कुचो खोस्ने द्रौपदीलाई मैले हाम्रै पहाड घरमा बोलाएको छु । उनी नयाँ बुहारी भएर आएकी छन् ।

वनपर्वमा जब एक्ली द्रौपदीलाई सिन्धुराज जयद्रथले दुराशययुक्त नजरले हेर्छ, द्रौपदीको स्वाभिमान जाग्छ । आज परिस्थिति बदलिएर घर छोडी वनमा पस्नुपरेको विडम्बनालाई तपस्यामा बदलेर भविष्यको उज्ज्वल उपागम कुरिरहेकी द्रौपदीले जयद्रथलाई भनिन्–

**हामी तपस्वी अथवा गृहस्थ**
**यस्तै छ साधारण खानपान**
**आई तँ जस्ता अनुदार-चित्त**
**भुकेर बोल्छन् कुकुर समान**

द्रौपदीका यी वाणीमा मैले मेरो समाजका 'अनुदारचित्त' हरूको र आफ्नो द्वन्द्वको दर्पण पाउँछु ।

ककधमैले उदाहरणका लागि केही ठाउँ र प्रसङ्ग उठाएँ । अरू विज्ञजनले पाठबाटै मूल्याङ्कन गर्नुहुनेछ ।

### मेरा पूर्वप्रयास र महाभारत चम्पू

बाल्यकालदेखि आकर्षणको केन्द्र रहेको महाभारतलाई मैले आजभन्दा ३०।३२ वर्ष पहिले वेणीसंहार नाटक पढेर नेपालीमा अनुवाद गरेथेँ । पछि लघुकाव्य बनाएर महाभारत सार लेखेँ । मेरो धोको पुगेन । २०६० सालको असोज २८ गतेबाट महाभारत चम्पू लेख्न बसेँ । विद्यालयको अति कार्य-व्यस्तताबाट उम्केर पनि मैले प्रत्येक दिनजसो लेख्दै गएँ । एक वर्ष लगाएर मैले यो लेखेर सिध्याएँ । श्रीमद्भगवद्गीतामा मलाई केही घोत्लिनु अवश्य पर्‍यो । भगवद्गीताका गहनतामा डुब्नुपरेकोमा मलाई गर्व छ । विश्वको उत्कृष्ट दर्शन ग्रन्थको तत्वान्वेषणमा आफूलाई पनि उभिएको पाउन मेरा लागि रोमाञ्चदायी विषय हो । जगन्नियन्ताको आदेशले मलाई कुनै व्यवधान आए । बरू मैले यो तयार गर्दा मूलमहाभारत (गीताप्रेसी), श्रीमद्भागवद, गीता तत्वविवेचनी र भगवद्गीता (साधक सञ्जीवनी रामसुखदासको टीका), हरिवंश, चक्रपाणिको संक्षिप्त महाभारत, राजगोपालाचारीको महाभारत कथा, सुब्बा होमनाथ केदारनाथ खतिवडाको महाभारत यी ग्रन्थको समेत केही आधार लिएको छु । शब्दको अल्मललाई फुकाउन अमरकोश कुलचन्द्र टीकाको मद्दत लिएको छु ।

### थप आख्यानबारे टिप्पणी

मूलमहाभारतमा बर्बरीकको कथा पाइँदैन । यो आख्यान पुराणान्तरमा पाइन्छ । गीतालोक भाष्यमा बडागुरूज्यू स्व. अम्बिकाप्रसाद अधिकारीले वर्वरीक र एकलव्यलाई एउटै व्यक्ति भनी परिचय दिएको पनि पाइन्छ । तर एकलव्य नैषद भनिए पनि यदुकुलकै सन्तान थियो । त्यो कार्यकारणवशात् छलिएर निषाद हिरण्यधनुको घरमा पालिन पुगेको थियो । यो प्रसङ्ग हरिवंश पुराणमा उल्लेखित छ । तर वर्वरीकचाहिँ घटोत्कथको पुत्र भनी सु. होमनाथकेदारनाथको महाभारतमा लेखिएको छ । यो तथ्य सत्य सावित हुन्छ । किनभने स्कन्दपुराणादिमा पनि यही कुरा उल्लेख छ । मैले घटोत्कच पुत्रसँगै वर्वरीत पाण्डवलाई सहायता गर्न आएको महान् धनुर्धर भनी लेखेको छु । उसको टाउको श्रीकृष्णले काट्नुभएको थियो र अमृतसिञ्चन गरी अग्लो ठाउँमा राखिएको प्रसङ्ग यहाँ छ । वर्वरीकले रोमाञ्चक महाभारतको युद्ध हेर्ने इच्छा व्यक्त गरेकाले त्यसो गरिएको हो । युद्धको समाप्तिपछि पाण्डवमा विजयोन्माद बढ्दा श्रीकृष्णले उनीहरूलाई वर्वरीकको शिर राखिएको ठाउँमा लगेर उसको मन्तव्य सुनाएपछि उनीहरूको मस्तिष्क ठण्ड भएथ्यो । यस्तै कतिपय थप आख्यान अन्यत्रबाट यहाँ आएका छन् । पाठकवर्गले रूचिपूर्वक पढिदिनुहुनेछ । ००

# दाङदेखि भारतको गान्धीनगर हुँदै पोखरामा



**भवानी न्यौपाने** (**भावना**)

यो संसारमा कैयौँ मानिस जन्मन्छन् तर सबै सधैँको लागि बाँच्न सक्दैनन् । जन्मेपछि कोही असल र नयाँ काम गरेर जीवनपर्यन्त बाँचिरहन्छन् स्मृतिका वृत्तचित्रमा । कोही बाँचेर पनि मरेजस्तै हुन्छन् । यो छोटो, मानवीय जीवनमा केही न केही राम्रो काम गर्नुपर्छ भन्ने सोच बोकेर म जीवनरूपी अध्यायमा लम्कँदै थिएँ । कलिलै उमेरमा म आध्यात्मिक, सामाजिक, साहित्यिक भाव बोकेर हिँड्दै थिएँ । यसरी हिँड्दाहिँड्दै मैले धेरैको विश्वास र माया बटुल्ने अवसर पाएँ, यो मेरो जीवनको सुखद पक्ष हो । मरेर रित्तै जाने यो जिन्दगीमा आफ्नो जीवनलाई विश्वास र माया दिने शुभचिन्तक कमाउनु नै जिन्दगीको सम्पत्ति हो । यही सम्पत्ति कमाउन पाएकोमा म जीवनमा सदैव खुसी छु ।

जीवन भोगाइका क्रमसँगै दिनहरू बित्दै जाँदा सयौँ अनुभूति बटुल्दै हिँडिरहेको छु । एक तमासले मेरो जीवन यात्रामा । यही क्रममा वैशाख महिनाको सुरूवातसँगै घरमा श्रीमद्भागवत सप्ताह गर्ने निधो गरिएको रहेछ । म आफ्नै सरकारी पेसामा व्यस्त भएको, विभिन्न सङ्घ-संस्थामा आबद्ध रहेको र साहित्यमा लीन भएको कारणले हुनुहार व्यस्त हुनु स्वभाविकै हो । जिन्दगीमा पाँच मिनेट फुर्सद छैन र त म भन्ने गर्छु विश्राम के हो थाहा छैन, सडकका कुनाकुनामा थुप्रिएर फाल्तु गफ गर्ने समूह देख्दा मलाई आफू संसारकै भाग्यमानी लाग्छ । श्रीमद्भागवत सप्ताहको प्रारम्भको दिन म आफ्नो विदाहरू लिएर घर गएँ । एउटा असल कर्ताको भूमिका निभाउँदै लीन भएँ त्यस पुण्यकर्ममा । मध्यान्तरमा उठेर आगन्तुकको सत्कार गर्दै अन्य बेला पूजाकार्यमा व्यस्त भइरहँदा सातौँ दिन सप्ताह समापन हुने दिनसम्म तल्लीन भइरहेँ ।

जब सातौँ दिन सप्ताह विसर्जन भयो, त्यहाँका प्रमुख वाचक, उपवाचक लगायत घरपरिवार आफन्तहरूलाई म त्यतिबेलै हिँड्नुपर्ने र नेपालको टोली तीन दिन पहिले गइसकेको, आफू पनि भोलिपल्ट जसरी पनि पुग्नुपर्ने उक्त दिन अन्तर्राष्ट्रिय सम्मानबाट सम्मानित हुन लागेको कुरा जानकारी गराएँ । सबैले आशीर्वाद दिँदै विदाइ गरेपछि म गाडी चढेर दाङ आएँ । सन्ध्याले डेरा जमाउन थाल्यो । आफूचाहिँ त्यतिखेर नै गाडी चढ्नुपर्ने बाध्यता थियो । समय एकदमै कम, पुग्नुपर्ने भारतको गान्धीनगर । गाडीबाट ओर्लेर आफ्नो निवास तुलसीपुर 'ग' लाइनमा फटाफट लागेँ । दुई जोर कपडा झोलामा राखेर पुनः सडकमा दौडिएँ । वीरेन्द्र चोकमा रूकुमको नाइट आइपुग्यो र मैले तुलसीपुरदेखि भारतको यात्रा आरम्भ गरेँ ।

म चढेको उक्त गाडी बिहान पौने चारमा बुटवल आइपुग्यो । म झरेर बुटवल चौराहामा उभिएँ । पन्ध्र मिनेटपछि एउटा बस सुनौली जान आयो र त्यही बस रूकाएर सुनौलीतर्फ लागेँ । सुनौलीको सिमानामा पुगेपछि म झरेँ र भारतको सीमाभित्र प्रवेश गर्दै सोच्दै थिएँ अब भारतको गान्धीनगर पुग्नेबारे । नेपालबाट अरू साहित्यकार तीन दिन पहिले पुगिसकेको खबर प्राप्त भएको थियो । म एक्लै जाँदै थिएँ गान्धीनगर । मेरो यात्रा सुरक्षित बनाउन म नेपाल भारतको सिमानामा रहेका माइती नेपालको सुरक्षाकर्मीकहाँ पुगेँ र आफ्नो परिचयसहित आफू जानुपर्ने ठाउँ बताएँ । एक्लै जान लाग्नुभएको रहेछ, ठीकै छ बस्नुस् केहीबेरपछि कुनै गाडीलाई कुरा गरिदिउँला भन्दै आ-आफ्नो काममा व्यस्त भइरहे । मलाई भने निक्कै हतार भइरहेको थियो किनकि उक्त दिन मलाई भारतले लक्ष्मी स्मृति गौरव अन्तर्राष्ट्रिय सम्मानले सम्मानित गर्दै थियो । समय कम र पुग्नुपर्ने टाढा म निक्कै आतुर थिएँ । त्यही बेला एउटा इन्डियन प्लेटको गाडी त्यतैबाट गेटतिर जाँदै थियो । मैले हात उठाएँ, त्यो गाडी हामी बसेकै ठाउँमा आएर रूक्यो । मैले गाडी चालकलाई आफू भारतमा सम्मानित कार्यक्रममा जान लागेको र समयमै पुगिसक्नुपर्ने कुरा बताएँ ।

उसले ठीक छ म जान्छु, भाडाचाहिँ महँगो पर्छ रिजर्भमा के गर्नुहुन्छ भन्यो । मैले ठीकै छ मलाई समयमै पुऱ्याइदिनुपर्छ नत्र कार्यक्रम छुट्छ भनेँ । उसको र मेरो कुरा सहमतिमा टुङ्गियो । अब भारतको यात्रा ढुक्क भयो । माइती नेपालका सुरक्षाकर्मीहरूले हिन्दी भाषाबाट उक्त ड्राइभरलाई साहित्यकार देशका साझा सम्पत्ति हुन् । यी नेपालकी चर्चित साहित्यकार हुन्, यिनलाई राम्रोसँग पुऱ्याइदिनू भनेर चालकलाई सम्झाए र उसको फोन नम्बर उनीहरूले राखे । मेरो नजिक महिला सुरक्षाकर्मी आएर हामीले चिनेको चालक हो गाडी पनि आफ्नै हो । एकदम इमान्दार छ जानुहोस् सिस्टर ढुक्क भएर । हाम्रो नेपालको प्रतिष्ठा राखेर फर्कनुहोला । यो कार्ड लिनुहोस्, केहीपरे खबर गर्नुहोला भन्दै कार्ड दिइन् र शुभयात्रा भन्दै मलाई विदाइ गरिन् । गाडी मेरो अगाडि ल्याएर तेर्स्यायो, म चढेँ र त्यो माइती नेपालको टिमलाई विदाइको हात हल्लाउँदै म भारतको यात्रा आरम्भ गरेँ । सुनौलीको मध्य सहर पुगेपछि गाडी रूकाएर चालक झऱ्यो र नजिकको रेस्टुरेन्टको अगाडि बस्दै चुरोट पिउन थाल्यो । म भने भित्रभित्रै छट्पटिरहेँ कतै कार्यक्रम छुट्ला भनेर । मैले गाडीको सिसा खोलेर गुरूजी जल्दी करो, बहुत देर होगया । हमरा प्रोग्राम छुट्जाता है, देर नही करो भनेँ । उसले चुरोटको ठुटो तान्दै जीजी जरूर भन्दै उठ्यो र चुरोट मिल्काउँदै पुनः गाडी स्टार्ट गऱ्यो ।

सुनौली बजारको जनघनत्वले प्रदूषित देखिने उक्त सहर छिचोल्दै हाम्रो गाडी आफ्नै गतिमा कुद्न थाल्यो । वैशाख महिनाको प्रचण्ड गर्मी भए पनि एसी गाडी भएकोले मलाई गर्मीले आक्रमण गर्न पाएन । बिहानी प्रहर स्वच्छ हावाको झंकार, गाडीमा गुन्जिरहेको हिन्दी सुपरहित गीत गजलले मलाई निक्कै भावुक बनाइरहेको थियो । म यात्रामा आफैँभित्र हराइरहेँ । कति कति बेला गीतकै भावमा बगेर मेरा नयन छल्किरहेको पाउँथेँ । अनि दोपट्टाको छेउले ती नुनिला विन्दुहरू पुछ्थेँ । वरपरका सुन्दर फाँट र दृश्यतिर नयन बिछ्याउँदै म यात्रामा लीन भइरहेँ । यही क्रममा गाडी चियाखाजाको लागि रूकाएर गाडी चालकले आप क्या ले ते है भनेर सोध्यो मैले टाउको हल्लाएर नखाने संकेत गरेँ । ऊ झरेर चिया चमेनातिर लाग्यो । म झ्यालबाट चमेनागृहतिर हेर्दै थिएँ । चमेनागृहको मालिकले क्या चाहिए

बहनजी भनेर सोध्यो । मैले सिटमै बसेर एक समोसा और एक कफी भन्दै अर्डर गरेँ । उसले गाडीमा नै पुर्‍याइदियो र भोकले काउकुती खेलेको पेट शान्त पारेँ । चालकले पुनः चुरोट पिउँदै थियो त्यहीँ बसेर ।

म भने गाडीमै बसेर हेरिरहेँ । केहीबेरमै एउटा पानी बोकेर गाडीतिर आएर चालकले पानी लिजिए वहन भनेर पानी दियो । मैले पानी पिएँ । गाडी क्रमशः आफ्नै धुनमा चलिरह्यो । लामो यात्रा भए पनि सुविधाजनक थियो गाडी । मलाई कुनै असहज लागेन । चालक आफै गाडीको साहु रहेछ, निक्कै इमानदार र अनुशासित मलाई बडो सम्मानजनक व्यवहार देखायो । मेरो हृदयले उसलाई अनेकौँ धन्यवाद दिइरह्यो उसको नैतिक जीवन देखेर । मनभरि खुसी बोकेर म यात्रामा विलिन भइरहेँ । लगातार कुदिरहेको उक्त गाडीले गान्धीनगरको भूमि स्पर्श गरेको पत्तै भएन । म जीवनभर असंख्य यात्रा गरिरहने मान्छे कैयौँ यात्रा कष्टकर पनि हुने गर्थे तर त्यस दिनको यात्रा मलाई अत्यन्त सहज र मनोरम लागिरहेको थियो । गाडी गान्धीनगरको चोकमा अडियो अनि चालकले सोध्यो ? कहाँ है जाना भनेर प्रश्न गर्‍यो । मैले डा. अश्क (आयोजक) लाई फोन गरेँ । उसले भनेकै स्थान गान्धीनगरको एउटा भव्य भवनमा हामी पुग्यौँ । नेपालका साहित्यकारहरू र डा. अश्क मलाई रिसिभ गर्न उक्त भवनको गेटमा आए । म गाडीबाट ओर्लें र चालकलाई उसले भनेबमोजिम रिजर्भ भाडा दिएँ र हामी भवनको तेस्रो तलामा उक्लियौँ । झमक्क साँझ पर्‍यो, सन्ध्याको साम्राज्य विस्तार हुँदै गयो, यता कार्यक्रम हल सजिसजाउ थियो । केही बेरमै कार्यक्रम सुरू भयो । बृहत् काव्य गोष्ठी, स्रष्टासम्मान र काव्यवाचन । कार्यक्रमको उद्घाटन उत्तर प्रदेशका मुख्यमन्त्रीबाट भयो ।

उक्त कार्यक्रममा भारतका सम्पूर्ण क्षेत्रका साहित्यकार एवं भारतका मुख्य ओहदा व्यक्तित्वहरूको पनि उपस्थिति रहेको थियो । कार्यक्रममा मन्तव्य र रचना वाचनसँगै मध्यान्तरमा स्रष्टासम्मानको सुरूआत भयो । कार्यक्रम रातभर चल्ने कुरा कार्यक्रम सञ्चालक डा. अजय अश्कले जानकारी गराएका थिएँ । स्रष्टा सम्मानकै क्रममा नेपाली टोलीको पालो आयो । भारतीय साहित्यकारहरूले हामी नेपाली टोलीलाई सम्मान गरेपछि आ-आफ्नो स्थानमा बस्यौँ । भारतीय स्रष्टाहरूको पनि सम्मान भइरहेको थियो । स्रष्टा सम्मानपछि काव्यवाचन र मन्तव्य चलिरह्यो । हामी नेपाली टोलीको पनि क्रमशः पालो आयो र आ-आफ्ना संक्षिप्त मन्तव्य र रचना पस्कियौँ । कार्यक्रम अविराम चलिरह्यो । रातको तीन बज्यो । अब हामी नेपाली टोली नेपाल फर्कने निधो गर्‍यौँ र डा. अश्कलाई जानकारी गरायौँ । उनले हामीलाई फलफूल, मिठाइ सर्वतले स्वागत गरेपछि हामी पौने चारबजे बिहान नेपाल फर्कियौँ ।

भोलिपल्ट विभिन्न मिडियाले हामी सम्मानित भएको खबर प्रकाशित गरे । मलाई देशभरबाट बधाईको खबर आउँदा म हर्षित हुँदै बसेकी थिएँ घरमा । धेरै अग्रज, समकालीन र अनुजले फोन गर्ने क्रम एकहप्तासम्म चलिरह्यो । नेपालभरबाट फोन सम्पर्क गर्दै भावना तिमीलाई प्रत्यक्ष नदेखे पनि तिम्रा साहित्यिक गतिविधि, पत्रपत्रिका पढ्न पाउँदा हामी धेरै खुसी छौँ । प्रत्यक्ष भेट्ने रहर छ भन्ने खबर प्राप्त भइरहँदा मेरो मन निक्कै भावुक भइरह्यो ।

२०७४।१।१० गते म बेलुकीको खानापछि शयनकक्षमा आराम गर्दै थिएँ । मेरो मानसपटलमा एक्कासि एक अवधारणाको जन्म भयो । मलाई यो देशका हरेक ओहदा र क्षेत्रका शुभचिन्तकले दिएको माया र प्रेरणालाई एउटा राष्ट्रिय साहित्य सम्मेलनको आयोजना गरेर त्यसलाई सफल पार्दै त्यहीँ सबैको प्रत्यक्ष भेटको माध्यम बनाउँछु भन्ने । रातभर यही कुरा मनभरि खेलाउँदा कतिखेर निदाएँछु पत्तै पाइन । देशभरका नारी स्रष्टाहरूलाई जोडेर एकता, आत्मियताको विकास गर्दै एउटै भावनामा उनेर अगाडि बढ्छु भन्ने विचार एक्कासि जन्मियो । भोलिपल्ट बिहान पाँच बजे एउटै कोल्टेमा ब्युँझिएँ । त्यसपछि पोखरा निवासी मेरी घनिष्ट मित्र गौरीलाई फोन गरेँ । गौरी मलाई केही गरौँ भन्ने भावना जाग्यो । यो देशले दिएको मायालाई एउटा नयाँ काम गर्दै अगाडि बढौँ । राष्ट्रिय साहित्य सम्मेलन गरौँ । ठाउँ पनि पोखरा रोज्यो मेरो मनले । यति मात्र बोल्दै थिएँ मेरी मित्र गौरीले निक्कै उत्साहित हुँदै ल हाम्रो पोखरामा यहाँहरूलाई स्वागत छ आउनुहोस् म पूर्ण सहमत छु के के गर्नुपर्छ गरौँ ।

मलाई खुसीको सीमा रहेन । पहिलेदेखि गौरी र मेरो सम्पर्क भइरहँदा मैले भन्दै आएकी पनि थिएँ हाम्रो मित्रताले मातृभूमि र यो समाजलाई केही दिनुपर्छ साँच्चै भगवान्ले जुराइदिए आज । हाम्रो निर्णय भयो र तिथिमिति तोक्यौँ वैशाख १५ र सामाजिक सञ्जालमा सार्वजनिक गर्‍यौँ । फोन सम्पर्क गर्‍यौँ सबैलाई । वैशाख १५ नजिकिदै गयो । मेरो अत्यधिक व्यस्तताले म पोखरा एक दुई दिन पहिले जान सकिनँ । नेपालका विभिन्न जिल्लाका नारी सर्जकहरू पहिले नै पुगिसकेका थिए । म आफ्नो जागिरबाट फर्केपछि चार बजे पोखराको नाइट बस चढेँ । रातभरको यात्रापछि बिहान नौबजे पोखरा पुगेँ । त्यहाँ सबै जम्मा भएर मेरो प्रतीक्षामा थिए साथीहरू । म गाडीबाट झर्दा प्रिय मित्र गौरी स्कुटी लिएर मलाई लिन आउनुभयो । उहाँ र म अत्यन्त घनिष्ट मित्र हौँ । त्यसपछि म वाथरूम लागेँ । वाथरूम भित्रै थिएँ गौरीले भावना छिटो निक्लनुस् अब हामी फेवाताल र बौद्ध स्तुप आदि स्थानको अवलोकन पूर्वघोषित योजना अनुसार लागौँ भन्नुभयो । पाँच मिनेट म नुहाउँछु भनेँ, फटाफट नुहाएँ र बाहिर निक्लेँ र स्कुटी हावाकै गतिमा कुदाएर हामी अन्य सबै जिल्लाका साथीहरू बसेको ठाउँतिर लाग्यौँ । मलाई सबैले भावना भन्दै प्रेमको न्यानो स्पर्श गराएँ । अभिवादनपश्चात हामी गाडी लिएर फटाफट स्थल अवलोकन भ्रमणमा लाग्यौँ । पोखराको सौन्दर्यमा हामी सबै मुग्ध भयौँ र मृदुल आत्मियता आदानप्रदान गर्दै विभिन्न हृदयका तस्वीर कैद गर्‍यौँ ।

मन खिच्ने प्राकृतिक सुन्दरताले हामीलाई असाध्य तान्यो । अत्यन्त रमायौँ सबै जिल्लाका साथीहरू । त्यसपछि सम्पूर्ण स्थान अवलोकन गरेर पुनः फर्कियौँ प्रिय मित्र गौरीको लेकाली चुलो घरमा । त्यसपछि कार्यक्रम हलमा खचाखत पोखरेली साहित्यकार अनि देशका विभिन्न जिल्लाका साहित्यकार देखिए । त्यसदिनको सभापतित्व आफ्नै थियो । छिटोछिटो म कपडा बदल्न दौडिएँ । यता सम्पूर्ण तयारी भइसकेको थियो । म हलमा प्रवेश गर्दा सबैले मेरो अनुहारतिर हेर्दै भावनाजी भन्दै आत्मियता प्रकट गरे । कार्यक्रम सुरू भयो । सबै कुरा उत्तिकै सक्रिय गौरी त्यसदिन कार्यक्रम सञ्चालनको भूमिकामा रहनुभयो । त्यस दिनको प्रमुख अतिथि, प्राज्ञ तथा लोकगायक हरिदेवी कोइराला हुनुहुन्थ्यो । विशिष्ट अतिथि साहित्यकार कृष्णादेवी शर्मा श्रेष्ठ हुनुहुन्थ्यो । आसनग्रहणको काम सकिएपछि कार्यक्रमको सभापतित्वको भूमिका खेल्दै नेपालमै एउटा नयाँ कार्यक्रमको थालनी गरियो । कार्यक्रममा विभिन्न जिल्लाका महिला कविहरूले आ-आफ्ना मन्तव्य र रचना वाचन गर्ने क्रम चलिरह्यो । कार्यक्रमको मध्यभागमा राष्ट्रिय नारी साहित्य परिषद्को गठन गरेर कार्यसूचीको नामावली सञ्चालिकाबाट घोषणा गरियो । त्यसपछि प्राज्ञ हरिदेवी कोइरालाले म संस्थापक अध्यक्षलगायत अनि सम्पूर्ण कार्यसमितिलाई अविरमाला, खादा लगाउँदै बधाई तथा शुभकामना दिनुभयो ।

अत्यन्त भव्य र विशिष्ट उक्त कार्यक्रममा नेपालभरका महिला कविहरूको मन्तव्य र रचना वाचन सकिएपछि त्यस कार्यक्रमकी प्रमुख अतिथि हरिदेवी कोइरालाले नेपालमै नयाँ अवधारणा र ऐतिहासिक कामको थालनी गर्ने बहिनी भावनालाई बधाई छ भन्दै खुसी भएको

कुरा बताउनुभयो र यस्तो ऐतिहासिक कार्यक्रम गर्न लागेकोमा म आफूले मेरो तर्फबाट सकेको सहयोग गर्नेछु भन्दै यसलाई विकास र विस्तार गर्न सम्पूर्ण क्षेत्रबाट सबैले सहयोग गर्नुपर्ने कुरा बताउनुभयो । अन्त्यमा सभापतिको हैसियतले आफ्नो मन्तव्यसहित कार्यक्रमको विसर्जनको घोषणा गर्दै पुनः कार्यक्रम स्थलबाटै दाङको गाडी चढ्न हावाको गतिमा कुद्यौँ नेपालगञ्जकी कवि कल्पना खरेल र म । बाटोभर रमाइला कुरा गर्दै यात्रा गरिरह्यौँ । साँझ पर्न थालेको र दिनभरको व्यस्तताले चिया समेत पिउन नपाएको रित्तो पेट शान्त गर्न गाडीले खाजा खान झरौँ भन्दै रोकेपछि हामी दुई झरेर पाकिरहेको तातो पकौडा अर्डर गर्‍यौँ ।

हाम्रो अगाडि टेबुलमा भर्खर खाजा आइपुगेको थियो, घर नै ढलाउने गरी हुरी चल्यो र सडकको धुलोमाटो हाम्रो खाजाभरी भयो । नखाऊँ पेट भोकले नाचिरहेको छ, खाऊँ भने धुलैधुलो तैपनि अलिअलि चपायौँ । पुनः गाडी एकनासले गुडिरह्यो । त्यसपछि भोलिपल्ट पाँच बजे म लमही झरेँ । त्यो गाडी नेपालगञ्ज लाग्यो । कल्पना पनि त्यही गाडीमा नेपालगञ्ज आफ्नो घरतिर लागिन् । म लमहीबाट अर्को गाडी चेन्ज गरी सातबजे बिहान आफ्नो निवासमा प्रवेश गरेँ ।

*तुलसीपुर ५, 'ग' लाइन, दाङ*

# सिजो



**– श्रीराम श्रेष्ठ**

साथीको आत्मीयता मनभित्र राख्दै गए
खुशीले जोडिएको नाता गाँस्दै बाँचिएछ
सधैं नै हाँसीखुसीमा अडिएको मित्रता ।

सफल हुनुपर्छ सोचाइका मनोभाव
गरेर मेहनत इज्जतमा अडिएर
सानले अडिबसेको जीवन नै सार्थक ।

मिलेर बस्न खोज्दा पराई नै ठान्दै गयौ
दुःखेछ हृदयमा वचनले थिंचेपछि
आफ्नैले घृणागर्दामा आफैंभित्र खुम्चियो ।

पानीले पिटिपिटि बाटोलाई दौडाउने
हिडेको पानीसँग कुलो हेर्दै रूझिएको
प्रकृति मान्दै मान्दैन तान्न खोज्दा चुढेको ।

उज्यालो चारैतिर हेर्नलाई झ्याल खोले
प्रकृति रमाउदै इन्द्रेणीको सात रङ
आँखामा बादल देख्दा झोक्किएको आकाश ।

त्रिशूली नदी बग्दै बग्नलाई बाटो खोज्दै
फोहोर मैलालाई पखालेर मिल्काउदै
किनारा टेक्ने पैतला खियाउँदै अडेको ।

*बट्टार, नुवाकोट*


**नेपाल सरकार**
**अर्थमन्त्रालय**
**आन्तरिक राजस्व विभागको**

आर्थिक वर्ष २०७३/०७४ को आयकरको तेस्रो किस्ता बापतको रकम दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ९५ को उपदफा ४ बमोजिम आर्थिक वर्ष २०७३/०७४ को कारोबारको संशोधित अनुमानित करको विवरण पेश गर्नुपर्ने भए सो विवरण र आयकर ऐन, २०५८ को दफा ९४ को उपदफा (१) बमोजिम दाखिला गर्नुपर्ने अनुमानित करको तेस्रो किस्ता बापतको शत प्रतिशत रकममध्ये तिर्न बाँकी कर रकम यही २०७७ आषाढ मसान्तभित्रै ठूला करदाता कार्यालय वा आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गरी शुल्क तथा ब्याजबाट बचौं ।

**गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर**







New Road Gate, Kathmandu, Tel: 01-2296915, 4232965, Fax: 01-4233511, Email: info@barahajewellery.com

**Contact Offices:**
**Pipal Bot:** New Road, Kathmandu, Tel: 01-2190004, 4266799 **Dharan:** Bhanuchowk, Mahendrapath, Tel: 025-526777, 520056, Fax: 025-522412 **Pokhara:** Sabha Griha Chowk, Pokhara, Tel: 061-206570 **U.K.:** Aldershot, London, Tel: 0044-7824332127 1252409272 **Hong Kong:** 12/F Gofuku Tower 62-64, Woosung Street, Jordan KLN, HONG KONG, Tel: 00852-27838955, Fax: 00852-25538966

# राजनीति हरेक समाजको उन्नतिका लागि नभई नहुने विषय हो




**तपाईको नाम बोधविक्रम हो कि सुदर्शन बाबा हो ?**

– म वि.सं. २०१८ सालमा धुलिखेलमा जन्मिएको हुँ । बाल्यकाल मेरो काठमाडौँ उपत्यकाको ललितपुरको कुपण्डोलमा बित्यो । कुपण्डोल बेचेर कलैयातिर बुबा सँगै गइयो । मेरो बुबा छत्रपतेन्द्र पुरुष ढकाल प्रहरी इन्स्पेक्टर हुनुहुन्थ्यो । बुबा-आमाले दिएको नाम बोधविक्रम शाह हो । जन्मैदेखि मैले माछामासु खाइनछु । आमाले माछामासु खानु भएकाले गर्दा मैले आमाको दुध नखाएको कुरा पछि थाहा भयो । मलाई बच्चै उमेरमा वैराग्य आयो । ध्यान सिकें, महात्माहरूको संगत गरें, यसर्थ, महात्माले दिएको नाम 'सुदर्शन बाबा' हो मेरो । सुदर्शनचक्र जस्तो भएकाले सुदर्शन नाम दिएको रे मेरो ।

**अध्यात्ममा कस्को प्रेरणाले लाग्नु भो ?**

– मेरो मुमा राणाजीको छोरी हो, ढकालसँग विवाह भएको रहेछ । वि.सं. २०३२ सालमा म कलैयामा कक्षा ८ मा पढ्थें, एसएलसीको जाँच पनि दिएको हुँ । म एघार वर्षको छँदा नै राजस्थान गएको थिएँ । त्यहाँ २५ वर्ष बिताएको छु, आउँदै जाँदै गर्छु । सानै उमेरदेखि जन्मसिद्ध रूचीले गर्दा म अध्यात्ममा लागेको हुँ, यसकारण अध्यात्ममा लाग्ने प्रेरणा मेरो आफ्नै पूर्वजन्मको संस्कार र भगवान्को कृपाले गर्दा नै हो जस्तो लाग्छ ।

**जीवनमा कहिँकतै पाप गरें कि । जस्तो लाग्दैन ?**

– राजस्थानमा रहँदा भागवत पुराणहरू वाचन गर्ने गरें, देवी भागवत लगायतका ग्रन्थहरूको अध्ययन र वाचन गर्ने हुनाले म शुद्ध भएर अध्यात्मिक जीवन बिताउनुमा नै रमाउने गर्छु । मैले आफूले जानेर एउटा कमिलो पनि मारेको छुइन । निष्काम कर्मद्वारा आत्मज्ञान प्राप्त भएपछि मनमा भक्तिभावनाको उदय हुन्छ, म यस्तैमा मस्त हुन्छ । एकाग्र चित्त भएर अनन्य भक्ति-भावद्वारा भगवान् पशुपतिनाथको पूजार्चना गर्ने भएकाले पाप बारे सोच्ने फूर्सद नै पाएको छुइन ।

**धेरैवटा भाषा बोल्नु हुन्छ रे, हो त ?**

– म सातवटा भाषा बोल्छु । हिन्दी, अंग्रेजी, संस्कृत, भोजपुरी, मैथिली, अवधीलगायतका भाषा बोल्छु- मान्छे अनुसार ।

**सारा भारत भ्रमण गर्ने तपाई कस्को भक्त हो ?**

– सोल इज पावरफूल । कश्मीर देखि कन्याकुमारी सबै तिर गएँ । पूर्वरूप जगन्नाथ जी, पश्चिम द्वारिका, उत्तर बद्री-केदार र दक्षिण रामेश्वरम् मान्छन् भारतमा । सम्पूर्ण ३३ कोटी देवी देवताहरू हाम्रो पशुपतिनाथका शरणमा छन् । ४ पटक पशुपतिनाथको परिक्रमा गर्दा ४ धाम तीर्थ गरेको फल पाइन्छ । सामर्थ हुने अध्यात्मप्रेमीले भारत गए हुन्छ नत्र पशुपतिनाथ गएमात्र पनि यो जीवनलाई पुग्छ भन्ने मेरो निष्कर्ष हो । भारतमा रहुन्जेल सधैं नेपाल र पशुपतिनाथको प्रचार गरें । शिवशक्ति मान्छु, म पशुपतिनाथको भक्त हुँ । पशुपतिनाथको ज्योति मनमा, हृदयमा दर्शन गर्न पाउँने भाग्यमानी मध्ये एक म पनि हुँ ।

**तपाईलाई भेट्न र आशीर्वाद लिन को को आउँछन् ?**

– नाम लिन चाहन्न । विशिष्ठ श्रेणीका ठूला बडा कर्मचारी, सेना, प्रहरीका उच्च अधिकृतहरू, वरिष्ठ राजनीतिज्ञहरू, नेतागण, वर्तमान तथा पूर्व मन्त्री ज्यूहरू, प्रधानमन्त्री बनि सकेका व्यक्तित्वहरू लगायत साना-ठूला मनुष्य जीव सबै आउँछन् । मूर्खहरू आउँदैनन्, आएपनि सुध्रेर जान्छन् । व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाका व्यक्तित्वहरू बरोबर आउने गर्दछन् ।

**कस्ता मान्छेलाई तपाई मूर्ख भन्नुहुन्छ ?**

– नालायक मनुष्यप्रति सन्तोष हुने, मर्यादा र प्रचलनलाई तोड्ने, शत्रुको सेवा गर्ने, अयोग्य स्त्रीलाई आश्रय दिने, आत्मप्रशंसा गर्ने, ठूलो कुलमा जन्मिएर नीच कार्य गर्ने, कन्जुससँग माग्ने, ससुरालीको सम्पत्ति खाएर गर्व गर्ने, दानको आत्मप्रशंसा गर्ने, आफू निर्धो भएपनि बलियासँग वैरभाव गर्ने, ससुरो भएर बुहारीसँग ख्यालठट्टा गर्ने, नारीजातिको अपच्दो निन्दा गर्ने, परस्त्रीलाई गर्भवती बनाउने, नासो सामाग्री नदिने र खराब व्यक्तिलाई असल भन्ने यी सबै मान्छे मूर्ख हुन् भनेर बुझ्दा हुन्छ ।

**मूर्खलाई निद्रा लाग्दैन रे, हो ?**

– बलियासँग विरोध गर्ने निर्वल र साधनहीन व्यक्ति, धन हरण गरिएको व्यक्ति, कामवासना जागृत भएको व्यक्ति र चोरलाई निद्रा लाग्दैन ।

# सबैको जय होस् - जय नेपाल । जय बाबा पशुपतिनाथ । ॐ नमः शिवाय ।





**सज्जन, सदाचारी र सुखी मान्छे कस्ता हुन्छन् ?**

- जो मानिस आफ्नो सुखमा प्रसन्न हुदैन र अर्काको दुःखमा दुःखी हुदैन, दान दिएपछि पश्चाताप गर्दैन, त्यसलाई सज्जन र सदाचारी भनिन्छ । द्रव्यार्जनका माध्यम हुनु, निरोगी हुनु, मृदुभाषी पत्नी हुनु, आज्ञापालक पुत्र हुनु, धनोपार्जन गर्ने विद्या पढ्नु, यी ६ वटा विषय मनुष्यलोकमा सुखदायी छन् ।

**राजनीतिले गर्दा नेपाल पछि पर्‍यो भन्छन् नि, हो त ?**

- अनुशासन पालना नगर्ने र राष्ट्रप्रेम नगर्ने लोभी मनुष्यहरू राजनीतिमा संलग्न भएकाले गर्दा नेपाल पछि परेको हो । राजनीति हरेक समाजको उन्नतिका लागि नभई नहुने विषय हो । मानवीय जीवनमा ५ ज्ञानेन्द्रियहरूको महत्वपूर्ण भूमिका रहे झै मानिसकै लागि साहित्य, राजनीति, दर्शन, धर्म र विज्ञान पनि अनिवार्य विषय हुन् । महाभारतमा उल्लेख भए अनुसार आततायी र अन्यायीलाई राजनीतिमा प्रवेश गराउनुँ नै हुँदैन । यस्ता व्यक्तिका हातमा राजनीति पर्‍यो भने देश र जनताका दुर्भाग्यका दिन आरम्भ हुन्छन् । सायद नेपाल पनि यही बाटोमा हिड्न खोज्दैछ । दुर्योधन, दुःशासन, कीचक, शकुनीजस्ता आततायीका हातमा राजनीतिक शक्ति भएका कारण महाभारतको लडाईमा अकल्पनीय क्षति भएको थियो ।

**नेपालको भविष्य कस्तो रहला ?**

- नेपाल सरकारले मणि चिन्दैन तर ढुंगो चिन्छ । कर्ममा विश्वास गर्ने सत्यवादी मान्छे नेता भएर जन्मिसकेको छ, अब देशमा केही समयपछि राम्रो हुनेवाला छ । नेपालमा कालीको सात पीठ छन् । सत्यताले काम हुन्छ अब । अध्यात्म अनुसार हेर्ने हो भने भारत शरीर हो र आत्मा नेपाल हो । यी दुई देश राम्रोसँग मिल्न सके संसार नै आकर्षित हुने थियो । योगी नरहरिनाथ, खप्तड बाबा, शिवपुरी बाबा र गुरू गोरखनाथको प्यारो भूमि भएकाले नेपालको भविष्य उज्वल छ किनकी यो पशुपतिनाथको देश हो ।

**तपाई नेपालीलाई के भन्न चाहनु हुन्छ ?**

- सत्व गुणी बन । गीता, रामायण, महाभारत र श्रीमद् भागवतको राम्रोसँग अध्ययन गरेर ज्ञानी बन भन्न चाहन्छु । सत्वगुणीहरू प्रगतिपथमा लम्कन्छन् । रजोगुणीहरू बीचमा रहन्छन् भने तमोगुणीहरू निन्द्रा र आलस्यताका कारण अधोगतितर्फ लम्कन्छन् । भाग्यभन्दा उद्योग नै ठूलो सम्झी आलस्य त्यागेर उद्योगतर्फ समर्पित हुने व्यक्तिको चौतर्फी उन्नति हुन्छ । पतिव्रता नारीमा ठूलो शक्ति हुन्छ । उनका वचनहरू कहिल्यै पनि निष्फल हुदैनन् । ईश्वर दाहिने हुँदासम्म आरम्भ गरेका कार्यमा सफलता मिल्छ । ईश्वरले सधैं सत्यलाई साथ दिन्छन् त्यसैले सत्य र धर्मलाई पालन गरेर बाँच्ने गरौं असल कर्म गरेर भन्छु । सबैको जय होस्- जय नेपाल । जय बाबा पशुपतिनाथ । ॐ नमः शिवाय । धन्यवाद छ अग्निचक्र मासिकलाई ॥ ००



# राष्ट्रिय समृद्धिका लागि समावेशी उदारवाद

- **परितोष पौड्याल**, वरिष्ठ उपाध्यक्ष (नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.)

नेपालको सामाज विज्ञानमा अर्थब्यवस्था र राजनीतिक प्रणालीको महत्वपूर्ण भूमिका रहेको छ । उदारीकरण, निजीकरण र विश्वव्यापीकरणको प्रभावले आधुनिक विश्वमा : पुँजीको संसारभरि स्वतन्त्र आवतजावत, शिक्षा र प्रविधिको विश्वव्यापी स्वतन्त्र आवतजावत र मानिसहरुकै पनि विश्वव्यापी रुपमा स्वतन्त्र आवतजावतको अभ्यासको आरम्भले परम्परागत रुपमा रहेका अन्तरदेशीय सीमारेखालाई सीमित गर्दै छन । उदारीकरणको आधारभुत अवधारणा भनेको राजनीतिक अर्थतन्त्रको क्षेत्र राज्यको नियन्त्रणवाट मुक्तहुने अवस्था हो । यो विश्व बजारलाई राष्ट्रिय अर्थतन्त्रमा खुला गर्ने प्रक्रिया हो । आन्तरिक बजारमा पाइने उत्पादन र सेवालाई अन्तराष्ट्रिय प्रतिस्पर्धाका आधारमा खुला राख्नु हो । विश्व बजारमा कानुनी र संस्थागत रुपमा रहेका अवरोधहरुलाई न्यून गरी उत्पादन र सेवाका सबै शर्त र कानुनी बन्देजहरुलाई समान व्यवहार गर्नु हो । उदारीकरणले आर्थिक बृद्धि, विकास र उपभोगका सबै क्षेत्रमा खुला प्रतिस्पर्धालाई स्वीकार गरेको हुन्छ । नवप्रर्वतन, आविस्कार र विश्वव्यापी रुपमा रहेका कुशल अभ्यासले व्यवसायिक समाधानको नयाँ सम्भावनाको उदय गरेसंगै नवउदारवादको विकास भयो । आधुनिक युगमा प्रादुर्भाव भएका समृद्धिका नयाँ पक्षहरुले, आर्थिक आयामहरु, राजनीतिक विचारहरु, सामाजिक ब्यवहारहरु, सांस्कृतिक सम्पदाहरुले मानिसको आर्थिक विकास र गुणस्तरीय जीवनमा संवोधनको माग गरेका छन । आधुनिक युगमा प्रस्तुत मागको समाधानको रुपमा समावेशी उदारवाद आयामिक पक्ष वनेको छ ।

सन १९४४ देखिको लामो बहस र छलफल पछि विश्व ब्यापार संगठनमा अमेरिकी कंग्रेशको असहमति का वीच विश्व ब्यापारलाई नियमन गर्न २३ देशहरुले जेनेभामा ३० अक्टोवर, १९४७ मा करारीय ऐक्यवद्धता जाहेर गरी GATT : General agreement of trade and goods, को सुरु गरे । प्रस्तुत विषयमा विभिन्न देशमा छलफल भयो र आठौं पटकमा उरुगेमा भएको छलफलले सन १९९४ मा मरकस संभ्फौता पछि GATT लाई WTO : World Trade Organization मा १२८ देशको हस्ताक्षर पछि प्रधान कार्यालय जेनेभामा रहने गरी रुपान्तरण गरियो । विश्व ब्यापार संगठनमा पुग्दा भन्सार कर र उत्पादन को अतिरिक्त सेवाक्षेत्रलाई मान्यता दिइयो । २३ अप्रिल, २००४ मा नेपाल विश्व ब्यापार संगठनको सदस्य बन्यो । विश्व ब्यापर संगठनलाई सन्चालन गर्न तीन आधारभुत सिद्धान्तलाई मान्यता दिइयो ।

१) पारस्परिक सम्बन्ध (Reciprocity) : भन्सार करको दर तथा उत्पादन र सेवाक्षेत्रमा कुनै एक देशलाई विशेष सहुलियतको व्यवस्था गर्दा अर्को देशले पनि पहिलो देशको सरह नै विशेष सहुलियत र उन्मुक्तिको व्यवस्था गर्नु पर्ने प्रावधान छ ।

२) ज्यादै हितकारी राष्ट्र (Most favorable country) : यदि कुनै देशले ज्यादै हितकारी राष्ट्रको दर्जा दिएर अर्को मुलुकलाई वस्तु, उत्पादन र सेवाको आयात करमा न्यूनतम कर लगाउँदछ भने विश्व ब्यापार संगठनको सदस्यता कायम रहेको अर्को मुलुकलाई पनि करको दर ज्यादै हितकारी राष्ट्रको सरह नै लगाउनु पर्दछ । विश्व ब्यापार संगठनका सदस्यको वीचमा कुनै पनि प्रकारको भेदभावको नीति तर्जुमा गर्न पाइने छैन ।

३) राष्ट्रिय ब्यवहार (National Practice ) : वैदेशिक वस्तु, उत्पादन र सेवा आन्तरिक बजारमा आयात गरिसकेपछि आयातित र राज्यमा उत्पादित एउटै प्रकारका वस्तु, उत्पादन र सेवाको वीचमा कुनै पनि प्रकारका विभेद गर्न पाइने छैन ।

विश्व ब्यापार संगठनको सदस्य भइसकेपछि संगठनको व्यवस्था अनुसार राष्ट्रको कानुन निर्माण गर्नु राज्यको दायित्वमा पर्दछ । विश्व ब्यापार संगठनको दस्तावेज अन्तराष्ट्रिय कानुनको रुपमा रही नेपालको कानुनले विश्व ब्यापार संगठनको सर्वोच्चतालाई स्वीकार गर्नु पर्दछ । प्रस्तुत तीन सिद्धान्तलाई आधार मानी अन्तर्देशीय ब्यापारलाई मार्गदर्शन गर्न विश्व ब्यापार संगठनको गठन गरिएको छ । विश्व ब्यापार संगठनले देशहरुको बीचमा भएका संभ्फौताको व्यवस्थापन, ब्यापार समभ्फदारी, अन्तरदेशीय ब्यापारिक विवादको सञ्चालन, राष्ट्रिय ब्यापार नीतिको अनुगमन, विकासोन्मुख देशहरुलाई प्राविधिक सहयोग र तालिम एवम् अन्य अन्तराष्ट्रिय संगठनहरुसंग साभ्फेदारी गर्ने कार्यमा सहयोग गर्दछ । आधुनिक राज्यमा ब्यापारिक सहजकर्ताको रुपमा WTO को भूमिका निश्चित गरिएको छ । ब्यापारमा राज्यको हस्तक्षेपलाई कम गरी प्रतिपर्धात्मक अर्थब्यवस्था प्रणालीमा धेरै नागरिकहरुको पहुँच, संलग्नता र योगदानलाई सम्बोधन गर्ने गरी राष्ट्रिय नीतिको तर्जुमा गर्न WTO ले प्रेरित गर्ने गर्दछ । सरकारी काममा सरलता ल्याउन, निजी ब्यापार व्यवसायलाई अनावश्यक नियन्त्रण र प्रतिबन्द रोक्न, रोजगारीमा बृद्धि गर्न संवैधानिक तहमा स्थापित तीनवटै तहका सरकारको भूमिका समावेशी उदारवादको आधारभूत सिद्धान्तबाट निर्देशित हुन आवश्यक छ । उदारीकरणको सम्बन्धमा वस्तु र सेवाको मुल्य प्रतिस्पर्धात्मक बजारले निर्धारण गर्ने विषय र मुलकभरि आयात-निर्यातको स्वतन्त्रतालाई संघीय कानुनले संबोधन गर्नु पर्दछ । वस्तु र सेवाको निकासी पैठारीको प्रक्रियालाई सरल बनाई व्यवसायिक गतिविधिलाई संकुचन गर्ने र विस्तार गर्ने स्वतन्त्रता नागरिकलाई ब्यक्तिगत अधिकारको रुपमा दिनु पर्दछ । प्रगतिशील करको व्यवस्थाबाट सकारात्मक विभेद, शारभूत समानता, क्षतिपुर्तिको न्याय र वितरणात्मक न्यायलाई आधार बनाई राज्यका तीनवटै तहमा आर्थिक विकास र नागरिकहरुको गुणस्तरीय जीवनलाई सम्वोधन गरी नीति र कानुनको तर्जुमा गर्नु पर्दछ ।

उदारीकरण :

विश्व इतिहास र समकालीन राजनीतिमा सामन्तवाद, पुँजीवाद, साम्राज्यवाद, समाजवाद अनेकौं वादहरु विकास भएका छन । प्रस्तुत वादहरुका आधारमा राजनीतिक,आर्थिक, सामाजिक र दार्शनिक संप्रदायका विकास भएको पाइन्छ । यी सम्प्रदायका विकासमा श्रम, भूमि, पुँजी र प्राकृतिक साधन, भौतिक सम्पत्ति, व्यवसायिक क्षमताको प्रयोग, व्यवस्थापन, सञ्चालन र विकासका भूमिकाले प्रचुर स्थान लिएको पाइन्छ । समाज विज्ञानका उपागमहरुलाई न्याय, समानता र समृद्धि प्राप्तिको लागि गरिने विचार, सक्रिय पहलकदमी र क्रियाकलापका आधारमा व्याख्या गर्ने सम्प्रदायलाई विभिन्न वादमा परिभाषा र विश्लेषण गरिदै आएको छ । आर्थिक विकास, आर्थिक मन्दी र तेजी, मानिसको गुणस्तरीय जीवन यापनमा राज्यहरुको विशेष संलग्नता तथा असंलनता मुलुकहरु वीच फरक फरक रहदै आएको छ । विश्व ब्यापार संगठनको स्थापना संगै निजी स्वामित्वमा औद्योगिक, ब्यापार, वित्तीय र मौद्रिक क्षेत्रको उदारीकरणका विषयले विश्व मन्चमा महत्वपुर्ण स्थान पाइरहेका छन । WTO को सदस्य राष्ट्र भएकाले उदारीकरणले संवोधन गरेका विषयहरुलाई नेपालले पनि आत्मसात गरेको छ । १९७० पछि भने जोन लक(Father of Classical Economy)को अवधारणाले नयाँउदारवादको विकास भएको पाइन्छ । मागरेट थेचर र रोनाण्ड रेगनले नवउदारवादको सन्दर्भमा विशेष विचार र कार्यसम्पादन गरेको पाइन्छ । देंगस्याओ पिंगले पनि स्वतन्त्रता, हक, समानता र न्यायलाई मानिस र राज्यको लक्ष्य मानी मानिसलाई उत्पादन र सेवामा छनौटको अधिकार दिनुपर्दछ भन्ने नवउदारवादको अवधारणामा चिनीया आर्थिक कान्तिको सुरुवात गरे । खुला बजार, संगठित शक्ति, वित्तीय विश्वव्यापीकरण, आर्थिक क्षेत्रमार्फत देशहरुको वीचका ब्यापारिक संवन्धले उदारीकरणमा नयाँ फड्को मार्दै छ । World Bank र International

Monitary Fond ले नवउदारवादको सामाजिक न्याय, समाज कल्याण सहितको प्रतिस्पर्धात्मक प्रणालीलाई आत्मसात गरेको छ । मौद्रिक, निजीकरण, वित्तीय, नियमनको स्वतन्त्रता, स्वतन्त्र व्यापार नयाँ उदारवादका आधारमा नेपालले पनि औद्योगिक, व्यापार, वित्तीय र मौद्रिक क्षेत्रका नीतिहरुको निर्माण गरेको पाइन्छ ।

**क) औद्योगिक उदारीकरण नीति** : विश्व महामन्दी १९२९ बाट आर्थिक विकास र मानिसको मानव विकासको विषयमा चर्चा चलिरहँदा विश्व शक्तिकेन्द्र दुई ध्रुवमा विभाजित थिए । आर्थिक क्रियाकलापहरु योजनावद्ध रुपमा लैजाने राज्य नियन्त्रित आर्थिक प्रणाली र राज्य असंलग्न बजार नियन्त्रित आर्थिक प्रणालीको वीचमा विश्वव्यापी विरोधाभाष थियो । नेपालको आर्थिक प्रणालीले मिस्रित अर्थतन्त्रको स्वरुप लिएको थियो । मिस्रित अर्थतन्त्रले क्रमिक रुपमा निजीकरण र भुमण्डलीकरणलाई आन्तरिकीकरण गर्दै आएको पाइन्छ । औद्योगिक नीति, २०४९ ले परिलक्षित गरेका उद्देश्य हासिल गर्न सर्वप्रथम कृषि क्षेत्रमा अत्यधिक मात्रामा निर्भर रहेको अर्थतन्त्रलाई औद्योगिक अर्थतन्त्रमा रुपान्तरण गर्नु जरुरी भएकोले औद्योगिक विकास सम्वन्धी सरकारी क्रियाकलापहरुलाई त्यसै दिशा तर्फ केन्द्रित गर्ने प्रयास गरियो । दोश्रो जनआन्दोलन पछि औद्योगिक नीति २०६७ ले को दफा ६ ले “सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा दिगो एवम् बृहत् आधारसहितको औद्योगिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याई गरिवी न्यूनीकरणमा सघाउ पुऱ्याउने” व्यवस्था गरेको छ । २०४९ को औद्योगिक नीतिमा संसोधन ल्याई नेपालको आर्थिक कार्यप्रणालीमा तीन खम्वे आर्थिक कार्यप्रणालीलाई संवोधन गरेको छ । औद्योगिक नीति २०६७ ले मुख्य ५ उद्देश्य हासिल गर्ने लक्ष्य राखेको छ ।

१. गुणस्तरीय तथा प्रतिस्पर्धात्मक औद्योगिक उत्पादन एवम् उत्पादकत्व अभिवृद्धिबाट राष्ट्रिय आय र रोजगारीमा बढोत्तरीसहित औद्योगिक वस्तुको निर्यात बढाउने ।

२ स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको परिचालन गरी सन्तुलित राष्ट्रिय तथा क्षेत्रीय विकासमा उद्योग क्षेत्रको योगदान बढाउने ।

३ नविनतम प्रविधि एवम् वातावरणमैत्री उत्पादन प्रकृयालाई प्रयोग गरी उद्योग व्यवसायलाई दिगो एवम् भरपर्दो क्षेत्रको रुपमा स्थापित गर्ने ।

४ औद्योगिक विकासका लागि आवश्यक उत्पादनशील जनशक्ति तथा व्यवस्थापकीय क्षमताको विकास गर्दै सवल लगानीको आधार खडा गरी नेपाललाई दक्षिण एशिया क्षेत्र तथा विश्वकै आकर्षक लगानीस्थलको रुपमा स्थापित गर्ने ।

५ औद्योगिक बौद्धिक सम्पत्ति अधिकारको संरक्षण गर्ने ।

औद्योगिक उदारीकरणले, औद्योगिक इजाजतपत्रको उन्मुलन गर्ने, सार्वजनिक क्षेत्रमा आरक्षणको व्यवस्थालाई कम गर्ने, वैदेशिक प्रविधिको सहज उपलब्धता, व्यापार तथा व्यवसायको विस्तारमा स्वतन्त्रताले औद्योगिक उत्पादनमा प्रतिस्पर्धा, वैदेशिक लगानी र प्रविधिको वृद्धि, राज्यको ऋणको भारमा कमी तथा भुक्तानी सन्तुलन, वैदेशिक निर्यात र आयातको स्वतन्त्रता प्राप्त भई आर्थिक वृद्धि हासिल गर्न सहज हुन्छ । औद्योगिक उदारीकरणलाई नीतिगत रुपमा संवोधन गर्ने पहलकदमी सकारात्मक देखिन्छ । यो सक्रियाताले औद्योगिक विकाससम्बन्धी क्रियाकलापहरुमा बढोत्तरी हुन जाने, व्यापक रुपमा रोजगारीका अवसरहरु सिर्जना हुने र जनताको आयस्तरमा बृद्धि हुन गई अन्ततोगत्वा मुलुकको अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान अग्रणी हुने अपेक्षा गरिएको छ ।

**ख) वाणिज्य उदारीकरण नीति** : तेह्रौं योजनाले लिएको वि.सं.२०७९ (सन् २०२२) भित्र नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने दीर्घकालीन सोच तथा गरीवी घटाउने उद्देश्यलाई मार्गदर्शनको रूपमा लिई वाणिज्य नीतिको दूरदृष्टि, उद्देश्य, रणनीति, नीति र कार्यनीति तर्जुमा गरिएको छ ।

नेपालले वि.सं. २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना पश्चात् खुला, उदार तथा बजारमुखी अर्थव्यवस्था अवलम्बन गर्दै आएको हो । आठौं पञ्चवर्षीय योजना (वि.सं.२०४९-२०५४) देखि नै वाणिज्य क्षेत्रको विकासका साथै अर्थतन्त्रको स्थायित्व र समृद्धिका लागि खुला अर्थतन्त्रमा आधारित विभिन्न नीति तथा रणनीतिहरू तर्जुमा गरिएका थिए । खुला एवं बजारोन्मुख वाणिज्य नीतिले स्रोत साधनको परिचालन, आर्थिक विकास र गरीवी निवारणमा सकारात्मक प्रभाव पार्छ भन्ने मान्यता बमोजिम नेपालले दुई दशक अघिदेखि यस्तो नीति अवलम्बन गर्दै आएको छ । वाणिज्य क्षेत्रलाई खुला र उदार आर्थिक नीतिको अवधारणा बमोजिम अघि बढाउने सिलसिलामा वि.सं. २०४९ मा वाणिज्य नीति जारी गरिएको थियो । उक्त नीतिले वाणिज्य क्षेत्रलाई प्रतिस्पर्धात्मक र गतिशील बनाउन तथा वाणिज्य क्षेत्रमा निजी क्षेत्रको भूमिकालाई बढाउन कोशेढुंगाको रूपमा कार्य गरेको थियो । नेपालको बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय व्यापार प्रणालीसँगको आबद्धता र अन्य समसामयिक विषयहरूलाई अद्यावधिक गर्न वाणिज्य नीति, २०६५ कार्यान्वयनमा ल्याइएको थियो । नेपालको राजनीतिक परिवर्तन र गणतन्त्रको स्थापना पछि नेपालको संविधान २०७२ को धारा ५१ (घ) अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति :राज्यका नीतिहरू :“सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने” गर्ने मुलूकको समृद्धिको यात्रा तय गर्ने मार्गदर्शन गरेको छ । वाणिज्य नीति २०७२ को दफा ६ मा “निकासी प्रवर्द्धन मार्फत राष्ट्रिय अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान बढाई आर्थिक समृद्धि हासिल गर्ने” व्यवस्था छ । यसको लागि वाणिज्य नीतिले आपूर्तिजन्य क्षमताको सुदृढीकरण गर्ने र विश्व बजारमा मूल्य अभिवृद्धियुक्त प्रतिस्पर्धी वस्तु तथा सेवाको निकासी बढाई व्यापार घाटा कम गर्ने र क्षेत्रीय तथा विश्व बजारमा वस्तु, सेवा र बौद्धिक सम्पत्तिको पहुँच वृद्धि गर्ने मुख्य दुई लक्ष्य राखेको छ । हाम्रा दुवै छिमेकी मुलूक लगायत नेपालजस्ता अतिकम विकसित मुलूकले समेत अन्तर्राष्ट्रिय व्यापारबाट अर्थतन्त्रमा उल्लेखनीय प्रगति गरेको भए तापनि नेपालको व्यापार घाटा दिनानुदिन बढ्दै गइरहेको छ । व्यापारिक सन्जालको विकास गर्न पस्तुत गरिएका चीनीया कार्यक्रम One Belt One Road जस्ता महत्वकांक्षी कार्यक्रममा नेपालले ऐक्यवद्धता जनाइसकेको छ । विद्यमान बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय व्यापार प्रणालीबाट अधिकतम लाभ लिन समसामयिक विषयहरूलाई समावेश गरी वाणिज्य नीति, २०७२ आएको छ ।

प्रस्तुत पृष्ठभूमिमा वाणिज्य नीति र नेपाल व्यापार एकीकृत रणनीतिबीच तादात्म्यता, आपूर्तिजन्य क्षमता विकास, उत्पादन र उत्पादकत्वमा वृद्धि, सेवा व्यापार, बौद्धिक सम्पतिको संरक्षण र प्रवर्द्धन, व्यापार मूलप्रवाहीकरण, व्यापारका लागि सहायता, संस्थागत सामाजिक उत्तरदायित्व, व्यापार र वातावरण, अनुगमन संयन्त्रको व्यवस्था गरिएको छ । आपूर्तिजन्य क्षमताको सुदृढीकरण गर्ने र विश्वबजारमा मूल्य अभिवृद्धियुक्त निर्यात संभाव्य वस्तु तथा सेवाको निकासी बढाई व्यापार घाटा कम गर्ने र क्षेत्रीय तथा विश्वबजारमा वस्तु, सेवा र बौद्धिक सम्पतिको पहुँच वृद्धि गर्ने उद्देश्य एवं सोही अनुरुपका रणनीति, नीति तथा कार्यनीतिहरु मार्फत निकासी प्रवर्द्धन गरी समावेसी र दिगो आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य तथा निकासी प्रवर्द्धन मार्फत राष्ट्रिय अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान बढाई आर्थिक समृद्धि हासिल गर्ने दूरदृष्टि मा पुग्न वाणिज्य नीति, २०७२ सहयोगी हुने अपेक्षा गरिएको छ ।

**ग) आर्थिक उदारीकरणको नीति :** आर्थिक क्षेत्रको नेतृत्व नागरिकले गर्नु पर्दछ । आर्थिक क्षेत्रमा नागरिकको नेतृत्व स्थापित गर्न भन्सार महसुल दर छुट, औद्योगिक प्रशासनमा सरलता, आर्थिक क्षेत्रको नियन्त्रणमा राज्यपक्षको असंलग्नता, वैदेशिक लगानी र प्रविधिको प्रयोगमा सशक्तीकरण र प्रगतिशील कर प्रणाली लागु गर्नु पर्दछ । आर्थिक उदारीकरणले बजारको प्रभावकारिताको विस्तार गर्दछ । जसले नागरिकहरुलाई वचत गर्नमात्र होइन वचतलाई लगानीमा परिवर्तन गर्न प्रेरणा दिन्छ । आर्थिक उदारीकरणको लक्ष्य हरेक व्यक्ति हो । व्यक्तिलाई समृद्ध र उन्नत बनाउन सकियो भने मुलक समृद्ध बन्दछ । आर्थिक उदारीकरणले आर्थिक बिकासलाई प्रभाव पार्दछ । आर्थिक बिकास आर्थिक वृद्धिमा रुपान्तरित हुन्छ । आर्थिक वृद्धिले मानिसको गुणस्तरीय जीवनलाई मार्गदर्शन गर्दछ । यसको लागि राज्यले नेपालमा आर्थिक उदारीकरणको नीति अवलम्बन गरी वैंक तथा वित्तीय क्षेत्र सुधार, पुँजी बजार र

विमा बजार सुधारका रणनीति कायान्वयन गर्नु पर्दछ । विकास खर्च र सामान्य खर्चको वजेट तथा योजना, कर प्रणाली र वजेट कार्यानयन मार्फत विकास हरेक मानव व्यक्तित्वलाई विकासको केन्द्रमा राख्ने, आर्थिक क्रियाकलापमा नागरिहरुलाई सक्रिय र सार्थक सहभागितालाई सुनिश्चित गर्नु, सबै प्रकारका विभेद विरुद्धको सुरक्षा गरी विकासका उपलब्धिलाई न्यायसंगत वितरणको व्यवस्था गर्ने, प्राकृतिक साधनहरुमा सार्वभौम अधिकार र आत्म निर्णयको अधिकारलाई सम्मान गरी लोककल्यणकारी व्यवस्थाको विकास गर्नु समावेशी उदारवादको लक्ष्य हुनु पर्दछ ।

**घ) मौद्रिक उदारीकरण नीति :** राज्यको आर्थिक कार्यप्रणालीमा मानिसहरुको आर्थिक क्रियाकलाप, राष्ट्रिय उत्पाकत्व, आय क्षमता, रोजगार र मुल्यनिर्धारण तरल नै रहने गर्दछन । आर्थिक चक्रका पाँच आयामहरु: आर्थिक संकुचन, पुनरुत्थान, मुद्रास्फीति, समृद्धि र आर्थिक मन्दीले मुद्रा प्रवाह तलमाथि भइनै रहने हुन्छ । यो चक्रीय प्रणालीमा जव मुद्रा स्फीतिको कारणले सेवा र उत्पादनको मुल्य वढने र मुद्राको मुल्य कमजोर हुने गर्दछ । जव मुद्रा वढी हुन्छ त्यसले मागलाई वढाउँछ । त्यसपछि माग र आपुर्ति दुबै वढछन । यस्तो अवस्थामा नेपाल राष्ट्रबैंकले मुद्रा स्फीति नियन्त्रण गर्न ल्याउने नीतिलाई मौद्रिक नीति र सरकारले ल्याउने मुद्रा स्फीतिलाई नियन्त्रण गर्न ल्याउने नीतिलाइ आर्थिक नीति भनिन्छ । मौद्रिक नीतिको माध्यमवाट सरकारले आय र व्ययलाई नियन्त्रण गरी मुद्रास्फीतिलाई रोकेर अर्थतन्त्रलाई बलियो बनाउने काम गर्दछ । मौद्रिक प्रवाह मार्फत माग आपुर्तिलाई व्यवस्थापन गर्न करको संरचनालाई बदल्ने र सरकारी खर्च मार्फत पुँजी प्रवाह गरी आपुर्ति र मागलाई व्यवस्थापन गर्न सरकारले मौद्रिक नीति ल्याउने गर्दछ । खुकुलो मौद्रिक नीति : मुद्रास्फीति र सशक्त मौद्रिक नीति : आर्थिक मन्दी बीचको अन्तरविरोधलाई व्यवस्थापन गर्ने गर्दछ ।

मानिसका आधारभूत अधिकारहरु राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक आयामहरु विश्वव्यापी अभियानको रुपमा विकास हुँदै थिए । यी अधिकारहरु विश्व उदारीकरणको प्रभावले नेपालमा प्रवेश पाउँदै थिए । राजनीतिक रुपमा विश्वमा आएको परिवर्तनले उदारीकरणको प्रक्रिया ले व्यापकता पाइरहेको थियो । नेपालमा पनि २०४६ सालको आन्दोलनले राजनीतिक स्वतन्त्रताको उपलब्धि र राजनीतिक अधिकारको उपलब्धिलाई २०४७ सालको सम्विधानले सम्वोधन गरेको पाइन्छ । नीतिहरुलाई कार्यान्वयनमा लान अन्तराष्ट्रिय रुपमा हस्ताक्षर भएका र राज्य पक्षराष्ट्र भएका सन्धि र संभौताको मातहतमा राज्यको कानुनको निर्माण र कार्यान्वयन गर्नु राज्यको दायित्व हो । नेपालमा राज्यको कानूनी प्रणालीको संरचना र पुनसंरचनाले उदारीकरणको प्रक्रियालाई मुल भाग वनाई अगाडि वढेको तुलनातमक अध्ययनले देखाउँछ ।

**२०४६ भन्दा अगाडिको निर्देशित, केन्द्रिकृत र नियन्त्रित कानूनी प्रणाली :**

कानुनी प्रणाली पञ्चायती व्यवस्थावाट कठोर रुपमा नियमन गरिन्थ्यो । पञ्चायती व्यवस्थाबाट नियन्त्रित र औद्योगिक प्रतिष्ठानको दर्ता, सन्चालन र विस्तार गर्दा सरकारी इजाजतमा प्रणाली अत्यन्त कठोर थियो । व्यवस्थाले तोकेको क्षेत्रमा मात्र निजी क्षेत्रले लगानीको अवसर प्राप्त गर्दथ्यो । धेरै क्षेत्रहरु राज्यवाट नियन्त्रित थिए । तेल, हेभि इकुपमेन्ट, टेलिकम, खनिज, हाइड्रो पावर, वित्तीय क्षेत्र समेतमा आवस्यक सेवा सञ्चालन ऐन, २०१४, आवस्यक वस्तु संरक्षण ऐन, २०१२, कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ खाद्य ऐन, २०२३, नेपाल प्रेट्रोलियम एने २०४० निकासी पैठारी नियन्त्रण ऐन २०१३, खानी तथा खनिज पदार्थ सम्वनधी ऐन, २०४२, पेटेन्ट, डिजायन र तथा ट्रेडमार्क ऐन २०२२ जस्ता ऐनहरुले नेपालको उद्योग र वाणिज्य नीतिहरु प्रभावित थिए । सबै उद्योग, प्रतिष्ठानहरु व्यवस्थावाट नियन्त्रित र नियमित गरिन्थ्यो । व्यवस्थाको विश्वास थियो कि ठूला उद्योग प्रतिष्ठानलाई दर्ता दियो भने एकाधिकार र शोषण हुन्छ त्यसैले सरकारले यी क्षेत्रको सञ्चालन गर्नु पर्दछ भन्ने गरिन्थ्यो । तात्कालीन अवस्थामा धेरै उत्पादनको मुल्य निर्धारण समेत सरकारले गर्ने गर्दथ्यो ।

**२०४७ भन्दा पछि विकेन्द्रित र उदारीकृत कानूनी प्रणाली :**

२०४६ सालको जन आन्दोलनले नेपालमा राजनीतिक स्वतन्त्रता, राजनीतिक अधिकारको उपलब्धी र आर्थिक स्वतन्त्रताको उपलब्धिलाई संवैधानिक संवोधन पछि नेपालमा उदारीकरणको आयामले गति लिएको पाइन्छ । विश्वव्यापी रुपमा विकास भएको वित्तीय उदारीकरण, निजीकरण र विश्वव्यापीकरणले सिर्जना गरेका नयाँ आयामहरुलाई क्षणिक विषम आर्थिक अवस्था र आर्थिक वृद्धिदरको अन्तराष्ट्रिय दायित्वले धेरै क्षेत्रमा सरकारलाई उत्तरदायी बनाइरहेको थियो । आर्थिक विकासको रणनीति अनुसार उदारीकरणसंगै आर्थिक सुधारका कार्यक्रमहरु लागु गरियो । राज्यवाट नियन्त्रित उद्योगहरुलाई क्रमिक रुपमा निजी क्षेत्रलाई हस्तान्तरण गर्ने, सार्वजनिक क्षेत्रको भूमिका कम गरी निजी क्षेत्रको भूमिका विस्तार गरियो । माग र आपुर्तिको आधारमा बजार मुल्यको नियन्त्रण गर्ने प्रणालीलाई राज्यले अंगीकार गर्‍यो । वैदेशिक कम्पनीहरु नेपालमा प्रवेशसंगै औपनिवेशले पनि प्रवेश पाउँछ भन्ने विश्वास गर्ने राज्यले आरक्षित उद्योग र ब्यापारलाई उदारीकरण र निजीकरण गर्न वैदेशिक लगानीलाई आकर्षण गर्ने रणनीति, नयाँ आर्थिक नीति र औद्योगिक नीति अभ्यासमा ल्याइयो । नेपाल कम पुँजी र वढी श्रम भएको मुलुक हो । त्यसैले पुँजी र प्रविधिलाई आयात गर्न राज्यले उदारीकरण, औद्योगीकरण, प्रतिष्ठानमा राज्यको असंलग्नता र वैदेशिक लगानीलाई आकर्षण गर्न राज्य उद्दत देखिन्छ । आर्थिक क्षेत्रको उदारीकरणको लागि विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९, औद्योगिक व्यवसाय विकास प्रतिस्ठान, २०५३, खानी तथा खनिज पदार्थ ऐन २०५६, वित्तीय क्षेत्रको उदारीकरणको लागि वैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन,२०६३ लाई प्रतिस्थापन गरेको ऐन २०७३, वैदेशिक रोजगार ऐन, २०६४, भन्सार ऐन, २०६४, गैर आवासीय नेपाली सम्वन्धी ऐन, २०६४, लगानी वोर्ड ऐन, २०६८, उपभोक्ता ऐन २०५४, सार्वजनिक खरिद ऐन,२०६३ लगायतका ऐनहरुले उदारीकृत अर्थव्यवस्था प्रणालीलाई संवोधन गरेको पाइन्छ ।

**उदारीकरणको अभ्यासको उपलब्धि र प्रभाव**

उदारीकरण मान्यताहरु प्रस्तुत चार आयामहरु मार्फत राज्यव्यवस्था प्रणालीमा प्रतिबिम्बित हुन्छन । औद्योगिक नीति र ब्यापार नीति मार्फत द्रुत विकसित अर्थव्यवस्थाको सुद्रिढीकरण र मौद्रिक नीति र आर्थिक नीति मार्फत मुद्रा स्फीति, तरलता र वित्तीय जागरण संगै मानिसको जीवन पद्धतिमा नयाँ शक्ति, हित र ज्ञानको प्रयोगमा विज्ञान र प्रविधिका नयाँ उपलब्धिले मानिसका प्रवल इच्छा, उन्नत चाहना र अनिवार्य आवश्यकतालाई बृहत बनाइरहेको छ ।

नयाँउदारवादले आर्थिक वृद्धिदरलाई बढाउँछ । औद्योगिक क्षेत्रको प्रतिपर्धात्मक श्रेष्ठता कायम राख्छ । गरीवी र असमानताको न्यूनीकरण, आर्थिक मन्दीलाई कमी, मुल्य नियन्त्रण, भुक्तानीमा सन्तुलन र कार्यसम्पादनमा प्रभावकारिता लाई राज्यले सारेका कार्यक्रमलाई सहयोग पुर्‍याउँछन भने उदारवाद वा नवउदारवाले कृषि अर्थव्यवस्था प्रणालीलाई कम महत्व दिन्छन । विश्व बैंक र अन्तराष्ट्रिय मुद्राकोषको दवाव, वैदेशिक ऋणमा आश्रय, निजीकरणको अवान्छित शोषण तथा प्रभाव, बेरोजगारको समस्या वैदेशिक प्रविधिमा आस्रित, समाजकल्याणको अभाव, बर्ग संघर्ष, वित्तीय समावेशीकरणमा समस्या, गरीव र कमजोर बर्गको उत्थानमा उदशीनता, राष्ट्रिय महत्वका विषयमा वेवास्थाले समष्टिगत दिगो विकास रणनीतिलाई संवोधन गर्न सकिदैन ।

व्यक्तिगत स्वामित्व, प्रतिस्पर्धात्मक श्रमको मुल्य, पुनर्उत्पादन, बजार नियन्त्रण प्रणाली, सामन्तवादी व्यवस्थाको विकसित स्वरुपको रुपमा स्वतन्त्र बजार नियन्त्रित अर्थव्यवस्था प्रणालीका कारणले पुँजीबजारको विकासले ब्यापार ब्यापारिक प्रतिस्पर्धाको कारणले प्रविधिको विकास र आविस्कारमा मानिसहरुको संलग्नता संगै कृषि पुँजीवादबाट औद्योगिक पुँजीवादको विकास भयो । १८ औं शताब्दीमा मानिसको बर्ग मालिक र श्रमिक रुपमा विकास भयो । अतिरिक्त मुल्यको कारण शोषण र स्वामित्वको कारण औद्योगिक क्रान्ति र पुँजीवादको विकासका कारण अर्को मध्यमवर्गको विकास भएको पाइन्छ । १९ औं शताब्दीमा उच्च तहको कर्मचारी, प्राविधिक व्यक्ति(चिकिस्त्सक, इन्जिनियर) वर्गीय अवधारणाले आर्थिक असामताको विकास भएको पाइन्छ । २० औं र २१ औं शताब्दीमा पुग्दा पुँजी, प्रविधि र व्यवसायको विस्तारले आज यो मध्येम वर्ग

फराकिलो भएर गएको छ । यो विकासले उपभोग्तामुखी अर्थव्यवस्थाको विकास र उदारीकरणले अझ उच्च स्तरमा चिन्तनको माग गरेको छ । सामाजिक प्रणाली, कानुनी प्रणाली, पर्यावरणीय प्रणाली र आर्थिक प्रणालीलाई समावेशी लोकतन्त्र र तेस्रो पुस्ताको अधिकार मार्फत उदारवाद, नयाँ उदारवाद हुँदै अबको मार्ग समावेशी उदारवाद हो ।

**समावेशी उदारवाद** : मानव सभ्यताको विकाससंगै मानिसका प्रवल इच्छाहरुलाई संबोधन गर्न मानिसले विज्ञान र प्रविधिको विकास र आविस्कार गर्दछ । मानिसको मनोविज्ञान हो-ऊ दुनियाँको सबभन्दा शक्तिशाली, धनी, सुन्दर र आकर्षक व्यक्तित्व निर्माणको लागि संघर्ष गर्दछ । यो मनोविज्ञानलाई व्यवस्थापन गर्न मानिसले उपलब्ध साधन, स्रोत र प्रविधिको आधारमा यसको सन्चालन गर्ने नीति र विधिको आधारमा नियन्त्रण गर्न प्रेरित हुन्छ । मानिसले आफूलाई केन्द्रमा राखेर सोच्ने विषयमा मानिसका जीवन, स्वतन्त्रता, हक र आत्मसम्मान मुख्य विषय हुन । समष्टिमा यसलाई विकास गर्दा मानिसले चाहना गर्ने शान्ति, श्रम, स्वतन्त्रता, बन्धुत्व, सुख, समानता र न्यायका हाम्रा समाजको अग्रगमनको मार्गचित्रका आधारभूत विषय हुन । प्रस्तुत आधाभूत विषयको सन्चालनमा पश्चिमा राज्यहरुले विकास गरेका नयाँ आयामको रुपमा उदारवाद देखा पर्‍यो । पुर्वीय सभ्यतामा आर्थिक प्रणाली राज्यमा नियन्त्रित नभई वर्णाश्रम व्यवस्थामा आधारित थियो । वर्णाश्रम धर्ममा राज्यको कुनै हस्तक्षेत थिएन । उदारवादको आधारभूत विषय नागरिकमा आर्थिक न्यायको लागि आर्थिक कार्यप्रणालीले नागरिहरुलाई सेवा पुर्‍याउनु पर्दछ । मानिस वस्तुभन्दा महत्वपूर्ण, श्रम पुँजीभन्दा महत्वपुर्ण, हरेक श्रमिकलाई उत्पादक कार्य, मर्यादित काम, सुरक्षित कार्यस्थल, संगठित हुने र संगठनमा आवद्ध हुने, आर्थिक सुरुवात र निजी सम्पत्ति आर्थिक न्यायसंग जोडिएका आधारभूत पक्षहरु हुन । मानिसका आधारभूत आवस्यकताको परिपुर्ति नगरिकन कसैलाई पनि प्रचुर धन सिर्जना गर्ने अधिकार हुने छैन । यस्ता विषयलाई आर्थिक तथा मौद्रिक नीतिको माध्यमवाट आर्थिक न्याय सिर्जना गर्न प्रगतिशील कर प्रणाली, हदवन्दी लगायतको व्यवस्था गर्नु पर्दछ । आधुनिक युगमा विकास भएको विकासको अधिकार र समृद्धिको अधिकार परिपुर्ति गर्न हरेक मानिसलाई हरेक दिन कामगर्ने अधिकार सिर्जना गर्ने, आधारभूत आवस्यकताको परिपुर्ति, बृहत आर्थिक असमानताको न्यूनीकरण गर्ने, श्रमिकको हित प्रवर्धन गर्ने, प्रत्येकलाई प्रत्येकको क्षमता अनुसारको काम र प्रत्येकलाई प्रत्येकको आवश्यकता अनुसार उत्पादन र सेवा, धनको न्यायिक वितरण, श्रमिकहरु हितको विशेष सुरक्षा, कमजोर वर्गको सुरक्षाको लागि विशेष अधिकार, सम्पत्तिको सीमित अधिकार, समान कामको लागि समान ज्याला लगायतका अधिकारहरु पहिलो पुस्ताको अधिकार (नागरिक राजनीतिक अधिकार), दोश्रो पुस्ताको अधिकार(आथिक, सामाजिक र सास्कृतिक अधिकार) र तेश्रो पुस्ताको अधिकार (विकास,शान्ति,पर्यावरण र आत्मनिर्णयको अधिकार)का रुपमा विकास भएका छन । न्याय समाजका सबै सदस्यको आर्थिक, सामाजिक र राजनीतिक सुधारका लागि काम, आर्थिक र सामाजिक असामताको न्यूनीकरण, स्वस्थ आर्थिक क्रियाकलाप, न्यायपुर्ण श्रम र सामाजिक ऐक्यवद्धतासंग जोडिएको हुन्छ । समावेशी उदारीकरणले अर्थव्यवस्थाको सुदृढीकरण मार्फत सामाजिक एवम् निजामति व्यवस्थाको लोकतान्त्रिकीकरण, नवनिर्माणकार्यमा व्यापक जनसमुदायको सहभागिता, नागरिकको सांस्कृतिक र शैक्षिक स्तरमा वृद्धिको लागि आर्थिक समावेशीकरणको अवधारणामा नीतिलाई अवलम्वन गर्नु पर्दछ । समावेशी अर्थतन्त्रलाई संवोधन गर्न सम्वैधानिक रुपमा सार्वजनिक, निजी र सहकारीको साझेदारीमा समावेशी उदारीकरण मार्फत समृद्धिको यात्रा पुरा गर्ने लक्ष्य नेपालको संविधान २०७२ ले गरेको छ । यो समृद्धिको यात्राका लागि सांस्कृतिक सहकार्यको सम्वर्धन : आन्तरिक र बाह्य पर्यटन प्रवर्धन, समृद्ध समाजको निर्माण : वैज्ञानिक भूमिसुधार तथा कृषिमा युगान्तकारी रूपान्तरण समृद्धिको आधार : जलस्रोत, ऊर्जा र सुदृढ भौतिक पूर्वाधारको बिकासका लागि आर्थिक कार्यप्रणालीलाई समावेशी उदारवादको नयाँ आयामको कार्यदिशा अनुशरण गर्नु पर्दछ । समुदायमा व्यवसाय, सहकारिताको विकास, संयुक्त पुँजी कम्पनी मार्फत आम नागरिकको पुँजी बजारमा संलग्नताको नीतिगत व्यवस्था समावेशी उदारवादको आयाम हुनेछ ।

मुलुकको समृद्धिको यात्रामा नेपाल यतिवेला युगान्तकारी ऐतिहासिक बिन्दुमा छ । राष्ट्रनिर्माणको यो महत्वपुर्ण आयाममा मुलुकको नयाँ आर्थिक प्रणालीलाई संस्थागत गर्न कानुनी प्रणाली, वित्तीय प्रणाली र आर्थिक प्रणालीको संगठनात्मक संरचना र पुनसंरचनाको लागि शास्त्रीय विधिको परिभाषा गर्नु छ । नेपालले विश्व अर्थव्यवस्था र सामाजिक प्रणाली अभियानको यो प्रतिवद्धतामा राज्यको ऐक्यवद्धता मात्रभयो भने हामी मानव विकास र समाज विकासको समष्टिगत विकासको यात्रा समृद्धिको यात्रा तय गर्न सक्ने छौ । नेपालको संविधानले नयाँ अर्थ व्यवस्था र सामाजिक प्रणाली तथा राजनीतिक विचारधारा र संस्कृतिको गन्तव्यको रुपमा समृद्धि, समानता र न्याय सहितको समाजवादको कल्पना गरेको छ । समाजवादको प्राप्तिको दिशामा नेपालको वर्तनमान संविधानले अगाडि सारेको नयाँ आर्थिक प्रणालीमा तीन स्तम्भहरु (राज्य, सहकारी र निजी) को साझेदारीमा समृद्धिको योजना बनाउनु पर्दछ । वर्तमान परिप्रेक्षमा समृद्धि आम जनजिब्रोको बोली वन्दैछ । यो सकारात्मक भावना र मनोवृतिले मात्र सम्भव हुदैन । समृद्धिको यात्राको दिशा र दृष्टिकोणको विषयमा अन्यौलता छ । समानता र न्यायको लागि मानिसको यथाअवस्था रहन चाहने गुण र के ही व्यक्तिको विशेष हैसियतमा परिवर्तन ल्याई नागरिकतहमा सम्पुर्ण आर्थिक समावेशीकरण र परिस्थितिको ठोस विश्लेषणको आधारमा नयाँ कार्यादेश आवस्यक छ । नयाँ पुस्तालाई मानव अधिकार, संस्कृति, ब्यापार, वातावरणीय सरोकार, वित्त र ब्यापारमार्फत नेपालको समृद्धिको यात्रामा प्रेरित गर्नु पर्दछ । सैद्धान्तिक पक्षको गतिशीलता र प्रविधिको विशिष्टता तथा नैतिक पक्षको नेतृत्वलाई आत्मसात गर्दै दिगो विकासलाई संवोधन गर्नु पर्दछ । समावेशी उदारवादले परिणाममुखी समृद्धिको यात्रासंग प्रस्तुत दुई विषयहरु राज्यको वृद्धि र विकासको योजना, लक्ष्य र उद्देश्यसंग सापेक्ष हुनु पर्दछ ।

नेपाल समृद्धिको यात्राको समावेशी उदारवादका नीतिलाई संवोधन गर्नु आवश्यक छ । समावेशी उदारवादको निम्ति **आर्थिक विकास :** वित्तीय पुर्वाधारको विकास(आर्थिक र मौद्रिक नीति), उद्यमशीलता(औद्योगिक नीति), ब्यापार(वाणिज्य नीति) नवप्रवर्तन र आविस्कार, लोकतान्त्रिक संस्थाको निर्माण, सेवा र सुविधामा एक द्वार प्रणाली, नागरिकको क्षमता अभिवृद्धि (वित्तीय शिक्षा, नागरिक शिक्षा र व्यवसायिक शिक्षा) र **गुणस्तरीय जीवन :** तीन पुस्ताका अधिकारहरु : नागरिक तथा राजनीतिक अधिकार, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार, शान्ति, विकास, वातावरण र आत्मनिर्णयको अधिकारलाई क्रमिक रुपमा सम्मान, सुरक्षा र वहालीको निम्ति संवैधानिक रुपमा सकारात्मक अनुभूति गरिएको छ । आयमा वृद्धि जीवनमा समृद्धि, खुशी र सुशासनको प्रत्याभूति दिने गरी शमावेशी उदारवादका समष्टिगत अवधारणाले मुर्त स्वरुप लिनु पर्दछ । आधुनिक मावन जीवनका दुई पक्ष आर्थिक विकास र गुणस्तरिय जीवन संबोधन गर्न समावेशी उदारवाद निर्देश गर्ने समावेशी आर्थिक लोकतन्त्र निजी, सार्वजनिक र सहकारीको साझेदारीमा आधारित आर्थिक प्रणालीका आधारमा संघिय, प्रादेशिक र पालिकीय कानून निर्माण गर्नु पर्दछ । समावेशी उदारवाद मार्फत आधुनिक युगलाई संबोधन गर्न आर्थिक विकास र रणनीतिक मार्गदर्शन गर्नु पर्दछ । सामाजिक, आर्थिक र पर्यावरणीय न्याय सहितको समतामुलक समृद्धिको यात्रा तय गर्नु पर्दछ । उदारवाद, नवउदरवादको जगमा विकसित समावेशी उदारवाद मार्फत समृद्धि सहितको समानता र गुणस्तरीय जीवन सहितको न्यायको स्थापना गर्नु पर्दछ ।

सन्दर्भ सामाग्री :

**नेपालको अन्तरिम संविधान २०६३**

**नेपालको संविधान २०७२**

**विभिन्न ऐनहरु**

**नेपालको औद्योगीक नीति २०६७,**

**नेपालको वाणिज्य नीति २०७२**

**नेपालको मौद्रीक नीतिहरु**

**नेपालको आर्थिक नीतिहरु**

https://www.wto.org/

https://www.wto.org/english/docs_e/legal_e/gatt47_e.pdf

https:// africametrics.org/documents/conference08/day2/session5/fowowe.pdf

http://www.romainrancier2e.com/research/palgrave.pdf

http:// www.mvnadkarni.com/files/Hindu%20Eco%20Philosophy.pdf

Paul Ron(2008), Pillers of Prosperity, Auburn, Alabama: Ludwig von Mises Institute.

# रहरले मात्र लक्ष्य प्राप्ति नहुने रहेछ



**उर्मिला लामिछाने**

*साहित्यकार*

**साहित्यमा कहिलेदेखि प्रवेश गर्नुभयो ?**

– वि.सं. २०५८ सालमा 'कपन दर्पण' पत्रिकामा 'बालक' शीर्षकको कविता प्रकाशित भएपछि सार्वजनिक रूपले साहित्यमा प्रवेश गरेकी हुँ । अनौपचारिक रूपमा त बाल्यकालदेखि नै यतातिर झुकाव थियो । मलाई सानैदेखि कवितामा विशेष रूचि लाग्थ्यो । हजुरआमाले भन्ने गरेका छोरीको अर्ती, छोराको अर्ती, गोपिका स्तुति, भगवती स्तोत्र, शकुन्तला विदाइ, हरिश्चन्द्र–जीवनी आदिलाई दोहऱ्याई–दोहऱ्याई भन्न लगाउँथैं र सँगसँगै लयमा लय मिसाउँथैं । यसैगरी सुन्दै, गाउँदै र दोहऱ्याउँदै जाँदा भानुभक्तीय रामायणका केही श्लोकहरू, मुनामदनका हातका मैला सुनका थैला–, लेखनाथको कालमहिमा, चरीको विलाप, पिंजराको सुगाका केही श्लोक कण्ठस्थ आउँथे । कसैलाई देखाउन नसके पनि अलि अलि आफैले पनि कोरिन्थ्यो । यसबाट त्यसबेलादेखि नै आफूभित्र साहित्यप्रतिको अभिरूचि रहेछ भन्ने लाग्छ आजभोलि ।

**साहित्यमा लाग्ने प्रेरणा कहाँबाट प्राप्त गर्नुभयो ?**

– नयाँ वर्ष, सरस्वतीपूजा र यस्तै विशेष सन्दर्भमा पिताजीले घरमै हामी भाइबहिनीहरूबीच कविता तथा हाजिरीजवाफ प्रतियोगिता, कथाकहानी, उखानटुक्का आदिका विभिन्न रोचक प्रस्तुतिको प्रतिस्पर्धा गराई सहभागी बन्न हौसला दिनुहुन्थ्यो । त्यहाँ म लगायत दिदीहरू र भाइको पनि सहभागी बन्न तँछाडमछाड चल्दथ्यो । हजुरआमाको मीठो वाचनले पनि कवितामा गायनमार्फत विशेष रूचि जगाएको त छँदै थियो ।

**सिर्जनालाई जन्माउने, हुर्काउने र फलीभूत पार्ने स्रष्टाले हो, अरूले त प्रेरित गर्ने मात्रै हो ।**

**बालबालिकाहरूमा सकारात्मक सन्देश दिन सकिन्छ कि भनी बालसाहित्यमा कलम चलाउँछु ।**

स्नातक तह अध्ययनका लागि काठमाडौं आएपछि बुनू दिदीको रातदिनको सङ्गत र हौसलाले पनि मलाई साहित्यमा लाग्ने प्रेरणा मिलेको हो । अलि परिष्कृत रूपमा लेख्नचाहिँ नेपाली भाषा–साहित्यका मूर्धन्य साहित्यकार पूर्णप्रकाश नेपाल 'यात्री' गुरूको छत्रछाया, अमूल्य प्रेरणाले नै साहित्यमा गम्भीर भएर लाग्नुपर्ने चेतना पाएकी हुँ र त्यही बेलादेखि नै मैले छन्दमा पनि कलम चलाउने कोशिस गरेकी हुँ ।

त्यसपछि पनि नेपाली साहित्यका अर्का शिखर व्यक्तित्व महाकाव्यकार, कोशकार वसन्तकुमार शर्मा नेपाल गुरूले अझै परिष्कृत रचना दिंदै निरन्तर साहित्यमा लाग्नुपर्ने मार्गदर्शन गरिरहनुभएको छ । उहाँको मार्गदर्शन शिरोपर गरी मैले निरन्तरता दिन र सुन्दर सुन्दर सिर्जना गर्न त बाँकी नै छ ।

**तपाईं साहित्यका कुन–कुन विधामा कलम चलाउनुहुन्छ र कत्तिको निरन्तरता दिइरहनु भएको छ ?**

– मैले साहित्यका गद्य र पद्य फाँटभित्रका कथा, कविता, संस्मरण, गजल, लघुकथा आदि विधामा कलम चलाउने रहर गर्दछु । समीक्षा, समालोचनाका क्षेत्रमा पनि शून्यप्रायः स्थिति छैन । लगभग ५ वर्ष हुन लाग्यो, म विवाह बन्धनमा बाँधिएपछि भने परिस्थितिवश त्यतातिर खासै सक्रिय हुन सकिनँ । केही पत्रपत्रिकाका लागि फाट्टफुट्ट २, ४ वटा कविता, कथा लेख्नुबाहेक अरू सिर्जनाकार्य ठप्पै छ । अब फेरि केही गर्छु भन्ने भावना जागृत हुँदैछ, हेरूँ कति सफल हुन सक्छु ।

**साहित्य लेखनका दृष्टिले नारी जीवनमा विवाहअघि र पछि भिन्नता हुन्छ कि हुँदैन ? तपाईंको अनुभव कस्तो छ ?**

– किन नहुनु ? धेरै हुन्छ । एक दुई अपवादबाहेक धेरैजसोका विवाहअघिको स्वतन्त्रता र विवाहपछिको बन्धनमा आकाश–पातालकै भिन्नता रहन्छ । विवाहअघि एउटी नारी छोरी हुन्छे । उसको बानीव्यहोरा र रूचिलाई उसका बाबुआमाले ज्यादै नजिकबाट बुझेका हुन्छन् । उसले केही गर्न खोज्ने प्रशस्त अवसर पाउँछे र आफ्नो खुबी अनुसार निर्धक्क अगाडि बढ्न सक्छे भने विवाहपछि बुहारी बन्छे । ऊ घरका नयाँ सदस्यका आनीबानी र रूचिअनुसार चल्नुपर्छ र उसमाथि प्रशस्त जिम्मेवारीहरू थपिन्छन् । यदि त्यो नयाँ घरपरिवार बुहारीको सिर्जनशीलता वा साहित्यिक क्रियाकलापलाई हौस्याउने खालको परेन भने उसको लेखनले निरन्तरता नपाउन सक्छ । अझ बालबच्चा जन्माउनु र स्याहार्नुपर्ने गहन जिम्मेवारीले त झन् लेखनको अवरोधमा ठूलै प्रभाव पार्ने कटुसत्य कसैबाट छिपेको छैन । यसबाहेक, अहिलेको सन्दर्भमा हेर्ने हो भने कतिपय नारीहरूका श्रीमान् प्रवासमा भएकाले सहयात्रामा चल्नुपर्ने पारिवारिक दायित्व पूर्णरूपले उनीहरूमाथि नै एकोहोरिएको छ । त्यसैले संक्षेपमा नारीहरूले विवाहअघि साहित्यमा लगाउने हार्दिक – मानसिक लगानी विवाहपश्चात अरू धेरै कुरामा लगाउन बाध्य हुने हुँदा यतातिर पछि पर्नु आश्चर्य होइन ।

मेरो सन्दर्भमा भन्ने हो भने विवाहअघि आफ्नो स्नातकोत्तर तहको अध्ययनलाई जारी राख्दै दुईवटा प्राइभेट विद्यालयहरूमा अध्यापन गर्दै, साहित्यिक सभा–समारोहमा सहभागिता जनाउँदै, साहित्यिक कृतिहरू प्रकाशनमा ल्याउन पनि भ्याएकी थिएँ । विवाहपछि करबलले २–४ वटा फुटकर कविता, कथा

लेख्नुबाहेक ५ वर्ष त्यत्तिकै बितेका छन् तर यति भएर पनि नारी लेखनले निराशै हुनुपर्ने कारण भने म देख्दिन । जहाँ समस्या हुन्छ, त्यहाँ समाधान पनि हुन्छ । त्यो आफैले खोज्नुपर्छ ।

**तपाईंको आफ्नै परिभाषामा साहित्य के हो ?**

- साहित्यलाई पूर्वीय र पाश्चात्य विभिन्न विद्वान्‌हरूले विभिन्न ढङ्गले परिभाषित गरिसकेका छन् । अहिले पनि यो क्रमले निरन्तरता पाइ नै रहेको छ । र पनि

## “समाधान समस्यासँगै हुन्छ”

साहित्यको व्यापकता समेट्न भने सबैलाई हम्मे हम्मे नै परेझैं लाग्छ ।


साहित्य त्यस्तो व्यापक विषय हो, जुन एउटा शब्द, वाक्य र परिभाषामा अटाउन पक्कै सक्दैन । यस्तो सन्दर्भमा पनि यसलाई हेर्ने दृष्टिकोण त सबैको हुन्छ नै । मेरो विचारमा ***मानवीय संवेदना र अन्तरचेतनालाई प्रस्तुत गर्ने कलात्मक भाषिक प्रस्तुति नै साहित्य हो ।***


**साहित्यमा लाग्दा आफन्तहरूको प्रतिक्रिया कस्तो पाउनुभएको छ ?**

- मानिसलाई मृत्युपछि पनि उसको कृतिले अमर बनाउने भएकाले असल साहित्यिक कृति दिन सक्नु भाषा-साहित्य सेवाका साथै आफ्नो पनि अमरत्वको बाटो हो भन्नेहरू एकातिर छन् भने अर्कातिर साहित्य कतिले पढ्छन् र ? साहित्यले के दिन्छ र दुःख गर्नु ? भन्नेहरूको पनि कमी छैन । यसरी साहित्यको मर्मबोध गर्न सक्ने र नसक्ने दुवैथरी आफन्तहरूका प्रतिक्रिया मैले पाउने गरेकी छु ।

**साहित्यको श्रीवृद्धिमा स्रष्टाको योगदान कस्तो हुनुपर्छ ?**

- सिर्जनालाई उत्साहपूर्वक जन्माउने, हुर्काउने, फुलाउने, फलाउने र बचाउने भूमिका स्रष्टाहरूकै हो । अरूले त प्रेरित गर्ने मात्रै हो । प्रकृतिजस्तो निश्छल र निष्पक्ष ढङ्गले सिर्जना गरिरहनु स्रष्टाको योगदान हो । साहित्यलाई कसरी सम्पन्न र स्तरीय गराउन सकिन्छ ? भनी सधैँ साहित्यको भलो चिताएर यसको श्रीवृद्धिमा लागिपर्ने, आफ्नो भाषाभेष र संस्कृतिमाथि विकृति आएको हेर्न नसक्ने










स्रष्टा नै सच्चा स्रष्टा हुन् । तर आजभोलि त साहित्यको उद्देश्य र मर्मप्रति अलिकति पनि जिम्मेवार नभई साहित्यलाई खेल मैदान बनाउँदै आफ्नो स्वार्थपूर्ति गरी पाठकको आँखामा छारो हाल्ने सतही व्यक्तिहरू पनि साहित्यकार नै हुन् कि जस्तो गरी यत्रतत्र छरिएका छन् । साहित्य भन्दै मनगढन्ते कुरा जथाभावी लेखेर पाना भर्ने, धेरै पैसा खर्च गरी आकर्षक कागज र आवरण दिएर किताब छपाउने, बारम्बार विज्ञापन गराई धुमधामको आडम्बर देखाउने र साहित्यसेवा गरेको अभिनयका साथ आफ्नो नाम पेल्ने यस्ता अवसरवादीहरूले सच्चा साहित्य र साहित्यसेवीमाथि घोर अन्याय गरिरहेका छन् । अनुपयोगी कुकृतिलाई पनि जति धेरै पैसा दियो, उति धेरै प्रशंसाका धुरी चढाएर भूमिका वा अग्रलेख लेखिदिने भूमिकालेखक तथा त्रुटिमा पनि आँखा चिम्लिदिँदै अन्धाधुन्द बखान री फुर्क्याउँदै आकाश पु¥याउने समीक्षक–समालोचक नामका केही पूर्वाग्रहीहरू पनि यस्ता अपराधलाई प्रोत्साहन गरिरहेका छन् ।

**पहिलेको र अहिलेको साहित्यमा के अन्तर पाउनुभएको छ ?**

- पहिलेभन्दा अहिले सङ्ख्यात्मक बृद्धि हुँदै जानु, नारीहरूको प्रशस्त उपस्थिति देखापर्नु, विभिन्न मातृभाषी स्रष्टाहरूको व्यापक सहभागिता हुनु, शारीरिक अशक्तता भएका स्रष्टाहरू उत्साहपूर्वक साहित्यमा लाग्नु अनि विद्यालयका तहका बालबालिकामा पनि साहित्यसम्बन्धी रूचि जगाइनु र जाग्नुमा पहिलेभन्दा अहिले तीव्रतर विकास भइरहेको देखिन्छ ।

# संवेदनशील समयलाई चिनेर अघि बढौं भन्ने सबैलाई आग्रह गर्दछु ।

यसैगरी व्यक्तिगत उत्साहबाहेक पनि साहित्यक सङ्घ-संस्था र प्रकाशकहरूको बढ्दो उपस्थितिले साहित्यमा कलम चलाउने स्थापित तथा सिकारुहरूका लागि थप प्रेरणा मिलिरहेको पनि पाइन्छ । यसबाहेक पनि अहिले प्रविधिको विकासले त झन् गर्न चाहनेहरूका लागि साहित्य समालोचनाका जुनसुकै फाँटमा पनि जतिधेरै अध्ययन गर्छु भने पनि असहज स्थिति छैन । तर यति भएर पनि व्यापक सहभागिताको भेल-बाढीमा कतै कतै कुनै विधाको अपवादबाहेक धेरैजसो विधामा गुणात्मकताको कमी आउनु, प्रविधि-सञ्चारको बढ्दो प्रभावले मौलिकतामा कमी ल्याउनु र प्रविधिकै दासताले किचिएर स्रष्टाको सिर्जनशीलतामा धक्का पुग्ने खतराको सम्भावना पनि सँगसँगै रहेको देखिरहेकी छु । यसबाहेक पनि माथि सङ्केत गरेजस्ता अलेखक वा नक्कली स्रष्टाहरूको बिगबिगीले निल्न खोजिरहेको साहित्यलाई यस्ता खतराबाट मुक्त बनाउन सके अहिलेको साहित्य साँच्चै सुन्दर हुने कुरामा कसैको दुईमत होलाजस्तो लाग्दैन ।

**साहित्यमा देखा परेका यस्ता विकार हटाउन के गर्नुपर्ला त ?**

– पाठकहरू सचेत हुनुपर्छ । स्वार्थीहरूको पुस्तकमा पाइने हल्काफुल्का कुराहरू सच्याउन सुझाव दिनुपर्छ । सुझाव नमान्ने हो भने त्यस्ताका पुस्तक लोकार्पण समारोहमा घुइँचो लगाउनु हुँदैन । सस्ता, उत्ताउला र भड्किला कुरा लेखेर साहित्य दिएँ भन्नेहरूलाई वाह ! वाह !! गर्ने र ताली बजाउने गर्नु हुँदैन । त्यसो गर्नु त साहित्यिक अपराध नै हो जस्तो लाग्छ मलाई ।

**त्यसो भए पाठकले चाहने हो भने त साहित्यिक विकार जति स्वाट्टै घटेर जान्छन् कि क्या हो ?**

– स्वाट्टै घट्छन् भन्न त म सक्दिनँ, स्रष्टाहरू पनि विकारै नभएका र दोषै नभएका दैवी प्राणी त पक्कै होइनन् । उनीहरूमा पनि मानवीय गुणदोष त भई नै हाल्छन् । तर पनि स्रष्टाले सिर्जना दिने समाज भनेको पाठकहरू भएकाले उनीहरूले दिएका सुझावले स्रष्टालाई कहिलेकाहीँ राम्रो मार्गदर्शन गर्न पनि सक्छन् ।

**पाठकका सुझाव नै गलत रहेछन् भने नि !**

– त्यो त पाठकमा भर पर्ने कुरा हो । कस्तो पाठकले दिएको सुझाव हो, नत्र त सच्चा पाठकले दिएको सुझाव कहिल्यै पनि गलत हुन सक्दैन । फेरि त्यो त स्रष्टाले नै छान्न सक्नुपर्‍यो नि ! कसैले सुझाव दियो भन्दैमा त्यसलाई अँगाल्ने पर्छ भन्ने के छ र ? कुरा सबैका सुन्ने र निर्णय आफ्नै गर्न सक्ने क्षमता त स्रष्टासँग हुनुपर्‍यो नि त !

**तपाईंलाई बालसाहित्यकार भनेर चिन्दा हुन्छ ?**

– सभा, गोष्ठीतिर भेट भएको बेलामा अग्रजहरूले मलाई कसैसित परिचित गराउँदा "उहाँ बालसाहित्यकार" र कसैले "उहाँ कवयित्री" भन्ने गरेको पाउँदा खुसी लाग्नुका साथै आफूभित्र साहित्यिक जिम्मेवारी थपिएको महसुस हुन्छ । मेरा कृति प्रकाशित हुने क्रममा बालसाहित्य नै अगाडि लागेको छ । ४ कृतिमध्ये २ वटा बालकविता सङ्ग्रह र २ वटा बालकथासङ्ग्रह प्रकाशित छन् । प्रौढ साहित्यका गद्य र पद्य फाँटका केही फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । सँगालोको रूपमा आउन भने बाँकी नै छ ।

**बालसाहित्यमा लाग्नुको कारण ?**

– मलाई बालबालिकाहरू असाध्यै मन पर्छन् । उनीहरूका क्रियाकलाप, सुन्दर हाउभाउ र मीठो तोतेबोलीले साँच्चै नै लठ्याउँछन् । समय पाएको बेला घन्टौँसम्म उनीहरूसँग बिताएको पत्तै पाउँदिन । कतिपयले सुकिला-मुकिला धनीका छोराछोरीलाई काखमा हाल्ने, खेलाउने र दुःख फोहरी बच्चालाई घृणा गर्ने गरेको देख्दा मनै छियाछिया हुन्छ । बालबालिकाभित्रको निर्दोष सौन्दर्य बाहिरी अवस्थासँग दाँजेर हेर्ने कुरै होइन । सफा-सुग्घर पारियो, राम्रो संस्कार दिन सकियो र खुसी राख्न सकियो भने सबै बालबालिका समाजका उस्तै रत्न हुन् । भोलिको समयमा समाज र देशलाई उठाउने कर्णधार भएकाले पनि यिनीहरू राष्ट्रका ठूला सम्पत्ति हुन् । अबोध बालबालिका फोहरी हुनुमा उनीहरूको के दोष ? गरिब हुनुमा उनीहरूको के दोष ? यस्तै लाग्छ । त्यसैले मलाई भित्रैदेखि उनीहरूलाई सुम्सुम्याउन, माया गर्न, काखा हाल्न कत्ति पनि सकस लाग्दैन । यसरी उनीहरूसँग नजिकिँदा उनीहरूले पारेको प्रभावले प्रभावित भई म बालसाहित्य लेख्ने गर्छु ।

अबोध बालबालिकाका मनोविज्ञान बुझेर उनीहरूलाई ज्ञानगुणका कुरा उनीहरूकै भाषामा, उनीहरूकै ढङ्गले प्रस्तुत गर्न सक्नुले उनीहरूको सुन्दर भविष्य निर्माणमा ठूलो भूमिका खेल्छ । कलिलो मस्तिष्कमा परेको छाप पछिसम्म पनि रहिरहने भएकाले बालसाहित्यमार्फत यिनीहरूमा केही सकारात्मक सन्देश दिन सकिन्छ कि भन्ने रहर लागेर पनि यतातिर कलम चलाउँछु ।

**बालसाहित्यको कुन विधामा लेख्न रूचाउनुहुन्छ ?**

– बढी मैले कविता लेखेकी छु । कथा लेख्न पनि उत्तिकै मन लाग्छ । मलाई नाटक पनि मन पर्छ । कोशिस गरे लेखिन्छ कि जस्तो लाग्छ, लेखेकी भने छैन ।

**तपाईंका बालकविता छन्दमा पनि भेटिन्छन् नि !**

– हजुर, छन् फाट्टफुट्ट । छन्दको अनुशासन र छन्दको मिठासतिर बिस्तारै बालबालिकालाई पनि सहभागी गराउनका लागि म छन्दमा पनि लेख्ने गर्छु अलिअलि ।

**अन्तमा के भन्नुहुन्छ त ?**

– रहरले मात्र लक्ष्य प्राप्त हुँदैन रहेछ । त्यसका निम्ति चिन्ताभन्दा बढी चिन्तनकै आवश्यकता रहेछ । अरूले धकेलेर भन्दा पनि स्वविवेकले अघि बढ्ने मान्छे प्रतिकूल स्थितिमा पनि सहज बन्न सक्छ । आफूले आफूलाई नबचाउने हो भने, आफै जागरूक नबन्ने हो भने त खान र लाउनमै सीमित भई पारिवारिक जन्जालमै मान्छे फसिरहन्छ । हामी नारीहरू त झन् संवेदनशील समयलाई चिनेर अघि बढ्नुपर्छ भन्ने सबैलाई आग्रह गर्दछु ।

अन्तमा मजस्ता पछि सर्नेहरूलाई 'अग्निचक्र'जस्तो चर्चित र लोकप्रिय पत्रिकामार्फत आफ्नो विचार ज्ञात-अज्ञात धेरै पाठकहरूका हातहातमा पुर्‍याउने अवसर दिनुभयो, यसका लागि सम्पादक लक्ष्मीनारायण भट्टराई र 'अग्निचक्र' मासिकलाई हार्दिक धन्यवाद ! ००

# वेदले बोलेपछि अन्तिम निर्णय

गोपाल घिमिरे



यसपटक अग्निचक्रमा आध्यात्मिक दृष्टिकोण प्रस्तुत गर्दैछु । वेद, जसको अर्थ हुन्छ अत्यन्त सूक्ष्म वस्तु, जसले शरीरभित्रको सम्पूर्ण कुरा पहिचान गराउँछ । वेदले स्वासको गति बुझाउँछ । वेद यति सूक्ष्म वस्तु हो जसलाई हामीले कल्पना गरेभन्दा धेरै सानो हुन्छ । अणु दौ परमाणु स्याद् अर्थात् दुई अणुको एक परमाणु हुन्छ, तीन परमाणुको एक तर्सणु हुन्छ । तीन तर्सणुको एक त्रुटि र सय त्रुटि बराबर एक वेद हुन्छ । तीन वेद बराबर एक लव हुन्छ र तीन लवको एक निमेष ( आँखा झिमिक्क गर्ने समय) हुन्छ । एवं क्रमले हिसाब गरेर हेर्ने हो भने हरेक ६ धड्कन मुटुले धक्का दिँदा एक स्वास हुन आउँछ । त्यसैगरी एक पलामा ६० स्वास हुन्छ । ६० पलाको एक घडी र ६० घडीको एक अहोरात्र अर्थात् एक दिन र रात बन्दछ । अब हामी कल्पना गरौं वेद कति सूक्ष्म पदार्थ हो ।

वेद कसैले बनाएको होइन, यो सनातन हो । अर्थात् कुनै पनि समयमा बनेको होइन । यसलाई भगवान्‌को स्वास मानिन्छ । सम्पूर्ण विश्वब्रह्माण्डलाई गति दिने र ठीकठीक अवस्थामा सञ्चालित हुन नियमाबद्ध बनाउने वस्तु नै वेद हो । त्यसैले यसलाई शास्त्रको रूपमा मानिँदैन । यो विश्व ब्रह्माण्डकै प्रमुख कानुन हो । कुनै पनि कुराबाट सही उत्तर वा जवाफ आउन नसक्दाको अवस्थामा वेदले भनेको कुरालाई नै सर्वोच्च मान्यता दिइने हाम्रो नीति पनि रहेको त्यसैले हो । किनभने हरेक मुलुकमा विभिन्न न्यायपालिका अन्तर्गतका निकायहरू हुन्छन् । सम्पूर्ण न्यायपालिकाका अङ्गहरूबाट निर्णय हुन नसक्दाको अवस्थामा सर्वोच्च न्यायपालिका अर्थात् सर्वोच्च अदालतबाट गरिने निर्णय नै अन्तिम एवं सर्वमान्य निर्णय हुन्छ । त्यसैगरी सम्पूर्ण शास्त्रदिबाट गरिएका निरूपणबाट चित्त बुझ्ने अवस्था नरहेमा वेदको निर्णयलाई नै आधिकारिक मानिन्छ र मानिनुपर्दछ । किनकि यो कुनै मुनष्यबाट निर्मित वा देवताबाट निर्मित कानुन, नियम होइन । यो त स्वयं भगवान्‌को स्वास भएकै कारणले भगवानका सम्पूर्ण अवयवले यसलाई मान्नुपर्ने हुन्छ ।


वेद पुस्तकको रूपमा प्राय हुनुले मानवसमाजमा यसलाई पनि शास्त्रकै रूपमा मानिएकै छ । तर यो शास्त्रको रूपमा यानेकि पुस्तकाकारमा आजभन्दा करिब ५ हजार वर्षपूर्व द्वापरयुगको अन्त्यमा निर्माण गरिएको आँकलन पाइन्छ । कलियुगका व्यक्तिहरूको स्मरण शक्ति क्षीण तथा आयु पनि क्षीण हुने भएकै कारण यो विश्वको कानुन एक पुस्ताबाट अर्कोमा सार्न कठिनाइ हुने हुँदा यसलाई पुस्ता हस्तान्तरणका लागि पुस्तकाकार वेदव्यासद्वारा तयार पारिएको तथ्य पाइन्छ । यसरी वेदव्यासले विश्वब्रह्माण्डको कानुन वेदलाई चार भागमा विभक्त गरिदिएका छन्- ऋक्‌वेद, यजुर्वेद, सामवेद एवं अथर्ववेद । यी चारै वेदका सहायक स्वरूप चारै उपवेदहरू पनि छन् । त्यसैगरी वेदका विभिन्न ६ वटा अङ्गहरू पनि तयार पारिएको छ । जसबाट वेदले पूर्णता प्राप्त गरेको छ । वेदका अङ्गहरूलाई वेदाङ्ग शास्त्र भनिन्छ -१) शिक्षाशास्त्र, २) कल्पशास्त्र, ३) व्याकरणशास्त्र, ४) ज्योतिषशास्त्र, ५) निरुक्तशास्त्र एवं ६) छन्दशास्त्र । यी वेदका ६ वटै अङ्गहरूका आ-आफ्नै कार्यपूर्णताबाट नै वेदले पूर्णता प्राप्त गर्दछ ।

जसरी हाम्रो शरीरमा विभिन्न अङ्गहरू रहेर नै हामी शारीरिक रूपमा पूर्णता अर्थात् साङ्ग रहन्छौं, त्यसैगरी वेदलाई पनि यी ६ वटा अङ्गहरूले पूर्णता दिन्छन् । वेद पढ्दा अनुशासन सिकाउनका लागि शिक्षाशास्त्रले मद्दत गर्दछ, वेदलाई उच्चारण कसरी गर्ने भनेर सिकाउने शास्त्रलाई कल्पशास्त्र भनिन्छ । त्यसैगरी वेदका शब्दहरू सिद्ध गर्न सिकाउने शास्त्र व्याकरणशास्त्र हो भने ग्रहहरूको गतिविधि, अवस्थालाई पहिचान गराउने वेदको अर्को अङ्ग हो ज्योतिषशास्त्र । वेदका शब्दहरूका अर्थ लगाउने शास्त्र निरुक्त शास्त्र हो र वेदलाई कुन लयमा राख्न सक्षम छ । वेद नै ईश्वर हो, ईश्वर नै वेद हो । वेदमा नै भनिएको छ -'वेदो नारायणः साक्षात् ।' विश्वब्रह्माण्डमा आवश्यक सम्पूर्ण कुराहरूलाई वेदले निर्देशित गर्दछ । हाम्रा तमाम कुराहरूलाई वेदले नै निर्देशित गरिरहेको हुन्छ । हामीलाई पर्ने तमाम कठिनाइहरूको जवाफ वेदले सरल रूपबाट दिइरहेको छ । तर हामी त्यसलाई सही किसिमबाट बुझ्न नसक्नाको कारण बाटो पहिल्याउन नसकिरहेका छौं । हामीले क्षण-क्षणमा गर्नुपर्ने कुराहरूदेखि लिएर विश्वमा भए-रहेका सम्पूर्ण भौतिक एवं आध्यात्मिक क्षेत्र वेद निहित नै छ । तर हामी साधारण मानवहरूलाई अलम्ल्याउने किसिमबाट वेदमा उल्लेख गरेको पाइन्छ ।

किनभने एउटै कुरालाई वेदले विरोधाभास रूपमा प्रस्तुत गरेको छ । आफैंभित्र बाझिएको महसुस हुन्छ वेदाध्ययीहरूका लागि । तर त्यो वास्तवमा त्यस्तो किसिमबाट वेदले व्याख्या गरेको नभई हाम्रो बुझाइको कमी हो । वेद निर्दिष्ट कानुनबाट तलमाथि भएर हामीले केही पनि गर्न सक्दैनौं किनभने वेदमा विश्वका लागि आवश्यक पर्ने सम्पूर्ण कुराहरू उल्लेख गरिएका छन् । त्यसैले हामी मानवहरू वेदलाई साक्षात् ईश्वरको रूपमा धारणा गरिरहेका छौं । यसले प्रकृति र पुरुषबारे राम्ररी व्याख्या गरेको छ । प्रकृति र पुरुषको काम, कर्तव्यहरूलाई पनि निर्दिष्ट गरेको छ ।

कुनै पनि शास्त्रले निष्कर्ष निकाल्न नसकेको अवस्थामा हामीले वेदलाई साक्षी राख्नुपर्ने यानकि वेदबाट त्यसको निरूपण गर्नुपर्ने हुन्छ । वेदले बोलेपछि त्यो अन्तिम निर्णय हुन आउँछ । त्यसैले ईश्वरको त्यो कानुन विश्वका हरेक प्राणी एवं प्रकृतिलाई ठीक-ठीक तरिकाबाट सञ्चालन गर्न र सबैका समस्या एवं तर्कहरूलाई निरूपण गर्न सक्षम रहेको छ । भुक्ति-मुक्तिका खातिर मानव जीवनलाई सही ढङ्गले आफ्नो गन्तव्यमा पुऱ्याउनका लागि वेद अत्यन्तै महत्वपूर्ण रहेको छ किनभने वेदले किटानीमाथि निर्दिष्ट गरेको छ - "न्याय पन्था विद्यते यनाय" अर्थात् कोही पनि व्यक्तिले ईश्वरीय कानुन मान्नु वा सगुण साकार /निगुण निराकार ब्रह्मतत्वलाई अँगाल्नुको विकल्प नै छैन जो व्यक्ति मुक्ति अर्थात् परम् ब्रह्मतत्व प्राप्त गर्न चाहन्छ । त्यसैले विश्वमा रहेको जतिसुकै नास्तिक व्यक्तिले पनि भगवान् अर्थात् ईश्वरीय बाटो चाहेकै हुन्छन् ।

जसरी पनि त्यो तत्वलाई जानी वा नजानी दुवै रूपबाट अँगालेकै हुन्छन् । यी सम्पूर्ण कुराहरूलाई वेदले निरूपण गरिदिएको छ कि मानव जीवनलाई कसरी सही ढङ्गबाट अगाडि लगेर आफ्नो लक्ष्यमा पुऱ्याउने । हामीले पनि यही स्वरूपलाई अँगाल्दै वेद अर्थात् साक्षात् ईश्वर सत्‌गुरु गोरखनाथ बाबा विश्व ब्रह्माण्डका सर्वोच्च निकायका प्रणेता, विश्वका पालक, विश्वब्रह्माण्डका कानुन दातालाई सही रूपले बुझ्यौं भने आफ्नो जीवन धन्य हुनेछ । सत्‌गुरु गोरखनाथ बाबाद्वारा प्रदत्त वेद कानुनलाई पालना गर्ने हो भने र वेदले बताएका कुराहरू अँगाल्ने हो भने कुनै पनि कर्मकाण्डको आवश्यकता पर्दैन मानव जीवनलाई सही गन्तव्यमा पुऱ्याउनका लागि । त्यसैले वेद नै सत्‌गुरु गोरखनाथ बाबाको सत्य निरूपणको सर्वोच्च निकाय हो जुन प्राणी कल्याणका लागि विश्वब्रह्माण्डमा हावी रहेको छ । त्यसलाई हामी सही ढङ्गले बुझौं, व्यवहारमा प्रयोग गरौं ? प्राणी कल्याणमा लागौं भोलि होइन आजैदेखि । जय गुरु गोरखनाथ बाबा । ००





# कठोपनिषत् - २४

**प्रथमः अध्यायः प्रथमावल्ली ।**

ॐसहनाववतु शान्तिः, शान्तिः, शान्तिः ।

*ॐ उशन् ह वै वाजश्रवससर्ववेदसन्ददौ । तस्य ह नाचिकेतानाम पुत्र आस ।१। तं ह कुमारं सन्तं दक्षिणसु नीयमानासुश्रध्दाऽविवेश सोऽमन्यत ।२। पीतोदका जग्धतृणा दुग्ध दोहा निरिन्द्रियाः । अनन्दा नाम ये लोकास्तान् स गच्छति ता ददत् ।३। स होवाच पितरं तात कस्मै मां दास्यसीति । द्वितीयं तृतीयं होवाच मृत्यवे त्वा ददामीति ।४।*

(ब्रह्मविद्याको यो पाठ (उपनिषत्) कठ नामका मुनिराजले ऋषिगणलाई पढाएर मानवसमाजमा चल्ती (प्रचार) गराएकाले यसको नाम नै उनकै नाउँबाट प्रख्यात हुन आएको हो । अन्नदान गरी गरी प्रसिद्धि कमाएका एक जना अरुण नाउँका ऋषि थिए र उनका उद्दालक नामका एक छोराले सर्वस्व नै दक्षिणका रूपमा दान गरिने यज्ञ (विश्वजित्) गर्न थाले । सुफल भेट्टाउने उद्देश्यले तिनले आफ्ना आश्रममा भएभरका धनमाल र गाईबाच्छासमेत दान गर्न थाले । यशफलाकङ्क्षी तिनको नचिकेता नामको एउटा छोरो थियो । त्यस बेला पञ्चवर्षीय त्यस नाबालखमा बुद्धिविकास नै भएको थिएन, तापनि बाबुको हित चाहेर आस्तिकभावले ऊ विचार गर्न थाल्यो, श्रध्दाभावले उसले सोच्यो अर्थात् देवता, स्वर्ग-नरक, दान-धर्म, उपदेश, कर्तव्य-अकर्तव्य जस्ता कुराहरूको सधैं जसो बयान चलिरहने आश्रमिक वातावरणको प्रभाव र संस्कार बसिसकेकोले त्यो नचिकेता सोच्न पुग्यो -घाँसपानी खानु जति खाइसकेका, दिनु जति दूध दिइसकेका, ब्याउनु जति ब्याइसकेका अर्थात् अब काम नलाग्ने भइसकेका जति सबै गोठै मण्डपमा ल्याइएर (दानमा दिएर) पिताजीले किन अरू (यतिका) ऋषिहरूलाई आनन्द दिन लाग्नुभएको होला ए ? 'अरूलाई दुःख दिंदा त्यसैले पछि आफू दुःख पाउँछ, खराब कामको फल खराबै हुन्छ' भन्ने कुरा पिताजीले सबैलाई उपदेश गर्नुभएको हो । राम्रो गोठ मेरो नाउँमा राखिदिएर बूढीगाईको गोठै दान गर्न थाल्नुभएको छ । त्यत्रो गोठ मलाई किन दिनु भएको ? कति धेरै माया गर्नुभएको मलाई वहाँले ? 'यहाँ दान गरे वहाँ त्यस्तै राम्रो फल पाइने' भएपछि त मलाईसमेत दान गरिदिए वहाँलाई झनै राम्रो सुखीफल मिल्थ्यो नि ! यी गाई पाउने ब्राह्मणहरूलाई दुःख मात्र हुन्छ । अर्को गोठका एउटा पनि किन दान नगर्नुभएको होला ? यति विधि चिन्ता मेरो निम्ति किन ? कीराफठेङ्ग्रासम्मको पालनकर्ता परमेश्वर भएपछि मलाई पनि त परमेश्वर नै रक्षा गरिहाल्छन् नि !........'

पुत्र.....बाबुआमालाई दुःखकारी नरकबाट तारिदिन्छ भनेर पुत्र भनेका रे, भने पिताजीलाई नराम्रो काम गराउन त हुन्न नि मैले पनि !...यत्रो ठूलो विश्वै जित्ने भन्ने (विश्वजित) भन्ने यज्ञ साह्रै ठूलो हो रे ! त्यत्रो कामलाई नराम्रो भन्न हुन्छ र मैले ?...... नराम्रो गर्न दिन पनि हुन्न नि ! राम्रोमा राम्रो काम त नरकबाट तारिदिने प्यारो छोरैलाई दान गर्नु झन कति उत्तम होला हँ ?.... त्यसो गरे त पिताजीलाई आनन्द नै आनन्द मिल्ला भरेको फलमा ! दुवै गोठका गाईसमेत पाउँदा आनन्द हुँदैन नि ! सबतिर आनन्दै आनन्द ! अहा, यो कुरा त पिताजीलाई संझाउनै पर्छ मैले, हो ।.....अब दानमण्डपमै गएर सोध्छु म, ...जसरी पनि बाबुको असल गर्ने मात्र छोरो हो, सुपुत्र हो, नत्र कुपुत्र हो, कपूत हो भनेपछि म चुप लागें भने कुपुत्र भइहाल्छु....भएन, अब भन्न जान्छु पिताजीलाई !'

यस्तै उसले सुनेका जानेका बुझेका सिँगा-आधा सबैको सार बटुल्दै दौडिहाल्यो । गएर दानमन्त्र र सङ्कल्प आदि गर्दैरहेका बाबुसँग भन्न थाल्यो - पिताजी ! घरबारी र गाईवस्तुहरू जस्तै धन म पनि हुँ, छोरो बाबुको धनै हो, अब मलाई कुन ब्राह्मणका हातमा दान गरिदिनुहुन्छ ?' नचिकेताले त्यसरी सोधेपछि मतलब बुझिहाल्नुहुन्छ पिताजी' भन्ने होला । तर उद्दालकले जबाफ दिएनन् । बाबुले वास्तै नगरेको सोचेर फेरि नचिले सोध्यो - 'भन्नोस्न, पिताजी, मलाई कुन ब्राम्हणका हातमा दिनुहुन्छ ?' त्यसमा विश्वजितकर्ता उद्दालक पूरै मौन रहेकाले नचि झनै जोसिएर जोडदार ढङ्गले करायो - 'पिताजी ! किन नसुने झैं गर्नुभएको हँ ? मलाई कसको जिम्मामा दिनुहुन्छ भनेको क्या ? म पनि त गाईवस्तु जस्तै धन हुँ नि ?' - त्यति सुनेपछि त उद्दालक ऋषिलाई झडङ्ग रिस उठिहाल्यो र उनलाई लाग्यो ! यस्तो जिराहा छोरो के काम ?' अनि उनले भनिदिइहाले - 'ए, तँलाई त विवस्वानका छोराको जिम्मा लगाइदिन्छु के ?'

उत्तर पाउनासाथ नचिकेता फर्किहाल्यो । एकान्त स्थलमा गएर विचार गर्न थाल्यो । उसमा सोच्ने बुझ्ने र तर्क्यातर्क्य विचार गर्ने शक्ति फुर्न थाल्यो । 'विवस्वानका छोरा ! यमराज-मृत्यु ! अब बुझें ! म सधैं पिताजीको आशय बुझेर सबै काम गर्छु, तसर्थ मसरहका चेला-छोरामा उत्तम नै छु । कहिले कहिले पिताको आज्ञा पाएपछि कर्म गरिदिन्छु, त्यसरी सोचे म मध्यम बटु हुँ । मैले आज्ञोल्लङ्घन कहिल्यै नगरेकोले अधर्म त हुँदै होइन । अनि मलाई पाएपछि यमराजलाई पनि फाइदा के र ? मैले कर्महरू नै गरेको छैन, कर्मफल के, कसरी भोगाऊन् र ?....... हैन ! यी सब कुराबाट त के बुझिन्छ भने, पिताजीले बेमतलमै रिसाएर 'मृत्युलाई सुम्पिदिन्छु' भन्नुभएको पो रहेछ ए !........ त्यसो भए पनि मलाई त नोकसान छैन ! धर्मै मिल्ने भो ! मर्न त जन्मेको जोसुकै मर्छ नि ! मर्दा पनि पिताजीको आज्ञा पूरा भएपछि मलाई पुण्यै मिल्ने हो । वहाँले बाहिरी रिसले मात्र त्यसो भनिदिनुभो, तर म मरेपछि ममाथिको मायाले वहाँलाई दुःख लाग्ने नै छ, 'मरोस्' नै भन्ने मनसाय पनि अवश्य होओइन ! अब यदि म मृत्युकहाँ पुगिनँ भने त्यस्तो सत्यवक्ता पिताजी पनि असत्य बन्ने, म पनि पित्राज्ञा पालन नगर्नाले अधम बन्न पुग्ने !..... भएन, ओहो ! मैले असल सोचेर सोध्न पुगेर नकाम गरिसकेछु ! अब जानु त पर्छ पर्छ मैले । तसर्थ अनुमति लिएर नै जान्छु म ! ।१-४। यस्तै यस्तै सोचेर नचिकेता बाबुकहाँ पुगेर भन्न थाल्यो -

*'अनुपश्य यथा पूर्वे प्रतिपश्य तथाऽपरे । सस्यमिव मर्त्य पच्यते सस्यमिवाजायते पुनः ।६ । वैश्वानरःप्रविशत्यतिथिर्ब्राह्मणो गृहान् । तस्यैतां शान्तिं कुर्वन्ति हर वैवस्वतोदकम् ।७।*

'पिताजी ! तपाईंले बताउनुभएको बिर्सेको छैन मैले । हाम्रो पुर्खामा कोही पनि असत्य बोल्ने मान्छे नै थिएन । सत्यवक्ता, सत्यकर्ता, सत्यधर्ता भन्नेमा प्रसिद्ध हो रे ! अनि अहिले पनि असत्यभाषी कोही छैन भन्नुहुन्छ । म हजूरकै छोरो हुँ । तसर्थ बढी माया नगरीकन मृत्युकहाँ जान मलाई आज्ञा दिनुहवस् ! हजूर नै भन्नुहुन्छः मायाले काया चल्दैन, यो त क्षणिक चीज हो, धान, गहूँ, मकै छरिन्छन्, उम्रन्छन्, मर्छन् । त्यस्तै नै काल-भगवान्का कृपाबाट सारा प्राणी बारम्बार जन्मन्छन्, मर्छन् । आफू सत्यधर्ममा अडेर ममतामा मलाई नराखी धर्मराजकहाँ जान दिनुहवस् ! आफूले नै सिकाइएका सत्यताका बुदाँहरू अनुसरण गरिरहेको छोरालाई पछुताउँदै उद्दालक मुनिले अनुमति दिए ।

आफ्नो भक्तिशक्ति र पिताको तपःशक्तिका प्रभावले ब्रह्मशक्तिमय नचिकेता यमद्वारसम्म सदेह नै पुगेर यमद्वारमा ढोका खुल्ने प्रतीक्षामा बसिरहे । यो कुरा यावद् जीवजगत्का प्रतिक्षणा र प्रत्येक कर्मको लेखा राख्ने चित्रगुप्त र कर्मफल-निर्णायक धर्मराजलाई प्रतिज्ञात भइसकेकाले 'आयुशेष भएका प्राणीलाई यहाँ प्रवेश मिल्दैन, यमदेव स्वीकार पनि गर्नुहुन्न

भनेर त्यस ब्राह्मणवटुलाई मनुष्यलोकतिर फर्काइदिनू' भन्ने धर्मादेशअनुसार आएका यमकिङ्करहरूलाई 'म यमराजकहाँ पुग्न खटिएको हुँ, वहाँसँग भेट गर्छु, तिमीहरू जे जेमा नियुक्त हौ त्यही त्यही गर !' भन्ने जबाफ दिएर धर्ना कसिरहे । ढोका कुरेर बसिरहेकाले पाउनासरह मानी सम्मानसाथ बेहान-बेलुकै भोजन ल्याइदिंदा पनि म पाहुना पनि हैन, यमदेवसँग नभेटी खान पनि खान्नँ भनेर अड्डी कसिरहे । तीन दिन तीन रात त्यसरी खानु न खुट्नु तपस्वी झैँ समाधिमा बसेका नचिकेताबाट प्रभावित दूतहरूले यमराजसँग गएर भने - 'धर्मराज ! स्वयं अग्नि नै ब्राह्मणरूप अतिथि भई आइपुगे जस्तै ठान्दछौं । हिजो बेलुकादेखि हामीसँग ऊ रिसाए जस्तै छ, बोल्न छोडिदियो । हजूर आफैंले पाद्यार्ध्य गर्नु पर्ने देखिन्छ । यो मनुष्यमाको ब्राह्मण, उसमाथि ब्रह्मचारी, सदाचारी अतिथिरूपमा भोकै पर्छ भने त्यस गृहस्थीको इच्छित प्राप्ति त त्यसै गुम्छ-गुम्छ, त्यसबाहेक सुसङ्गति, सुनृत, इष्टापूर्ति समेतका सब थोक (सर्वस्व) नै सखाप पारिदिन्छ' भन्ने नीति पनि छ । यसकारण 'रित्तै फर्काउन पनि उचित हुन्न कि,' भन्ने दूतहरूको आशय-निवेदनबाट मनमनै प्रसन्न बनेका यमदेव नचिकेतानेर पुगेर बोले:

*आशाप्रतीक्षे सङ्गतं सुनृतांश्चेष्टापूर्ते पुत्रपशूंश्च सर्वान् एतद् वृक्ते पुरुषस्याल्पमेधसो यस्यानश्नन् वसन्ति ब्राह्मणो गृहे ।८। तिस्रो रात्रिर्यदवात्सीर्गृहे मे नश्नन् ब्रह्मन्नतिथिर्नमस्यः । नमस्तेऽस्तु ब्रह्मन् स्वस्ति मेऽस्तु तस्मात्प्रतित्रीन् वरान् वृणीष्व ।९। शान्तसङ्कल्पःसुमना यथा स्याद्वीतमन्युर्गौतमो मात्मभिमृत्यो त्वत्प्रसृष्टं माऽभिवदेत् प्रतीत एतत्त्रयाणां प्रथमं वरं वृणे ।१०। यथा पुरस्ताद भविता प्रतीत औद्दालकिरारुणिर्मत्प्रसृष्टः । सुखं रात्रीःशयिता वीतमन्युस्त्वां ददृशिवान् मृत्युमुखात्प्रमुक्तम् ।११।*

हे ब्राह्मणपुत्र, नचिकेता ! तिमी मेरा ढोकामा आएर अग्निस्वरूप अतिथि बनेकाले मबाट नमनीय त छँदैछौ । त्यसमाथि तीन तीन रातसम्म अभोजी बनेर बस्नु चाहिं मेरो अपराधै बनेकोले त्यो अपराध क्षमा माग्दै मेरो कल्याण निम्ति तिमीलाई म तीन वर दिन खोज्दैछु, दिन्छु नै, म यमराज हुँ, सत्य बोल्दछु ! 'अनि नचिले भने -'मृत्युदेव ! तपाईं वर दिनुहुने नै हो भने मेरो पिता मेरो मृत्युचिन्ताबाट मुक्त र प्रसन्न मनका बनून् ! मलाई कालले फिर्त्याइएकोमा पत्यारसाथ सदाझैं कामकुरा गरून् !' अनि धर्मराजले भने -'तिमीले भने जस्तै मबाट फर्काइएका तिमीमाथि पत्यार गर्ने र सदाझैं व्यवहार गर्ने (तिम्रा पिता) बनून् ! सुखशान्तिले निश्चिन्त बनेर सुतून् ! लौ, तीन वरमा एक भो !' ।११।

*स्वर्गे लोके न भयं किञ्चनास्ति न तत्र त्वं न जरया बिभेति । उभे तीर्त्वाऽशनापिपासे शोकातिगो मोदते स्वर्गलोके ।१२। स त्वमग्निं स्वर्ग्यमध्ये मृत्यो प्रब्रूहितं श्रद्दधानाय मह्यम् । स्वर्गलोका अमृतत्त्वं भजन्त एतद द्वितीयेन वृणो वरेण ।१३। ब्रते ब्रवीमितदु मे निबोध स्वर्ग्यमग्निं नचिकेताःप्रजानन् । अनन्तलोकाप्तिमयो प्रतिष्ठाम् विध्दित्वमेनं निहितं गुहायाम् ।१४।*

नचिकेता -'हे यमराज ! स्वर्गलोकमा रोग, जरा, मृत्यु अर्थात् तपाईंकै पनि अधीनता चल्दैन । स्वर्ग पुगेको व्यक्ति भोक-तिर्खासमेतको पीरबाधा नलिई मानसिक दुःखसमेत नभोगी अमन्द आनन्दले समय बिताउँछन् रे ! हे मृत्युदेव ! तपाईं त्यो स्वर्ग साधनरूप अग्निको स्वरूप पनि जान्नुहुन्छ । यदि तपाईंले मलाई त्यो तत्त्व ज्ञान गराइदिनुभए स्वर्ग पुगेका यजमानहरू देवत्वमा मिल्न पुग्नेछन् । मलाई दोस्रो वरमा यही ज्ञान भए हुन्छ' ।

यमराज -'ठीक छ स्वर्गिक तत्त्वज्ञाता म तिमीलाई स्वर्गफलदायी अग्नितत्त्व पनि बताइदिन्छु, सावधानीसाथ सुन ! त्यो अग्नि विराटरूप संसारको आश्रय हो र त्यो विद्वान्हरूको बुद्धिरूपी गुहा (गुफा) मा साक्षीका रूपले बसिरहन्छ, यति अवश्य बुझ !

*लोकादिकमग्निं तमुवाच तस्मै या इष्टकायवतीर्वा यथा वा । चापि तत्प्रत्यवदद्यथोक्तमथास्य मृत्युःपुनरेवाहःतुष्टः ।१५। तमब्रवीत्पीयमाणो महात्मा वरन्तवेहाद्य ददामि भूयः । तवैव नाम्ना भवितायमग्निःसृङ्कां चेमामनेकरूपां गृहाण ।१६ । त्रिणाचिकेतस्त्रिभिरस्य सन्धिं त्रिकर्मकृत्तरति जन्ममृत्यू । ब्रह्मजज्ञं देवमीज्यं विदित्ववनिचाय्येमां शान्तिमत्यन्तमेति ।१७। त्रिणाचिकेतस्त्रयमेतद्विदित्वा य एवं विद्वांश्चिनुते नाचिकेतम् । स मृत्युपाशान् पुरतःप्रणोद्य शोकातिगो मोदते स्वर्गलोके ।१८। एष तेऽग्निर्नाचिकेतः स्वर्ग्यो यमवृणीथा द्वितीयेन वरेण । एतमग्निं तत्रैव प्रवक्ष्यन्ति जनासस्तृतीयं वन्नचिकेतो वृणीष्व ।१९।*

यमराजले नचिकेतालाई उच्च समस्त लोकका आदिकारण अग्नि, त्यसको चयन विधि र इष्टका (ईंट) हरू समेतको वर्णन गरे । उनको उपदेश सकिनासाथ नचिकेताले आफ्नो स्वभावअनुसार यमवाक्य सबै जस्तातस्तै दोहोऱ्याएर सुनाउँदा अतिप्रसन्न भई भने -'नचिकुमार ! अब म तिमीलाई अर्को थपुवा वरसमेत दिने भएँ । त्यो के भने - त्यो अग्नि तिम्रै नचिकेताको नाउँ 'नचिकेत'बाट प्रसिद्ध हुनेछ । यसबाहेक यो विचित्रमणिमाला पनि स्वीकार गर ! तीनपल्ट 'नचिकेत-अग्नि' को उपासना गर्ने विद्वान् तुरुन्तै कालपाशबाट मुक्त भई देहपातभन्दा पहिले नै मानसिक दुःखबाट छुट पाई विराट्को आत्मस्वरूप स्वर्गलोक प्राप्त गर्ने छ ।

अनि हे नचिकुमार ! तिमीले बुझेको दोस्रो वरको अग्नि नै नचिकेत अग्निलाई सम्पूर्ण लोकले चिन्नेछ । अब तिमी तेस्रो वरमा के माग्छौ भन !' अनि धर्मराजसित नचिकेताले भने -'हे धर्मदेव ! मरिसकेको मान्छेका बारेमा कोही भन्छन् 'शरीरहरू भन्दा फरक आत्मा भनिने चीज छ, हुन्छ', तर कोही भने 'केही पनि हुँदैन' । यस्तो वादावादले गर्दा हामीमा प्रत्यक्ष प्रमाणले पनि अनुमान प्रमाणले पनि आत्माको खास ज्ञान नहुने भो । अब म के चाहन्छु भने मलाई तेस्रो त्यो वरको रूपमा यही विज्ञानका अधीनमा परम-पुरुषार्थसमेत भएकाले हजूरले यो ज्ञान दिनै पर्छ मलाई ?

*देवैरत्रापि विचिकित्सितं पुरा न हि सुविज्ञेयमणुरेष धर्मः । अन्यं वरं नचिकेतो वृणीष्वमा मोपरोत्सीरतिमासृजैनम् ।२१। देवैरत्रापि विचिकित्सितं किलत्वञ्च मृत्योयन्न सुविज्ञेयमात्थ । वक्ता चास्य त्वादृगन्यो न लभ्यो नान्यो नरो तुल्य एतस्यकश्चित् ।२२। शतायुषः पुत्रपौत्रान् वृणीष्व बहून् पशून् हस्तिहिरण्य-मश्वान् । भूमेर्महदायतनं वृणीष्व, स्वयञ्च जीव शरदो यावदिच्छतिस ।२३। एतत्तुल्यं यदि मन्यसे वरं वृणीष्व वित्तं चिरजीविकाञ्च । महाभूमौनचिकेतस्त्वमेधि कामानां त्वां कामभाजं करोमि ।२४।*

हे नचिकुमार ! हे औद्दालकि ! यो कुरा त उहिले नै देवताहरूले पाउन खोजेको सूक्ष्म धर्म हो । यसको अणु मात्र पनि कसैले पाउन सकेन । तिमी अर्कै राम्रो वर छान ! तिमीले मागेको अन्य जुनसुकै वर दिन मलाई नरोक ! यो चाहिं मलाई नै छाडिदेऊ !' ।

नचिकेता -'हे धर्मराज ! हो, उहिले देववर्गले पनि सोधखोज गरिसकेको यही कुरा सहज नभएकै हो भने म त जतासुकै पनि थिनै प्रश्न लिएर चक्कराउने भएँ निरन्तर र पनि यसको उत्तरदाता त हजूरबाहेक अर्को कोही पनि त म भेट्टाउने भइनँ नि ! यसबाट त मुक्तिमोचनसमेत मिल्न सक्छ भने यसबराबरको वरदान अर्को छँदैछैन भने म बेथ्थैं किन अ-अर्काइ वरतिर झटारिइरहूँ हैं भगवन् ?' ।

यमराज -'हे नचि ! शत-शत-जीवी छोरा-नाति माग ! गाईवस्तुहरू असङ्ख्य माग ! हात्ती-घोडाका बगाल, सुन चाँदीका रासै रास, विस्तृत भूमण्डलको राज्य नै माग ! छोटो आयुलाई यत्तिका चीज किन ?' भन्छौ भने यी सब थोकसमेतको लम्बा आयु माग न ! तिमीलाई इच्छा लागेजति भोग्न सक्ने अपरिमेय सुखभागी तुल्याइदिइहाल्दछु नि म, लौ ! ।२१-२४।

*ये ये कामदुर्लभा मर्त्यलोके सर्वान् कामान्छन्दतः प्रार्थयस्व । इमा रामाः सरथाः सतूर्या नहीदृशा लम्बनीया मनुष्यैः । आभिर्मत्प्रत्ताभिःपरिचारयस्व नाचिकेतो मरणं मानुप्राक्षीः ।२५। श्वो भावामर्त्यस्य यदन्तकैतत्सर्वेन्द्रियाणां जरयन्ति तेजः अपिसर्वं जीवितमल्पमेव तवैव वाहास्तव नृत्यगीते ।२६ । न*

*वित्तेन तर्पणीयो मनुष्यो लप्स्यामहे वित्तमद्राक्ष्म चेत्त्वा । जीविष्यामो यावदीशिष्यसि त्वं वरस्तु मे वरणीयःस एव ।२७।*

'हे ब्राह्मणकुमार ! यस संसारमा चाहनेको चाह अनुसारै चीजहरू मिल्न त असम्भव जस्तै छ, दुर्लभ हुन्छ त्यो । तापनि सम्पूर्ण प्रकारका सुखभोग, आराम-सुबिधाका बाजागाजासमेतका सबारी र सुन्दरीहरू इच्छानुसार माग ! यस्ताउस्ता मानिसले भेट्टाउन सकिने नै होइन, त्यस्ता सब थोक मबाट पाई तिमी मालामाल बन्न सक्ने छौ, माग !' ।

नचिकेता -'हे यमदेव ! तपाईं त आज जुनसुकै पनि जतिसुकै पनि सुखैश्वर्यका समानहरू दिइदिहाल्नुहुन्छ हो, तर तीमध्ये कति त भोलि नै रहने हुन् वा नरहने हुन्, को भन्न सक्छ र ? भोगी इन्द्रियहरू नै पनि के के पो त हुन पुग्ने हुन्, के ठेगान र ? यी सुख सुन्दरी दिनुहुन्छ तपाईं हो, के त ती सबै इन्द्रियशक्ति-विनास्ने होइनन् ? तपाईंले दिन्छु भनिएकै लम्बाचौडा जिन्दगी सर्वलोकपितामहको भन्दा पनि लामो हुन्छ र ? त्यो पनि एकै दिने नै त हो ? अवश्यनाशी-अनर्थकारी नाचगान सबारी सुन्दरी तपाईंसितै रहन दिनोस् ! 'धनले पुग्यो' कुन मान्छेले भन्न सकेको छ र आजसम्म ? मैले तपाईं नै मेरो दायाँ भएपछि म अन्य समस्त वस्तुबाट भरिपूर्ण भइसकेको छु नि ! मैले आत्मविज्ञान पाए पाउने हो, नत्र त भैगो भगवन् ! ।२६ ।

*अजीर्यताममृतानामुमेत्य जीर्यन्मर्त्यःक्वधःस्थःप्रजानन् । अभिध्यायन् वर्णरतिप्रमोदानातिदीर्घ जीविते कोसुरमेत ।२८। यस्मिन्निदं विचिकित्सन्ति मृत्योर्यत्-साम्परराये महति नस्तत् । योऽयं वरो गूढमनुप्रविष्टो नान्यस्तस्मिन्नचिकेता वृणीते ।२९।*

अनि खास कुरा त भगवान् यमदेव ! अजर-अमर हुन पाउने तह वा ठाउँमा पुगिसकेर पनि जरा र मृत्युले गाँजिने झन तल्लो तहको सुखैश्वर्य र क्षणभङ्गुर थोत्रो जीवन मागेर को रमाउला, लौ त धर्मराज ? मान्छे मरेपछि त्यसको आत्मा के हुन्छ ? वा त्यो नै हुन्छ कि हुन्न ? भन्ने निष्कर्ष खुदै देवताहरू नै आजसम्म नपाइरहेका रहेछन् भने त्यो सन्देह जति निर्क्योल गरिदिने अत्यन्त गहन आत्मतत्त्वबाहेक मलाई त केही पनि चाहिन्न प्रभो ? म त माग्न पनि माग्दिनँ अरू थोक त ! ।'

**प्रथमः अध्याय, द्वितीयावल्ली**

*अन्यच्छ्रेयोऽन्युदुतैव प्रेयस्ते उभे नानार्थे पुरुषं सिनीतः । तयोःश्रेय आददानस्य साधु भवति हीयतेऽथ उ प्रेयो वृणीते ।१। श्रेयश्च प्रेयशमनुष्यमेस्तौ सम्परीत्यविविंनक्ति धीरः । श्रेयो हिधीरोऽभिप्रेयसो वृणीते प्रेयो मन्दो योगक्षेमाद् वृणीते ।२। स त्वं प्रियान् प्रियरूपांश्च कामानभिध्यायन्नचिकेतोऽत्यस्राक्षीः । नै तां सृङ्का वित्तमयीमवाप्तो यस्यां मज्जन्ति बहवो मनुष्याः ।३।*

श्रेय अर्थात् मोक्षतत्त्व हो भने प्रेय अर्थात् अविद्या अथवा ज्ञान र कर्ममा गभीर ज्ञान नचिकेता परिपूर्ण पाएर प्रसन्न भएका यमराज भन्छन् : यी दुवै नत्थिएका दुई चीज हुन् । मोक्षतत्त्वरूप ज्ञान अर्कै हो । सांसारकै बन्धनरूप कामना वा अविद्या अर्कै चीज हो । मोक्षकामी चाहिँ श्रेयरूप विद्या लिन्छ र कल्याणमार्गतिर लम्किहाल्छ, भने संसारबन्धनबाट ऊ छुटिहाल्छ, तर अदूरदर्शी विषयकामी चाहिँ अविद्यारूप प्रेयमार्ग छान्छ र त्यसैमा फनफनाइरहन्छ, भने संसारबन्धनको चक्रमार्गमै तँछाडमछाड गरिरहन्छ । हो, हे मुनिकुमार ! त्यसो त तिमी मर्त्यलोकले मन पराउने प्रिय मणिमालालाई नाशगामी भन्ने चिनी त्यागेर निक्कै वर विपत्तिमार्गको सीमै पारी आइपुगिसक्यौ र तिमी त -

*दूरमेते विपरीते विषूची अविद्या या च विद्येति ज्ञाता । विद्याभी-प्सिनन्नचिकेतसं मन्ये न त्वा कामा बहवो लोलुपन्तः ।४। अविद्यायामन्तरे वर्तमानाःस्वयं धीराः पण्डितं मन्यमानाः । दंन्द्रम्यमाणाः परियन्ति मूढा अन्धेनैव नीयमाना यथान्धाः ।५। न साम्परायः प्रेतिभाति बालम्प्रमाद्यन्तं वित्तमोहेन मूढम् । अयं लोको नास्ति पर इति मानी पुनःपुनर्वशमापद्यते मे ।६ ।*

विद्या र अविद्या, उज्यालो र अँध्यारो यी दुइटा परस्पर विरोधी तत्त्व हुन् । फल पनि त्यत्तिकै विरोधी श्रेय र प्रेय भनिएर प्रसिद्ध छन् । विषमभोग ( प्रेय) ले तिमीलाई वश पार्न सक्तैन, तिमीले चाहेको मोक्षमार्गबाट अब भँडाउन सक्ने केही छैन, तिमी पक्का मुमुक्षु बनिसक्यौ । विद्या अविद्याको दोधारमा रहेका मानिसहरू आफूलाई पण्डित हुँ भन्ने ठान्नेहरू अन्धाले हाँकिएको मूर्ख बालकलाई बौलाहा तुल्याइदिन्छ अर्थात् विषयरूप धन नै मेरो र म नै यसैको हुँ भन्ने मूर्ख परलोक भन्ने नै छैन, छ भन्ने प्रमाण के भनेर मान्ने चाहिँ बारम्बार मेरो फन्दामा पर्छ, जन्मदै मर्दै गरिरहन्छ । विषयलम्पट नै हुन् यमलोकी (नरकवासी) त' ।४-६।

*श्रवणायापि बहुभिर्यो न लभ्यःशृण्वन्तोऽपि बहवोयन्नविद्युः । आश्चर्यो वक्ता कुशलोऽस्य लब्धाश्चर्यो ज्ञाता कुशलानुशिष्टः ।७। न नरेणावरेण प्रोक्त एष सुविज्ञेयो बहुया चिन्त्यमानः । अनन्यप्रोक्ते गतिरत्रनास्त्यणीयान् ह्यतर्क्यमणु-प्रमाणात् ।८। नैषा तर्केणा मतिराप्नेया प्रोक्तान्येनैव सुज्ञानाय प्रेष्ठ । यान्त्वमापः सत्यधृतिर्वतासि त्वादृग् नो भूयान्नचिकेतःप्रष्टा ।९। जानाम्यहं शेवधिरित्यनित्यं न ह्यध्रुवैःप्राप्यते हि ध्रुवं तत् । ततोमया नाचिकेतश्चितोऽग्निरनित्यैद्रव्यैःप्राप्तवानस्मि नित्यम् ।१०।*

हे औद्दालिक । यस तत्त्वका विषयमा चर्चा सुन्न चाहने त ज्यादै कमता छन् । तिनमा पनि सुनेरै संस्कार नभएका चित्तका र भाग्य नभएकाहरू चाहिँ यसलाई बुझ्नै सक्तैनन् । यस्तै आत्मतत्त्वको उपदेश दिने गुरु भेट्टाउनै पनि कठिन हुन्छ, त्यस्तो गुरु हजारौंमा एक दुई जना मात्र भेटिन्छन् । कोही 'आत्मा छ' भन्छन् त कोही 'छैन' भन्छन् । कर्ता पनि 'छ' र 'छैन' भन्नेहरू छन् । कोही 'शुद्ध छ' भन्ने र 'अशुद्ध छ' भन्ने कोही छँदैछन् । आत्माबारे अनेक थरी वितण्डा सुरु गरिहाल्छन् । खास खास सूक्ष्मदर्शी आत्मतत्त्वज्ञले उपदेश नगरेसम्म त्यो तत्त्वज्ञान हुनै सक्तैन । आत्मतत्त्व अति सूक्ष्म ज्ञान हुनाले बुद्धिले गरिएको तर्कले त्यसलाई भेट्टाउने त कुरै भएन !

हे प्रिय ! तिमीलाई फुरेको बुद्धि सिर्फ तर्कका भरले फुरेको चाहिँ होइन, बरू शास्त्रीय तत्त्वज्ञानी आचार्यका सदुपदेशबाट खुलेको हो । तिमीलाई मिलेको बुद्धि सत्यात्मज्ञानको साधन बन्न सक्छ, मलाई अत्यन्त खुसी केले लागिरहेछ त भने मसँग तिमीले जस्तै प्रश्न गर्ने तत्त्वज्ञानी मिल्दै रहून् भन्ने ईश्वरसित प्रार्थना गर्दछु । खास खजाना मलाई के थाहा छ त भने 'खजाना' भनिने चीजै अनित्य वस्तु हो र पनि मैले अनित्यै अनित्य वस्तुहरू बटुलेर नै अनन्त समयसम्म त्यही अग्निको साधना गरेको हुँ, सिध्द गरेको हुँ, त्यहीलाई अब म 'नाचिकेताग्नि' भनी प्रसिध्दि दिलाउने हुँ । म प्रसन्न छु तिमीसित तत्त्वज्ञानी नचिकेता ! मैले यमपदवी पाएको कारण पनि मुख्यतः यही अग्निसिद्धि गर्न सकेकाले नै हो, लौ !' ।

*कामस्याप्ति जगतःप्रतिष्ठां क्रतोरानन्त्यमभयस्य पारम् । स्तोमं महदुरुगायं प्रतिष्ठां दृष्ट्वा धृत्या धीरो नाचिकेतोऽत्यस्राक्षीः ।११। तन्दुर्दर्शं गूढमनुप्रविष्टं गुहाहितं गह्वरेष्ठं पुराणम् । अध्यात्मयोगाधिगमेन देवं मत्वा धीरो हर्षशोकौ जहाति ।१२। एतच्छ्रुत्वा सम्परिगृह्य मर्त्यः प्रवृह्य धर्म्यमणुमेतमाप्य । स मोदते मोदनीयं हि लब्ध्वा विवृतं सद्म नचिकेतसं मन्ये ।१३। अन्यत्र धर्मादन्यत्रा-धर्मादन्यत्रास्मात्कृताकृतान् । अन्यत्र भूताच्च भव्याच्च यत्तत्पश्यसि तद्वद ।१४।*

मैले पाएको अमरपदबाट मेरो समस्त इच्छा पूर्ण भएको छ । समग्र जगत्को आश्रय बनेको छु, यज्ञको फल यसभन्दा बढ्ता के हुन्छ र ? मलाई अभयको परमपद मिलेको छ । समस्त प्राणी मेरो स्तुति गर्छन् । अणिमा आदि सिद्धिरूप ज्यादै ठूलो विभव मिलेको छ । यी सारा चीज म तिमीलाई पनि दिन्छु, तर तिमीले नै यस्ता समस्त वस्तुलाई त्यागिदियौ र आत्मतत्त्वलाई सर्वोत्तम तथा सर्वाधिक महत्त्ववान् भनी धीरता समाल्यौ । तिम्रो यस्तो अटल धैर्यको म त कति प्रशंसा गरूँ र ? वास्तवमा तिमी

सर्वश्रेष्ठ गुणी पुरुष हौ नचिकेता ! अनि अत्यन्त सूक्ष्मरूपको त्यो आत्मज्ञान अदृश्य छ, ज्यादै गहन छ, बाह्यपदार्थज्ञानले त भेटिनै सक्तैन, बुद्धिरूप गुफामा स्थिर रहन्छ, त्यस्तो दुर्गम बनेर चित्तलाई विषयहरूबाट थुतेर समाधिद्वारा आत्मवस्तुमा भेट्टाउन सकिन्छ भनी प्रयत्न गर्छ त ऊ हर्ष-शोक आदि द्वन्द्वबाट मुक्त हुन्छ ।

'हे नचिकेता ! अब म तिमीलाई परमानन्द निर्लेप मोक्षद्वार खोलै पारेर ब्रह्मतत्त्वरूप महामन्दिर झलझल पार्दै पर्खिरहेको आत्मतत्त्व उपदेश दिनेछु । तिमी मोक्षाधिकारी छौ !' -यमदेवबाट यति सुन्नासाथ नचिकेताले सोधे - 'धर्मराज ! यदि मलाई आत्मतत्त्व पाउन वा लिन योग्य ठान्नुहुन्छ तपाईं भने, मउपर खुसी पनि हुनुहुन्छ भने धर्मानुष्ठान र अधर्माचरणको फलभन्दा पल्लो अनि कार्य-कारण, भूत, भविष्यत् र वर्तमान् आदिभन्दा अलग्गै रूपको स्वच्छतम् ब्रह्मत्वको त खास ज्ञान तपाईं नै हुनुहुन्छ, दिनुहवस् !' ।११-१४।

*सर्वे वेदा यत्पदमामनन्ति तपांसि सर्वाणि च यद्वदन्ति । यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति तत्ते पदं सङ्ग्रहेणा ब्रवीम्योमित्येतत् ।१५। एत द्वयेवाक्षरं ब्रह्म एतद्वेयवाक्षरं परम् । एतद्वयेवाक्षरं ज्ञात्वा यो यदिच्छति तस्य तत् ।१६ । एतद्देवालम्बनं श्रेष्ठमेतदेवालम्बनं परम् । एतदेवालम्बनं ज्ञात्वा ब्रह्मलोके महीयते ।१७। न जायते म्रियते वा विपश्विन्नायं कुतश्चिन्न बभूव कश्चित् । अजोनित्यः शाश्वतोऽयं पुराणो न हन्यते हन्यमाने शरीरे ।१८।*

त्यसरी नचिकेताले भनेपछि यमराज बोल्नथाले - 'सबै वेदहरू त्यसैलाई पाउन यत्न गर' भन्छन्, त्यसैलाई भेट्टाउन तपस्या गरिन्छ, त्यही चीज उपलब्ध गर्न भनी गुरुकुलमा बसेर ब्रह्मचर्यपालन गरिन्छ, त्यही ब्रह्मतत्त्व तिमीलाई म सङ्क्षेपमा बताउँदैछु हे नचिकेता, लौ त सुन ! त्यो ब्रह्मतत्त्व आत्मा त 'ॐ' काररूप हो !

पर, अजर-निर्गुण, सगुण, सबैका लक्षित हुने ब्रह्म यही हो । अविनाशी ब्रह्म यही हो भन्ने मानेर जो उपासना गर्छ, ऊ त परमात्मा परब्रह्मलाई पहिल्याइहाल्छ । ब्रह्म प्राप्त गर्ने आलम्बनमा सर्वोत्तम आलम्बन हो यही नै भन्ने अठोट गरेर बढ्ने उपासक ब्रह्मलोकमा समेत महिमाशाली बन्न पुग्दछ । अर्थात् त्यस्तो तत्त्वज्ञ ब्रह्मकै बराबर पूज्य बन्दछ । सर्वदा चेतनस्वरूप रहने आत्मा जन्मदा पनि जन्मन्न, मर्दा पनि मर्दैन, त्यो सर्वज्ञ र सर्वव्यापक चीज हो, अनन्त र अव्यय हो, नित्य हो, नित्य हो र अक्षीण हो, त्यो आत्मा घटवत् पनि होइन, पटवत् पनि होइन, त्यो समग्र विकारबाट रहित छ, त्यसैले त्यसलाई पुराण भनिन्छ । अनि यस दृश्यजगत्मा भएका जति पनि स्थूल वस्तुहरू छन्, जति पनि जीवहरू छन्, ती सबका सब मार्दा मारिन्छन्, तर आत्मा मारिन्न, मर्दै मर्दैन, त्यो शाश्वत् हो ।१८।

*हन्ता चेन्मन्यते हन्तुं हतश्चेन्मन्यते हतम् । उभौ तौ न विजानीते नायं हन्ति न हन्यते ।१९। अणोरणीयान्महतोमहीयान्नात्माऽस्य जन्तोर्निहितो गुहायाम् । तमक्रतुःपश्यति वीतशोको धातुःप्रसादान्महिमान मात्मनः ।२०। आसीनो दूरं व्रजति शयानो याति सर्वतः । कस्तं मदामदं देवं मदन्यो ज्ञातुमर्हति ।२१।*

हे नाचिकेत ! जो व्यक्ति शरीरलाई नै आत्मा ठान्दछ त्यो व्यक्ति नै म आत्मालाई दुःख दिइरहेछु, आत्मालाई घात गरिरहेछु भन्ने ठान्छ । कुनै मरेको वस्तुलाई देखेर 'लौ, यसको आत्मा मरेछ' भन्ने मान्दछ । वास्तवमा यी दुवै थरी अज्ञानी, विकारहीन आत्मतत्त्वलाई चिनेकै रहेनछन् ती दुवैले । आत्मा त मर्ने वा मार्ने चीजै होइन । त्यो त अजरामर तत्त्व हो, वस्तुविशेष होइन । सूक्ष्मातिसूक्ष्म र स्थूलातिस्थूल त्यो ब्रह्म (आत्मा) देखि कीटसम्मका प्राणीको हृदयरूपी गुफाभित्र बस्दछ । अतः बाह्यजगत्बाट परतिर पुगिसकेको मनको निर्मलतम भावनाले मात्र आत्मदर्शन पाउँछ, आत्ममहिमा बुझ्दछ, आत्मा त वुढ्नु-घट्नु गर्दो रहेनछ भन्ने जान्न सक्तछ । त्यस्तो शक्ति भएपछि त्यस व्यक्तिलाई लाभ-हानिले गर्दा हुने हर्ष-शोक भन्ने नै हुन्न । थलामै बसी बसी दूर अतिदूर (ब्रह्मलोक) सम्म पुग्दछ र सुती सुती आत्माका बाहिरी साधन यिनै इन्द्रियहरूसम्म पनि घुमिदिइरहन्छ भने यसरी सर्वत्र गतिशील आत्मतत्त्वलाई मबाहेक अरू को बुझ्न सक्छ र त ? ।२१।

*अशरीरं शरीरेष्वनवस्थेष्ववस्थितम् महान्तं विभुमात्मानं मत्वा धीरो न शोचति ।२२। नायमात्मा प्रवचनेन लभ्यो न मेधया न बहुना श्रुतेन । यमेवैष वृणुते तेन लभ्यस्तस्यैष आत्मा वृणुते तनूं स्वाम् ।२३। ना विरतो दुश्चरितान्नाशान्तो नाशमाहितः । नशान्तमानसो वापि प्रज्ञानेनैनमाप्नुयात् ।२४। यस्य ब्रह्म च क्षेत्रं च उभे भवत ओदनम् । मृत्युर्यस्योपसेचनं क इत्था वेद यत्र सः ।२५।*

देवतादेखि मानिससम्मका शरीरमा व्यापक रहेरसमेत अशरीरी भनी प्रसिद्ध, नित्य निर्विकार आत्मालाई दृढभावले बुझ्ने बुद्धिमान् व्यक्ति काहिल्यै शोकसन्तप्त बन्दैन । यो आत्मा त वेदका पङ्क्ति पढ्दैमा भेट्टाइने वस्तु होइन, ग्रन्थहरूको व्याख्या आदि गर्न सक्तैमा भेट्टाइने पनि होइन, वेद-वेदान्तका अतिरिक्त अन्य ग्रन्थादिका उपदेश सुन्नु जान्नुले पनि भेट्टाइन्न । तापनि साधक आपना आत्माद्वारा पुनीत भावले उही परम पवित्र आत्मतत्त्वलाई साक्षात्कार गर्न चाहन्छ भने त्यो आत्मतत्त्व स्वतःउसमा प्रकाशित भइदिन्छ । पापकर्म गर्न त परै रहोस् ! सोचे मात्र पनि शान्ति गुम्दछ, इन्द्रिय अस्थिर भइहाल्छ भने त्यस्तो पापकर्ममा लाग्ने मान्छेको चित्त अनवस्थित रहन्छ, चित्त-चाञ्चल्यले गर्दा इन्द्रियहरू विषयमा निमग्न रहन्छन् अनि त्यस्ता मानिस आत्मज्ञान कसरी पाउँछन् र ? अवस्थित चित्तका व्यक्तिको इन्द्रिय स्थिर र वशवर्ती हुन्छन्, ती व्यक्ति शान्त मनले गर्दा उत्तम गुरु पनि परम ज्ञान पनि पाएर त्यसकै आडमा संसारको व्यवहारको निम्ति धर्माधर्म निरूपणार्थ ब्राह्मण र पालनार्थ क्षत्रिय आदि हिरण्यगर्भ र प्रकृतिरूप समस्त संसारै संघार पार्ने मृत्युसमेत पनि त्यही आत्माको भोजनका निमित्त दाल तरकारी दही दूध साग-अचारसरह सितन बन्दछ, त्यस्तो चिदानन्दस्वरूप बनेर आत्मतत्त्वलाई सामान्यमतिको मानिस कसले भेट्टाउन सकेको छ र ? अर्थात् कोही पनि त्यसलाई भेट्टाउन्न अपितु पवित्र साधक भएकै व्यक्तिले मात्र आत्मतत्त्व भेट्टाउँछ, नचिकेता ! ।२५।

**प्रथम अध्याय, तृतीयावल्ली**

*ऋतं पिबन्तौ सुकृतस्य लोके प्रविष्टो परें परार्ध्दे । छायातपौ ब्रह्मविदो वदन्ति पञ्चाग्नयो ये च त्रिणाचिकेताः ।१। यः सेतुरी जानानामक्षरं ब्रह्म यत्परम् । अभयं तितीर्षतां पारं नाचिकेतं शकेमहि ।२। आत्मानं रथिनं विध्दि शरीरं रथमेव तु । बुद्धिं तु सारथिं विद्धि मनःप्रग्रहमेव च ।३। इन्द्रियाणि हयानाहु र्विषयांस्तेषु गोचरान् । आत्मेन्द्रियमनोयुक्तं भोक्तेत्याहुर्मनीषिणः ।४।*

आफूले गरिएका कर्मफल भोग्दै ती दुवै जीव र परमात्मालाई यसै लोक (शरीर) मा नै बुद्धि (गुफा) मा देख्न पाइन्छ । यी दुइटै परमोत्तम हृदयाकाशमा पसेका घाम र छाया झैं परस्पर-विरोधी धर्मका हुन् । प्रत्यक्ष भोग्ने जीव र उसकै साक्षी बनेकाले नभोगे पनि मतियारसरहको देखिने परमात्मा छ । जीव सांसारिक हो भने निरन्तर झैं परमोत्तम हृदयाकाशभर रमण गरूञ्जेलसम्म साथ रहने परमात्मा चाहिं असांसारिक हो, अविषयी हो, अभोक्ता हो । तीन पल्टसम्म श्रेयाग्नि (नाचिकेत-अग्नि) को अनुष्ठान गरिसकेका ब्रह्मज्ञानीहरू पनि यसै भन्छन् । त्यो अग्नि कर्मकर्ता यजमानहरूलाई दुःखसागरबाट पार तारिदिन्छ, पुलको रूपमा छ, त्यसलाई चिन्न त हामी पो सक्तछौं त । निर्भय भई संसाररूप सागरपार हुन चाहने (मुमुक्षु) ब्रह्मज्ञानीहरूको अवलम्बनरूप अविनाशी ब्रह्मलाई पनि हामीले बुझेको छौं । तसर्थ हाम्रो अधिकारअनुसार हामीले यी दोटैको ज्ञान हासिल गर्नैपर्छ ।

'हे ब्रह्मचरीवटु ! संसारी कर्मफलभोक्ता आत्मालाई रथी, शरीरलाई रथ, इन्द्रियलाई घोडा, अठोट्लाई बुद्धिरूपसारथि, सङ्कल्प-विकल्पलाई लगाम

सम्झ त ! अनि तिमी बुझने छौः यस्तो रथ र रथीको कल्पना गर्ने चतुर व्यक्ति (मनीषी) हरू आँखाकान आदि इन्द्रियहरूलाई बग्गी हाँक्ने घोडा भन्छन् । यी इन्द्रियहरू दगुर्न पाउने मार्गरूपी सहरहरू विषयसुख हुन् । यसर्थ शरीर, इन्द्रिय र मनसमेत भएको आत्मा नै भोक्ता हो, शरीररूपी रथको स्वामी र अधिष्ठाता हो । सबै ज्ञानीहरू यसै भन्छन्: सिर्फ एक्लो आदिद्वारा गरिएका क्रियाकर्महरू मात्र भोक्तापनमा पर्दछन् । यसैले त्यस आत्मालाई अप्रत्यक्ष भोक्ता मान्नुपरेको हो । कारण, जीवात्माले भोग गरिरहँदासम्म त त्यो जतिसुकै निर्लेपरूपमा रहेको भए पनि सँगसँगै थियो, साथी थियो र जे रूपको रहे पनि मतियार त थियो नि ! ।१-४।

*यस्त्वविज्ञानवान् भवत्ययुक्तेन मनसा सदा । तस्येन्द्रियाण्यवश्यानि दुष्टाश्वाखि सारथेः ।५। यस्तु विज्ञानवान् भवति युक्तेन मनसा सदा । तस्येन्द्रियाणि वश्यानि सदश्वा इव सारथेः ।६ । यस्त्वविज्ञानवान् भवत्यमनस्कः सदाऽशुचिः । न स तत्पदभाप्नोति संसार चाधिगच्छति ।७। यस्तु विज्ञानवान् भवति समनस्कः सदा शुचिः । स तु तत्पदमाप्नोति यस्माद्भूयो न जायते ।८। विज्ञानसारथि र्यस्तु मनः प्रग्रहवान्नरः । सोऽध्वनःपारमाप्नोति तद्विष्णोःपरम पदम् ।९।*

त्यस व्यक्तिको बुद्धिरूप सारथि चतुर भएन भने प्रवृत्ति र निवृत्ति मार्गको विवेक गर्न नसक्ने भो भने असावधान मनले गर्दा अविवेकी छ भन्ने थाहा पाएका सारथिका उत्ताउला घोडाहरू झैं अननुशासित भइहाल्छन् अर्थात् विषयपथतिर पैयां छाडिसकेका घोडालाई फर्काएर सुमार्गमा कुदाउन कठिनै पर्छ । यदि बुद्धि नाउँको सारथि चतुर छ, उसले राम्ररी लगाम (मन) कसेको छ भने त ऊ दशै थरी घोडालाई विषयरूप (परिणाम दुःखावहरूप) बाटाबाट सतर्कताका साथ (प्रवृत्तिमार्गबाट उतारेर) राम्रैसँग सुमार्गमा (निवृत्ति मार्गतिर) झन छिट्टो दगुराउन सक्छ । किन त भने अविवेकी मनको यात्री सधैं नै अपवित्र हुन्छ र ब्रह्मपद गुमाउँदै गएर विषयनगरी (संसार) मै मुछिन, धस्सिन र भास्सिन पुग्दछ, तर विवेकी, सदाशुचि र सावधान पुरुष चाहिं सुपथबाट निर्बाधरूपले आफ्नो रथ उडाएर आज्जु (ब्रह्मपद) भेट्टाइहाल्छ । आज्जु भेट्टाएपछि विषयै विषयको अनगिन्ती धापहरूले भरिभराउ यस संसारमा फेरि बारम्बार मर्नु र जन्मनु गर्न आइपुग्नै पर्दैन, आउँदैन । विज्ञानरूप सारथि भएको सवार (रथी) ब्रह्मयात्री त संसारमार्ग ( भवसागर) पार भएर परमपदमा पुगिहाल्छ ।५-९।

*इन्द्रियेभ्यःपराहार्या अर्थेभ्यश्च परम मनः । मनसश्च परा बुद्धि र्बुध्देरात्मा महान् परः ।१०। महतः परंव्यक्त मव्यक्तात्पुरुषःपरः । पुरुषान्नपरम किश्चित्सा काष्ठा सा परा गतिः ।११। एष सर्वेषु भूतेषु गूढोऽत्मा न प्रकाशते । दृश्यते त्वग्र्‍याबुद्धया सूक्ष्मया सूक्ष्मदर्शिभिः ।१२। यच्छेद्वाङ्मनसि प्राज्ञस्तद्यच्छेच्छान्त आत्मनि ।१३। यत्तिष्ठत जाग्रत प्राप्य वरान्निबोधत । क्षुरस्य धारा निशिता दुरत्यया दुर्गं पथस्तत्कवयो वदन्ति ।१४।*

विषयहरू अवश्य नै इन्द्रियहरूभन्दा श्रेष्ठ हुन् । ती विषयलाई यथोचित कार्यमा लगाउने मन ती भन्दा श्रेष्ठ हो । मनभन्दा श्रेष्ठ बुद्धि हो र बुद्धिभन्दा श्रेष्ठ आत्मा हो । अर्थात् अव्यक्तबाट जेठोरूपमा उब्जेको र बुद्धि आदि सबको नियन्त्रकरूपको सूत्रात्मा सर्वश्रेष्ठ हो, बोधरूप पनि । त्यस समूहका आत्मेतर अरू अबोधरूप हुन् । त्यसै गरी महान्भन्दा अव्यक्त श्रेष्ठ हो भने अव्यक्तभन्दा श्रेष्ठ पुरुष हो र पुरुषभन्दा पर वा श्रेष्ठ केही पनि छैन, हुन्न । अब त्यस पुरुषभन्दा पनि पर वा श्रेष्ठ अर्को केही छ कि भन्ने प्रश्न गर्छौ भने हो, त्यसभन्दा पर (श्रेष्ठ) काष्ठा अर्थात् समाप्ति छ, त्यसलाई कति विद्वान् परकाष्ठा पनि भन्छन् । अब अझै खोज्छौ भने परकाष्ठाभन्दा पर वा ठूलो गति छ । गति सर्वप्रधान हो । सर्वप्रधान भएकोले त्यसैलाई परंगति भन्दछन् सबै । यस्तो रूपको आत्मा समग्र प्राणीभित्रपट्टि अदृष्ट बनेर बस्छ, प्रकाशमा त आउँदै आउन्न । त्यस्तरी लुकेर रहने भए पनि सूक्ष्मदर्शी साधकहरूको एकाग्रतर सूक्ष्मबुद्धिद्वारा देखिन पुग्दछ । अर्थात् 'परंगति' को नामको त्यो परमात्मा भए जति प्राणीजातिमा विराजमान भएर पनि तिनीहरूबाटै समेत गुप्त रहने हुनाले अदृष्ट भनिएको हो । चर्म (इन्द्रिय आदि) चक्षुले नदेखिने र विवेक, बुद्धि आदिले देख्न पाइने हो त्यो परमात्मा ।

'मुनि ब्राह्मण ! विवेकी साधक पुरुषहरू पवित्र निरीह निर्मल एकाग्रतापूर्ण सूक्ष्मतम बुद्धि लगाएर दर्शन गर्न पाइने त्यस परमात्मालाई बुद्धिमान्हरू पाएरै छाड्छन् । कसरी त भने त्यस्तो सदसद्विवेक भएको बुद्धिमान् व्यक्ति कायेन मनसा वाचा भए जति इन्द्रियहरूलाई मनकै अन्तर्गत तुल्याई अडाइदेओस् ! त्यसरी नान्यगति भएको मनलाई भित्र घुसाइदिएर अर्थात् त्यो बुद्धिज्ञानरूप हो भन्ने पक्का गरेर त्यसकै अङ्ग (मनलाई) मानी, त्यस बुद्धिलाई महात्मा, मायोपाधिक जीवात्मा, हिरण्यगर्भमा मिलाएर अनि प्रशान्त, निर्विकारी, सर्वान्तर्यामी, सर्वसाक्षी परमात्मासँग पुऱ्याई त्यहीं अन्तर्लीन पारिदेओस् ! अर्थात् एकाकार तुल्याओस् ! हे मुमुक्षु प्राणी हो ! त्यसरी मिथ्याज्ञानले गर्दा फैलिएका विभिन्न नामका कर्महरूलाई आत्मपुरुषमा विलीन तुल्याएर मानिस परमशान्त पनि कृतकृत्य पनि हुनपुग्छ । आफू अविद्यारूप निद्राबाट अर्थात् विषयशक्तिबाट जागृत बन ! निद्रारूप आसक्तिबाट बिउँझ, उठ ! तत्वज्ञानी आचार्य गुरुहरूका तात्विक उपदेश लिएर सर्वान्तर्यामी परमात्मालाई 'अहमस्मि-सोऽहमस्मि' भनेर ठम्याऊ ! श्रुतिदेवी तिमीहरूलाई बारम्बार के भन्दै छिन् भने 'तिमीहरूले जान्नुभन्नु पर्ने विषय ज्यादै सूक्ष्म बुद्धिले मात्र भेट्टाउन सकिन्छ । छुराको धारमा नाच्नु जस्तै तत्त्वलाई भेट्टाउनु पनि हो । बुद्धिमान्तहरू यसै भन्छन् ।१५।

*अशब्दमस्पर्शमरूपमव्ययं, तथा रसं नित्यमगन्धवच्च यत् । अनाद्यनन्तं महतःपरंध्रुवं, निचाय्य तन्मृत्युमुखात्प्रमुच्यते ।१५। नाचिकेतमुपाख्यानं मृत्युप्रोक्तं सनातनम् । उक्तवा श्रुत्वा च मेधावी ब्रह्मलोके महीयते ।१६ । य इमं परं गुह्यं श्रावयेद् ब्रह्मसंसदि । प्रयतःश्राद्धकाले वा तदोनन्त्याय कल्पते । इति ।१७।*

हे बालयोगी मुनिः त्यो आत्मतत्त्व त शब्दरहित छ, स्पर्शरहित छ, रूपरहित छ, क्षुतिरहित छ, रसरहित छ, नित्य छ, गन्धरहित छ, आदि र अन्त रहित छ, महतत्त्वभन्दा पनि पर (महान्) छ एकरसा छ, हो भन्ने बुझेर ज्ञान लिएर मात्र साधक (मुमुक्षु) मृत्युका मुखबाट (कालको आहारा हुनुबाट) बच्न सक्तछ । भवसागरबाट पार तर्न सक्छ, मुक्त हुनसक्छ । बुद्धिमान् व्यक्ति यमराजले नाचिकेतालाई बताएको यो उपाख्यान सुन्न जान्न पाएर सीधै ब्रह्मलोक जान्छ । जहीं पनि त्यस्तो साधकको विशेष सम्मान हुन्छ । जो व्यक्ति यो अत्यन्त गुह्य ब्रह्मज्ञान ब्राह्मणहरूको समाजमा वा श्राद्धकार्यमा इन्द्रियहरूलाई एकत्वमा लगाएर सुनाउँछ, भने त्यो श्रावक पनि श्राद्ध पनि अनन्त फल भोक्ता वा अनन्तफलदायी मानिन्छ ।१७।

**द्वितीय अध्याय, प्रथमावल्ली ।**

*प्रथमावल्ली - पराञ्चि खानि व्यतृणात्स्वयम्भूस्तस्मात्पराङ् पश्यति नान्तरात्मन् । कश्चिध्दीर प्रत्यगात्मानमक्षदावृत्तचक्षुरमृतत्त्वमिच्छन् ।१। पराचः कामाननुयन्ति बालास्ते मृत्यो र्यन्ति विततस्य पाशम् । अथ धीरा अमृतत्त्वं विदित्वा ध्रुवमध्रुवेष्विह न प्रार्थयन्ते ।२। येन रूपं रसं गन्धं शब्दान् स्पर्शांश्च मैथुनान् । एतेनैव विजानाति किमत्र परिशिष्यते । एत द्वैतत् ।३। स्वप्नान्तं जागरितान्तं चोभौ येनानुपश्यति । महान्तं विभुमात्मानं मत्वा धीरो न शोचति ।४।*

परमात्माले परमपदतिर मोहोडा नभएका यी इन्द्रियहरूलाई बनाइदिएर अन्यायै गरेका हुन् । किन भने यी सारा इन्द्रिय बहिर्मुखी भइदिएकाले बाहिरतिरका काममा तत्पर भइरहन्छन् । त्यसै कारण अन्तरात्माको गतिविधि र स्थितिबारे यी केही पनि जान्दैनन् । यी जे जति पनि गर्छन् आफ्नै काम मात्र गर्छन् । अनि बाह्य दृष्टि र बाह्य गति मात्र भएका यी इन्द्रियहरू

आफू पनि बाहिरी (सुख भोग) मा मग्नमस्त रहन्छन्, भित्र (आत्मा) तिर त मति-गति नै पुग्न पाउँदैन । अन्तर्मुख भए पो त मुक्ति मिल्नु त ! इन्द्रियहरूको स्वभावै बहिर्मुखी हो । बहिर्मुख इन्द्रियहरूलाई आत्मातत्त्वको ज्ञान हुँदै हुन्न । पराङ्मुख भएकैले विषयभोगतिर दृष्टि दिन्छन्, अन्तरात्माको दर्शन पनि पाउन सक्तैनन् । उता विवेकशील मुमुक्षुहरू परमात्मा (मुक्ति) पाउने दृष्टि (इच्छा)ले इन्द्रियहरूलाई विषयोपभोगबाट फर्काएर सर्वाधार सर्वात्मा परमेश्वरको दर्शन पाउँछन्, मुक्तिपदमा पुग्छन् ।

मन्दमतिहरू आत्मपदर्शनबाट पराङ्मुख छन् । सबै बाह्यविषयमै मारामारी गर्छन् र मृत्युचक्रमै रिङिरहन्छन् । जन्म, मरण, जरा, व्याधि आदि अनगिन्ती अनर्थ भरिभराउ भएका देह-इन्द्रिय आदिको संयोग-वियोगको स्थितिमा घुम्दाघुम्दै कल्पकल्प गुजार्छन् । यसर्थ अनित्य पदार्थहरूलाई लत्याई मोक्षतत्त्व पाउन विद्वान्हरू कसिन्छन् । त्यस तत्त्वलाई बुझेपछि अन्य कुनै वस्तुको पनि अभिलाषा राख्दैनन् । त्यो महत्त्वपूर्ण तत्त्व चिन्न समस्त प्राणी आत्माद्वारा नै रूप रस गन्ध स्पर्श, मैथुन आदि सुखानुभवकारी वस्तुहरू भरिभराउ नभएको वस्तु त यस संसारमा कुनै पनि छैन । यस्ता सब कुरा स्पष्ट देख्ने र जान्ने आत्मा भएको विद्वान् व्यक्ति त्यही विश्वव्यापक घटघटवासी आत्मालाई 'अहमस्मि-म छु, मैं हुँ' भन्ने भावले भेटेर संसारमा रँगाउने शोकादिबाट मुक्त हुन्छ ।

*य इमं मध्वदं वेद आत्मानं जीवमन्तिकात् । ईशानं भूत भव्यस्य न ततो वै जुगुप्सते । एतद्वैतत् । य पूर्वन्तपसो जातमद्भ्यःपूर्वमजायतःगुहां प्रविश्य तिष्ठन्तं यो भूतेभिर्व्यपश्यते । एतद्वै तत् ।६। या प्राणेन सम्भवत्यदिति र्देवतामयी । गुहां प्रविश्य तिष्ठन्तीं या भूतेभिर्व्यजायत एतद्वैतत् ।७। अरण्योनिहितो जातवेदागर्भ इवसुभृतो गर्भिणीभिः । दिवे दिव ईड्यो जागृवद्भिर्हविष्मद्भिर्मनुष्येभिरग्निः । एतद्वैतत् ।८।*

जो मान्छे कर्मफलभोक्ता इन्द्रिय आदिको आत्मालाई गहिरिएर यही नै त्रिकालस्वामी हो भनेर बुझिजानिसकेको अनुभवी हुन्छ, त्यो मान्छे फेरि त्यस आत्मालाई फेरि (त्यसपछि) बचाउ गर्न चाहन्न । अर्थात् देह र देहीको रक्षक जीवात्मालाई यो यत्तिकै रहेछ भनेर चिनिबुझिसकेपछि मनीषी मुमुक्षु त्यसलाई बचाउन खोज्दैन, बस्, आत्मज्ञान भनेकै त्यही हो । जो पानी तत्त्वभन्दा पनि पहिले नै जन्मियो, पहिले नै तपोभूत ब्रह्मबाटै उत्पन्न भएथ्यो र गुफामा पसेर (पञ्चभूतादिका साथ बसिरहेको नै देखिन्छ, बस्, त्यही देखिएको वा त्यसरी मात्र देखिने तत्त्व नै ब्रह्मतत्त्व हो, आत्मतत्त्व हो पक्कै नै, बस् त्यसरी त्यस मुमुक्षुले देखेको आत्मतत्त्व वा हिरण्यगर्भ वा ब्रह्मतत्त्व नै खास ब्रह्म हो । जो समग्र देवस्वरूप छ, हिरण्यगर्भरूप वा प्राणस्वरूपबाट उत्पन्न हुन्छ, जो पञ्च महाभूतहरूसित नै देखिन आइरहेको छ, जो शब्द आदि विषयहरूलाई खाइदिनाले (अदन भोग) अदिति मानिन्छ, जो प्राणीमात्रको हृदयाकाशमा घुसेर बसिरहन्छ, त्यस्तो कारणस्वरूप ब्रह्म जो मुमुक्षु देख्छ, त्यही देखिएको तत्त्व निश्चय नै ब्रह्म हो, त्यही आत्मतत्त्व हो । जसरी दोजियाहरू आफ्ना आन्तराग्निलाई जगाउँदै (आफ्ना भोजनका सारले भराउँदै गर्भलाई सुरक्षित राख्दछन्, जागृत राखिछाड्छन्, त्यसै गरी हविष्मान्हरूले प्रतिदिन, प्रत्यवधि यज्ञाग्नि जगाएर स्तुत्य, प्रशंस्य, समादरणीय तुल्याइने जुन तत्त्व हो । हो त्यही नै आत्मा हो, आत्मतत्त्व हो, आत्मत्त्व हो, ब्रह्म हो ।४-८।

*यतश्चोदेति सूर्योऽस्तं यत्र च गच्छति । तं देवाःसर्वे अर्पितास्तादद्ध नात्येति कञ्चन । एतद्वैतत् । यद्देवेह तदमुत्र यदमुत्र तदन्विह । मृत्योःसमृत्यु-माप्नोति य इह नानेव पश्यति ।१०। मनसैवेदमाप्तव्यं नेह नानास्ति किञ्चन । मृत्योः स मृत्युङ्गच्छति य इह नानेव पश्यति ।११। अङ्गुष्ठमात्र पुरुषो मध्य आत्मनि तिष्ठति । ईशानोभूतभव्यस्य न ततो विज्ञ गच्छति । एतद्वै तत् ।१२।*

हे नाचिकेता ! जहाँबाट सूर्य उदाउँछन्, जहाँ (पुगेर) अस्ताउँछन्, त्यस ठाउँमा भएभरका देवताहरू अटाउँछन् । बस्, त्यही नै हो त्यो ब्रह्म । जुन कुरा यहाँ छ, त्यही कुरा वहाँ पनि छ, यहाँकाको बारेमा नाना थरी नाउँ र काम जोडिएको छ, हो त्यो नासिन्छ, त्यो नाना थरी नै मृत्युको मुखमा घुस्छ, अनि बाँकी रहे जति मात्र त्यो हो । अर्थात् त्यो 'बाँकी' कहिल्यै मर्दैन । ब्रह्म त यहाँ र उहाँको एउटै हो, हो । पवित्र मनले मात्र त्यस (ब्रह्म) लाई भेट्टाइने हो । त्यसबाहेक यहाँ अरू केही छैन । जो अरू वा अर्को वा अर्को छ भन्छ, त्यो पनि छ भन्ने पनि मर्छ, अनि जो अर्को होइन, त्यही मात्र बह्म हो, अभेदमात्र हो बह्मतत्त्व त ! एउटा बूढी औंलो( अङ्गुष्ठ) जत्रो चीज (पुरुष) हाम्रो भित्र कताकता व्याप्त रूपमा बस्दछ र त्यही नै भूत-भविष्यत् सबलाई नियत्रण गर्दछ, सबै थोकको नियामक पनि उही हो, ब्रह्मतत्त्व त्यही हो ।१२।

*अङ्गुष्ठमात्र पुरुषो ज्योर्तिरिवाधूमकः । ईशानो भूतभव्यस्य स एवाद्य स उ श्वः । एतद्वैतत् ।१३। यथोदकं दुर्गे वृष्टपर्वितेषु विधावति । एवं धर्मान् पृथक् पश्यंस्तानेवानुधावति ।१४। यथोदकं शुध्दे शुद्धमासिक्तं तादृगेव भवति । एवं मुने र्विजानत आत्मा भवति गौतम ! ।१५।*

बूढी औंलाबराबरको त्यो पुरुष धूवाँ नभएको ज्योति जस्तो छ, त्यही भूत र भविष्यत्को हर्ताकर्ता पनि हो र त्यो अहिले पनि अवस्थित छ । त्यही नै भोलि पनि हुनेछ, बस् त्यही नै ब्रह्मतत्त्व हो । जसरी पर्वतीय उच्च शिखरमा पानी छरिँदै बर्सन्छ र यत्रतत्र भएर बिलाउँछ, त्यसरी नै धर्मलाई अलग अलग देख्ने त्यसकै पछि पछि लाग्दै अनन्त संसारमा बिलाउँछ । अर्थात् छुट्टाछुट्टा आत्मा ठान्ने मूर्ख पनि तिनै 'छुट्टाछुट्टै' को पछि लाग्दै (अनुकरण गर्दै) अनेकत्यमा छरिएर हराउँछ, चौरासीलाख योनिमा चक्कर मारिरहन्छ, कैवल्यपद त पाउँदै पाउँदैन । जस्तो शुद्ध पानी शुद्ध स्थानमा पर्दा शुद्ध नै रहन्छ, मुनिको आत्मा पनि त्यस्तै निर्मल रहन्छ, गौतमबाबु ! ।१५। (क्रमशः) ००

शब्दार्थ प्रकाशन
चावेल,गणेशस्थान, काठमाडौं फोनः ०१-४४९७३५१, ९८४१४९६१०३
उपनिषत्सङ्ग्रह
www.nepalipublisher.com
विधाकेन्द्रित साहित्यिक पत्रिका
वैजयन्ती